# नेपाली लोकविश्वासमा बलिप्रथाको सांस्कृतिक अध्ययन

मनोज लिम्बू

नेपाली विभाग
भाषा तथा साहित्य सङ्काय
सिक्किम विश्वविद्यालय

सिक्किम विश्वविद्यालयको भाषा तथा साहित्य सङ्कायअन्तर्गत नेपाली विषयका

पाठ्यक्रममा रहेको एमफिल परीक्षाको

आंशिक परिपूर्तिका लागि प्रस्तुत

लघु-शोधप्रबन्ध

फरवरी २०१५

# नेपाली लोकविश्वासमा बलिप्रथाको सांस्कृतिक अध्ययन

सिक्किम विश्वविद्यालयको भाषा तथा साहित्य सङ्कायअन्तर्गत नेपाली विषयका

पाठ्यक्रममा रहेको एमफिल परीक्षाको

आंशिक परिपूर्तिका लागि प्रस्तुत

लघु-शोधप्रबन्ध


शोध निर्देशक
**बलराम पाण्डे**
**सहायक प्रध्यापक**
नेपाली विभाग
तथा साहित्य सङ्काय
सिक्किम विश्वविद्यालय

शोधार्थी
**मनोज लिम्बू**
एमफिल 13MPNP04
नेपाली विभाग भाषा
सिक्किम विश्वविद्यालय


फरवरी २०१५

फरवरी २०१५

लिम्बू मनोज

सिक्किम विश्वविद्यालयको भाषा तथा साहित्य सङ्कायअन्तर्गत नेपाली विषयका

पाठ्यक्रममा रहेको एमफिल परीक्षाको

आंशिक परिपूर्तिका लागि प्रस्तुत

लघु-शोधप्रबन्ध

# प्रतिवद्धतापत्र

सिक्किम विश्वविद्यालयको भाषा तथा साहित्य सङ्कायअन्तर्गत नेपाली विभागमा एमफिल उपाधिका लागि प्रस्तुत *नेपाली लोकविश्वासमा बलिप्रथाको सांस्कृतिक अध्ययन* शीर्षक यो लघुशोध मैले शोधनिर्देशक प्रा. बलाराम पाण्डेको निर्देशनमा रहेर सम्पन्न गरेको पूर्णतः मौलिक शोधकार्य हो । मैले यो लघुशोधप्रबन्ध लेखनको क्रममा विभिन्न स्रोतबाट सामग्री सङ्कलन गरी तिनको उपयोग गरेको छु र त्यसप्रति कृतज्ञ पनि छु । यस लघुशोधप्रबन्धको समष्टि निष्कर्षलाई मैले यसअघि कुनै पनि उपाधि अथवा अन्य प्रयोजनका लागि प्रस्तुत गरेको छुइनँ । यस लघुशोध प्रबन्धको कुनै पनि अंश/ पाठ पुस्तक वा पुस्तकको अंशको रूपमा प्रकाशित गरे/गराएको छुइनँ । मैले यहाँ प्रस्तुत गरेका यी प्रतिवद्धता विरूद्ध कुनै प्रमाण भेटिएमा त्यसप्रति म उत्तरदायी हुनेछु भनी यो प्रतिवद्धता जाहेर गर्दछु ।

19.02.15

शोधार्थी

मनोज लिम्बू

नेपाली विभाग

भाषा तथा साहित्य सङ्काय

सिक्किम विश्वविद्यालय

दिनाङ्क 19.02.2015

Kabita Lama

20.02.15

विभागीय प्रमुख

अध्यक्ष
Head
नेपाली विभाग
Department of Nepali
सिक्किम विश्वविद्यालय
Sikkim University

20.02.2015

(Balaram Pandey)

Supervisor

Assistant Professor
Department of Nepali
Sikkim University

SIKKIM UNIVERSITY
(A Central University established by an Act of Parliament of India, 2007)
DEPARTMENT OF NEPALI
SCHOOL OF LINGUISTICS & LANGUAGES

## शोध-निर्देशकबाट अग्रसारण

'नेपाली लोकविश्वासमा बलिप्रथाको सांस्कृतिक अध्ययन' शीर्षक रहेको प्रस्तुत लघु शोधप्रबन्ध सिक्किम विश्वविद्यालय, भाषा अनि साहित्य सङ्काय अन्तर्गत नेपाली विभागको एमफिल उपाधिका निम्ति निर्धारित पाठ्यक्रमको आंशिक परिपूर्ति स्वरूप श्री मनोज लिम्बूले मेरो निर्देशनमा रही तयार पारेका हुन्। यसको समुचित मूल्याङ्कनका निम्ति आवश्यक कार्यवाही हेतु सम्बन्धित निकायमा प्रस्तुत गर्ने अनुमतिसहित म यो लघु शोधप्रबन्ध अग्रसारित गर्दछु।

18.02.2015

(बलराम पाण्डे)
उप प्राध्यापक
नेपाली विभाग
सिक्किम विश्वविद्यालय
मितिः १८ फरवरी २०१५

# कृतज्ञता ज्ञापन

सिक्किम विश्वविद्यालयको नेपाली विभागमा एमफिल. डिग्री प्राप्त गर्न हेतु गरिनुपर्ने लघुशोध कार्य अन्तर्गत मेरो विषय *नेपाली लोकविश्वासमा बलिप्रथाको सांस्कृतिक अध्ययन* रहेको छ। प्रस्तुत लघुशोधमा नेपाली जातिको लोकविश्वासमा विद्यमान बलिप्रथाको अध्ययन गर्ने कोशिष गरिएको छ।

प्रस्तुत लघुशोध कार्य सकेसम्म विषयलाई समेटेर तयार गरिएको छ। यस लघुशोध प्रबन्धमा दार्जीलिङ र सिक्किम क्षेत्रका नेपाली जातिमा रहेका बलिप्रथाहरूको परम्परा साथै प्रकारहरूलाई अध्ययन गरिएको छ, साथै वर्तमान समयको परिप्रेक्ष्यमा यो कतिसम्म सान्दर्भिक रहेको छ भन्ने विषयलाई पनि पुष्टि गर्ने कोशिष गरिएको छ। यी क्षेत्रका विभिन्न स्थानहरूमा क्षेत्रगत अध्ययन गरेर सकेसम्म वास्तविक तथ्यसत्यलाई प्रकाशमा ल्याउने शोधको अभीष्ट रहेको छ।

प्रस्तुत लघुशोध प्रबन्ध मैले श्रदेय गुरु श्री बलराम पाण्डे, सहायक प्राध्यापक, नेपाली विभाग, सिक्किम विश्वविद्यालयको निर्देशनमा तयार गरेको हुँ। उहाँको कुशल परामर्श अनि सहायताले गर्दा नै यो लघुशोध प्रबन्ध तयार गर्न म सक्षम भएँ। अतः गुरुको मार्गनिर्देशनका लागि सदैव ऋणी रहनेछु।

यसरी नै यस कार्यमा मलाई आवश्यक सुझाउ र मार्गनिर्देशन गर्नु हुने नेपाली विभाग, सिक्किम विश्वविद्यालयका श्रदेय गुरुजन सर्वश्री प्राध्यापक डा. प्रतापचन्द्र प्रधान, डा. कविता लामा,(विभागाध्यक्षा), डा. पुष्प शर्मा, डा. समर सिन्हा र श्री देवचन्द्र सुब्बाज्यूप्रति पनि हार्दिक कृतज्ञता प्रकट गर्दछु।

यसरी नै अध्ययनका क्रममा मलाई विभिन्न सुझाउ र सहायता गर्नु हुने आदरणीय डा. गोकुल सिन्हा, श्री शंकरहाङ सुब्बा, श्री मनप्रसाद सुब्बा, श्री पूर्ण सुब्बा, श्री पारसमणि दङ्गाल, श्री विनेश प्रधान, श्री नवीन पौड्याल, श्री कबीर बसन्तेत, श्रमती ललिता राई 'अहम्मद', श्रीमती सुजाता रानी राई, श्री सरोज राई, श्री एम.एस. सुब्बा

आदिमा आभार व्यक्त गर्दछु। यसरी नै मेरा अग्रज तथा मित्रहरूप्रति धन्यवाद ज्ञापन गर्दछु। सोही प्रकारले मलाई अध्ययनका क्रममा विभिन्न प्रकारका सहयोग पुर्‍याउनु हुने विभिन्न महानुभाव एवं सङ्घ-संस्थान, पुस्तकालयका पदाधिकारीहरूप्रति पनि आभार प्रकट गर्दछु।

यस शोधकार्य र एम. फिलका लागि मलाई सदैव प्रेरणा र सहयोग पुर्‍याउनु हुने मेरा परिवारका सदस्य पिता श्री सनमान लिम्बू, दाजुहरू समीर, लविन, अमर लिम्बू, ज्ञानेन्द्र अनि दिदी नन्दकुमारी, निर्मला र बहिनीहरू पवित्र र रीनाप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु। यस कार्यका लागि मलाई सदैव आर्शीर्वाद दिनुहुने स्वर्गीय आमा चन्द्रकुमारी लिम्बूप्रति नमन गर्दछु।

वीनित -

मनोज लिम्बू

नेपाली विभाग, सिक्किम विश्वविद्यालय।

## सङ्क्षेप शब्दरूप

अनु.- अनुवाद।

ता. — तारिख।

ने. प्र. प्र. — नेपाल प्रज्ञा-प्रतिष्ठान।

ने. रा. प्र. प्र. — नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान।

वि. स. — विक्रमी सम्वत्।

प्र. सं. — प्रथम संस्करण।

सम्पा. — सम्पादक

# तालिका सूची

तालिका १: भारतमा नेपाली भाषाका वक्ता (जनगणना २०११)।

तालिका २: सिक्किमको जनसङ्ख्या (सन् १८९१)।

तालिका ३: दार्जिलिङमा नेपालीहरूको जनसङ्ख्या (सन् १८७२)।

# विषय सूची


| विषय | पृष्ठ |
|---|---|
| प्रतिबद्धता | i |
| शोधनिर्देशकको अग्रसारण | ii |
| कृतज्ञता ज्ञापन | iii-iv |
| संक्षेप शब्दरूप | v |
| तालिका सूची | vi |

**पहिलो अध्याय** **१-९**

**१.शोध परिचय**

१.१ शोधशीर्षक

१.२ शोध परिचय

१.३ समस्याकथन

१.४ उद्देश्यकथन

१.५ पूर्वकार्यको सर्वेक्षण

१.६ शोधविधि

१.७ शोधको औचित्य

१.८ शोध सीमाङ्कन

**दोस्रो अध्याय** **१०-४६**

**२. सिक्किम अनि दार्जिलिङ क्षेत्रमा नेपाली जाति अनि संस्कृति**

२.१ नेपाली जातिको सामान्य परिचय

२.२ नेपाली लोकसंस्कृति

२.३ नेपाली संस्कृति

२.४ सिक्किम अनि दार्जिलिङको सामान्य परिचय

२.५ सिक्किम अनि दार्जिलिङमा नेपाली जाति

२.६ सिक्किम अनि दार्जिलिङमा नेपाली लोकसंस्कृतिको वर्तमान अवस्था

निष्कर्ष

**तेस्रो अध्याय** **४७-७६**

**३ बलिप्रथाको परिचय अनि परम्परा**

३.१ बलि शब्दको अर्थ र प्राचीनता

३.२ बलिप्रथा र यसको परम्परा

३.३ बलिका प्रकार

३.४ लोकविश्वास अनि बलिप्रथा

३.५ लोकविश्वासमा बलिप्रथा

३.६ बलिबेदी

३.७ बलिको महत्त्व  अनि प्रयोजन

३.८ वर्तमान सन्दर्भमा बलिप्रथा

निष्कर्ष

**चौंथो अध्याय        ७७-११२**

**४ नेपाली लोकविश्वासमा बलिप्रथाको सांस्कृतिक अध्ययन**

४.१ नेपाली समाजमा बलिप्रथाको परम्परा अनि प्राचीनता

४.२ शाक्त धर्म अनि बलि

४.३ परिवार, कुल अनि सामुहिक बलि

४.५ भारतको गोर्खा पल्टनमा बलिप्रथाको परम्परा

४.६ सिक्किम अनि दार्जिलिङ क्षेत्रमा प्रचलित बलि

४.७ सिक्किम अनि दार्जिलिङ क्षेत्रमा बलिको वर्तमान स्थिति

४.८ बलिप्रथाको सान्दर्भिकता अनि यसमा देखिएका परिवर्तनका कारणहरू

निष्कर्ष

**पाचौं अध्याय        ११३-११५**

निष्कर्ष

सन्दर्भ ग्रन्थसूची

परिशिष्ट

# पहिलो अध्याय

## १. शोध परिचय

### १.१ शोधशीर्षक

प्रस्तुत लघु शोधप्रबन्धको शीर्षक *नेपाली लोकविश्वासमा बलिप्रथा को सांस्कृतिक अध्ययन* रहेको छ।

### १.२ शोध परिचय

*नेपाली लोकविश्वासमा बलिप्रथा को सांस्कृतिक अध्ययन* शीर्षकअन्तर्गत नेपाली, लोकविश्वास, बलिप्रथा अनि सांस्कृतिक अध्ययन आदि पद्हरू रहेका छन्। यहाँ नेपाली भन्नाले नेपालको राष्ट्रीयता नभएर सिक्किम तथा दार्जिलिङ क्षेत्रमा बसोवास गर्ने खस किरात जातीय समूहद्वारा निर्मित एउटा भाषिक तथा सांस्कृतिक समूह भन्ने बुझिन्छ। लोकविश्वासले यी विभिन्न जातजातिमाझ रहेका परम्परागत आस्था, पुस्तौंदेखि हस्तान्तरित हुँदै आएका सांस्कृतिक विश्वास भन्ने बुझाउँछ। यसरी नै बलिप्रथा भन्नाले आफ्ना आराध्य देवीदेवता, कुलकुलायन आदिलाई पशुपन्छी, अन्न, फलफूल आदिको बलि वा भोग दिएर गर्ने आफ्नो कामनासिद्ध गर्ने लोकविश्वासअन्तर्गत बाँचेको एउटा परम्परा विशेष बुझिन्छ। शोध शीर्षकमा प्रयुक्त सांस्कृतिक अध्ययनले नेपाली संस्कृतिको सर्वेक्षण बुझाउँछ। प्रस्तुत लघु शोधप्रबन्धमा नेपाली संस्कृतिलाई संक्षिप्तमा चिनाउने प्रयास भएको छ। यस शोधकार्य सिक्किम तथा दार्जिलिङकेन्द्रित रहेकाले यहाँको नेपाली संस्कृतिलाई विस्तारमा चिनाउने प्रयास भएको छ।

संसारका प्राय: सबै जातिमा बलिप्रथा विद्यमान रहेको पाइन्छ। नेपाली जाति सांस्कृतिक रूपले विकसित जाति हो र यस जातिमा पनि बलिप्रथा रहेको छ। बलिप्रथा

नेपाली जातिको लोकविश्वासमा बाँचेको पाइन्छ। *नेपाली बृहत् शब्दकोश* -मा बलि शब्दलाई "देवीदेवतालाई अर्पिने भोग्य वस्तु ; देवतालाई भोग दिने पशुपन्छी "[1] भनी अर्थ्याइएको पाइन्छ। बलि शब्द *बल प्राणने* धातुबाट निर्मित पाइन्छ, जसको शब्दिक अर्थ जीवन धारण गर्नु भन्ने हुन्छ। प्राणीहरूको बलि प्राप्त गरेपछि देवताहरूले जीवन धारण गर्छन् अनि शक्ति प्राप्त गर्छन् भन्ने लोकविश्वास रहेको छ।[2]

देवीदेवतालाई पशुपन्छीको भोग दिएर गरिने पूजाविशेष नै बलि हो। यो मानवको दुखकष्ट, इच्छा-आकङ्क्षा एवम् शक्ति आदि जस्ता पक्षलाई समेटेर गरिने विशेष पूजा हो। बलिप्रथा अनिष्ट निवारण र इष्ट प्राप्तिको आकाङ्क्षाबाट शुरू भएको मानिन्छ। बलि दिँदा देवीदेवताबाट शक्ति प्राप्त हुन्छ अनि दुखकष्ट हरण भएर सुख सम्वृद्धि प्राप्त हुँदछ भन्ने लोकविश्वास रहिआएकाले आजसम्म पनि यो प्रथा बाँचेको पाइन्छ। आफ्ना इष्टदेवलाई खुशी पारी उद्देश्यपूर्ति ग र्न, कुनै ठूलो कार्यमा बिघ्न बाधा वा अर्डचनहरू फुकाउन तथा विभिन्न शुभकार्यहरूमा देवदेवीहरूलाई उनीहरूको भाग समर्पण गर्न का निम्ति प्राणीलाई काटेर रगतको भोग दिने गरिन्छ।

बलिप्रथा मानव सभ्यतासँगै विक सित भएको हो। जुन बेलादेखि मानवले ईश्वर, देवीदेवता तथा भूतप्रेत आदिबारे विश्वास गर्न थाले त्यसै बेलादेखि बलिप्रथा शुरू भएको मान्न सकिन्छ। प्राचीन ग्रन्था दिमा बलिको उल्लेख पाइकाले यो परम्परा निकै पुरानो रहेको मान्न सकिन्छ।

मानवले आफ्नो स्वार्थसिद्धिका लागि पशुप न्छीलाई काटेर, मारेर देवीदेवतालाई भोग दिने जुन परम्परा लोकमा रहेको छ, त्यसबाट नेपाली समाज पनि अछुतो छैन। पशुहत्यालाई अपराध मानिने आजको सन्दर्भमा पनि यो परम्परा जीवित रहेकाले यसप्रति

---

[1] बासुदेव त्रिपाठी र वल्लभमणि दाहाल (.सम्पा). वि.सं. २०४०. *नेपाली बृहत् शब्दकोश,* काठमाडौं: ने.रा.प्र.प्र., पृ।९४७ .

[2] मोतीलाल पराजुली .वि.स. २०६२. 'नेपाली लोककथामा बलिप्रथासंक्षिप्तावलोकन :', नवराज कार्की (सम्पा.) *गरिमा,* काठमाडौंः साझा प्रकाशन, वर्ष २३ ,५ अङ्क ,पूर्णाङ्क २६९प ,ृ. ११५।

मानव समाजको कति प्रगाढ विश्वास रहेको छ भन्ने कुरो सहजै अनुमान लगाउन सकिन्छ। सिक्किम अनि दार्जिलिङ क्षेत्रमा पनि बलि दिने प्रथा रहेको पाइन्छ। लोकविश्वासको एक सशक्त अङ्गका रूपमा रहेको बलिप्रथा विषयक अनुसन्धानात्मक अध्ययन आवश्यक ठहर्दछ र औचित्यपूर्ण रहन्छ।

**१.३ समस्याकथन**

प्रस्तुत लघु शोधकार्यका मुख्य रूपमा निम्नलिखित चारवटा समस्याहरू रहेका छन् -

१. बलिप्रथा परम्परा कहिले अनि कहाँबाट शुरू भयो अनि नेपाली लोकविश्वासमा यसको कस्तो महत्त्व रहेको छ ?

२. लोकविश्वासका रूपमा प्रचलनमा रहेको बलिप्रथाका विभिन्न विधि र प्रकारहरू के के हुन् अनि सिक्किम तथा दार्जिलिङको नेपाली समाजमा के कस्ता बलिप्रथाहरू विद्यमान रहेका छन् ?

३. वर्तमान सन्दर्भमा सिक्किम अनि दार्जिलिङको समाजले बलिप्रथालाई कतिको सान्दर्भिक मान्छ ? यसमा के कस्ता परिवर्तन आएका छन् अनि तिनका कारणहरू के के हुन् ?

४. यस क्षेत्रमा बलिप्रथाको भावी सम्भावना के कस्तो रहेको छ ?

**१.४ उद्देश्यकथन**

माथि उल्लेख गरिएका समस्याहरूको समाधानार्थ शोधको निष्कर्षसम्म पुग्नका लागि निम्नलिखित उद्देश्यकथन रहेका छन् —

१. बलिप्रथाको प्राचीनता र परम्पराको खोजी गर्दै नेपाली लोकविश्वासमा रहेको यसको महत्त्वलाई खोजी गर्नु।

२. बलिप्रथाका विभिन्न विधि र प्रकारहरूबारे अध्ययन गर्दै सिक्किम अनि दार्जिलिङको नेपाली समाजमा विद्यमान रहेका बलिको विधि र प्रकारको खोजी गर्नु।

३. सिक्किम अनि दार्जिलिङको नेपाली समाजमा बलिप्रथाको वर्तमान स्थितिको अध्ययन गर्नु र नेपाली लोकविश्वासमा बलिप्रथाको समय सान्दर्भिक तथ्यहरूको सत्यापन गरी विश्लेषण गर्नु।

४. बलिप्रथाका गुण अवगुणहरूको अध्ययन गरी स्थानीय आधुनिक सभ्य र शिक्षित समाजले यसलाई कुन रूपमा स्वीकार गरेका छन् त्यसको अध्ययन गर्नु अनि बलिप्रथालाई निरन्तरता दिनु कतिसम्म उचित छ ? भन्ने जटिल प्रश्नको उत्तरको खोजी गरी तथ्यपूर्ण तर्क, प्रमाणद्वारा सत्यापन गरी निष्कर्षमा पुग्नु।

## १.५ पूर्वकार्यको सर्वेक्षण

बलिप्रथा विषयमा आजसम्म विस्तृत ध्ययन भएको पाइँदैन। यस विषयबारे केही पुस्तक तथा पत्र-पत्रिकाहरूमा छुटपुट अध्ययन भएको पाइन्छ। लोकविश्वासका रूपमा बाँचेको अनि लोकसंस्कृतिको एउटा महत्त्वपूर्ण अङ्गका रूपमा रहेको भए तापनि बलिप्रथाबारे आजसम्म भने जस्तो अध्ययन-अनुसन्धान नभएको देखिन्छ। प्रस्तुत शोधकार्यका निम्ति गरिएको पूर्वकार्यको विवरण र समीक्षा निम्नानुसार प्रस्तुत गरिन्छ-

### *१.५.१ पुस्तकहरूका आधारमा पूर्वकार्यको सर्वेक्षण र समीक्षा*

नेपाली लोकगीत *रागमालश्री* (प्रकाशक- श्री दुर्गा साहित्य भण्डार, वाराणसी, प्रकाशन साल अप्राप्य/ अनुपलब्ध) पुस्तकमा बलिको चर्चा गरिएको पाइन्छ। नेपाली समाजमा लोकभजन अथवा लोकस्तुति को रूपमा रागमालश्री दशैं अथवा नवरात्रमा गाउने प्रचलन रहेको छ। *रागमालश्री*का केही श्लोकहरूले नेपाली समाजमा नौरथामा देवीलाई मार हानेर बलि दिने परम्परा रहेको पुष्टि गर्दछ।

नेपाली जातिमा मष्टोपूजा गर्ने प्राचीन परम्परा रहेको छ । यस सम्बन्धमा भीमकुमार राईले आफ्नो पुस्तक *नेपाली संस्कृति र मष्टो* — मा मष्टोपूजा र बलि दिने परम्पराबारे

चर्चा गरेका छन्। यस पुस्तकमा मष्टोका जम्मा चौरासी (८४) प्रकारका चर्चा पाइन्छन् अनि दाह्रे मष्टोलाई भने पशुपन्छीको भोग दिनुपर्ने कुराको उल्लेख पाइन्छ।

प्रेमकुमार खत्रीद्वारा लिखित *नेपाली समाज र संस्कृति* नामक पुस्तकमा नेपालका शाक्त धर्मावलम्बीहरूमा विद्यमान पशुबलिको चर्चा पाइन्छ। शाक्त धर्मावलम्बीहरू शक्तिको उपासक भएकाले अश्विनशुक्ल प्रतिपदादेखि दशमीसम्म भगवतीको आराधना गर्दा घरघरमा पशुबलि दिई पूजा गर्ने परम्पराबारे यस पुस्तकमा चर्चा भएको पाइन्छ।

रनबहादुर राईद्वारा लिखित *राई (वान्तवा) गोष्ठीको रीति-रिवाज* शीर्षक पुस्तकमा पनि बलिको चर्चा पाइन्छ। यस पुस्तकमा वान्तवा गोष्ठीको रीति-रिवाजअनुसार यस थरिका राईहरूले पशुपन्छी, अन्न तथा अन्य प्रकारका बलि दिने गरेको कुराबारे चर्चा पाइन्छ। पुस्तकमा वान्तवा राईहरूले मङ्सिरे कुल गर्दा, बैसाखे कुल, उँभौली पूजा आदि गर्दा कुखुरा, अदुवा, जाँड आदिको बलि दिइने गरेको प्रसङ्ग पाइन्छ।

बलिप्रथा मगर जातिमा पनि रहेको पाइन्छ। वासुदेव पुलामीद्वारा लिखित *मगर जाति र मगर भाषा* नामक पुस्तकमा मगर जातिमा कुलपूजा, चैते दशैं आदि जस्ता पर्वहरूमा पशुपन्छीको बलि दिने परम्परा रहेको कुराको उल्लेख पाइन्छ। पुस्तकमा भनिएअनुसार मगर जातिमा कुलपूजा गर्दा सुँगुर, बाख्रा, भेंडा, कुखुरा आदिको बलि दिने प्रथा यद्यावधि रहेको छ।

सी. बी. भुजेल अनि रेशमबहादुर भुजेलको सम्पादनमा प्रकाशित *भुजेल नृजातिवर्णन* (भुजेल जातिको सामाजिक सांस्कृतिक जीवनपद्धति ) मा भुजेल जातिमा बलिप्रथा रहेको कुराको चर्चा पाइन्छ। भुजेलहरूमा आफ्ना पितापुर्खाको मृतात्मालाई कुल देवताको रूपमा स्थापित गरी पूजा गर्ने परम्परा रहेको पाइन्छ भन्ने उल्लेख यस पुस्तकमा भएको छ। भुजेल लोकविश्वासअनुसार मङ्सिर महिनामा गरिने वायु वा कुलपूजामा चामल, कुखुरा, जाँडरक्सी अनि भेंडा वा बोकाको बलि दिने चलन रहेको उल्लेख यस पुस्तकमा

पाइन्छ। कुलपूजाबाहेक आइतबारे, उँधौली-उँभौली आदि पूजाहरू गर्दा पनि पशुपन्छीको बलि दिने परम्परा यस जातिमा परापूर्वकालदेखि चलिआएको हो भन्ने उल्लेख यसमा पाइन्छ।

*१.५.२ पत्र-पत्रिकाका आधारमा पूर्वकार्यको सर्वेक्षण*

माथि उल्लेख गरिएका पुस्तकहरूबाहेक केही पत्र-पत्रिकाहरूमा पनि बलिप्रथाबारे लेखहरू प्रकाशित भएको पाइन्छ । ती पत्रिकाहरूमध्ये *गरिमा* (वैशाख २०६३, वर्ष २३, अङ्क ५, पूर्णाङ्क, २६९) -मा प्रकाशित मोतीलाल पराजुलीको लेख 'नेपाली लोककथामा बलिप्रथा : सङ्क्षिप्तावलोकन' शीर्षक लेखमा बलिप्रथाबारे केही अध्ययन भएको पाइन्छ। यस लेखमा बलिको अर्थ वा परिचय, बलिको परम्परा आदिको उल्लेख गर्दै नेपाली लोककथामा पाइने नरबलिको प्रसङ्गबारे चर्चा ग रिएको छ। लेखमा आफ्ना आराध्य देवीदेवतालाई खुशी पारी आफ्नो लक्षित फल प्राप्त गर्ने उद्देश्यबाट नै बलिप्रथाको थालनी भएको हो भन्ने लेखकको मत रहेको पाइन्छ।

सन् १९९९ मा गान्तोकको निर्माण प्रकाशनबाट प्रकाशित *निर्माण संस्कृति विशेषाङ्क*मा नेपाली संस्कृतिका विविध पक्षहरूबारे थुप्रै लेखहरू सङ्कलित छन्। ती लेखहरूमध्ये एम.एस. सुब्बाको 'गोर्खा पल्टनमा परम्परागत संस्कृति' शीर्षक लेख मा बलिप्रथाको चर्चा गरिएको छ। भारतीय गोर्खा पल्टनमा नवमीको दिन देवी भगवतीको आराधना गरी महाबलि (मार)- का रूपमा राँगोको भोग दिने प्रथा धेरै अघिदेखि रहेको उल्लेख गरिएको छ।

बलिप्रथा वा बलिबारे दैनिक समाचार पत्रिकाहरूमा पनि कतिपय लेखहरू प्रकाशित भएको देखिन्छ। समाचार पत्रादिमा प्रकाशित यस्ता केही लेखहरू पनि उल्लेखयोग्य रहेका छन् । पारसमणि दङ्गालको सम्पादनमा गान्तोकबाट प्रकाशित हुने नेपाली दैनिक समाचारपत्र *समय दैनिक* (२१ अक्टोबर, २०१२ , वर्ष ९, अङ्क २८८) मा प्रकाशित

रामचन्द्र गौतमको 'शास्त्रको ठहर : पशुबलि उचित' शीर्षक लेखमा वेद, पुराण आदि हिन्दू धर्मशास्त्रहरूले बलिलाई उचित ठहर गरेको उल्लेख गरिएको छ। लेखमा बलिप्रथाको विरोध गर्ने व्यक्ति हरूले बलिको मर्म र अर्थ नबुझेको तर्कअघि सार्दै शास्त्रहरूमा कसले कस्तो प्रकारले बलि दिनुपर्छ भन्ने स्पष्ट उल्लेख गरिएको जानकारी गौतमले दिएका छन्। उनको यो लेख बलिप्रथाको पैरवीको रूपमा रहेको छ र धर्मले बलिलाई कसरी लिएको छ भन्ने कुरामा बढी केन्द्रित छ।

*समय दैनिक*को सोही अङ्कमा प्रकाशित घनश्याम खड्काको अर्को लेख 'बलि सर्वथा अनुचित' —मा मान्छेको स्वार्थ सिद्धिका लागि पशुपन्छी मारेर बलि दिने प्रथा अनुचित रहेको विचार व्यक्त भएको पाइन्छ। यस लेखले बलिप्रथाको विरोध गरेको छ। यी दुवै लेखहरूलाई वर्तमान सन्दर्भममा बलिप्रथाबारे रहेका पक्षी र विपक्षी मत मान्न सकिन्छ।

माथि उल्लेखित पूर्वकार्यको समीक्षाले के पुष्टि गर्दछ भने नेपाली जातिमा बलि परम्परा विद्यमान रहेको भए तापनि यस विषयमा विशद् एवम् वैज्ञानिक अध्ययनको अभाव रहेको छ। माथिका लेख र पुस्तकहरूमा बलिप्रथाबारे छुटपुट चर्चा र जानकारी दिने काम मात्र भएको पाइन्छ तर यस विषय मा गहन अध्ययन भएको पाइँ दैन। यही अभावपूर्तिलाई नै प्रस्तुत शोधकार्यको औचित्य मान्न सकिन्छ।

## **१.६ शोधविधि**

प्रस्तुत शोध का निगमनात्मक शोधपद्धतिको प्रयोग गरिएको छ। यस कार्यमा निम्नलिखित शोधविधि अपनाइएको छ।

### *१.६.१ सामग्री सङ्कलन स्रोत*

प्रस्तुत शोधकार्यका निम्ति आवश्यक सामग्री सङ्कलन प्राथमिक र द्वितीय स्रोतबाट गरिएको छ।

*क. प्राथमिक स्रोत -* शोधका निम्ति आवश्यक प्राथमिक सामग्रीको सङ्कलन क्षेत्रीय अध्ययनद्वारा गरिएको छ। प्राथमिक सामग्री सङ्कलनमा गाउँले वृद्धवृद्धा, धामी, झाँक्री, विजुवा, पुरोहित, पण्डित, लोकसाहित्य एवम् लोकसंस्कृतिविद्का विचारहरूलाई राखिएको छ। आवश्यकताका अनुसार विशेष सूचकको चयन पनि गरिएको छ। यस्ता सामग्रीहरू अन्तर्वार्ता तथा भेटवार्ताका माध्यम सङ्कलन गरिएको हो। प्रश्नावलि तथा भोइस रेकर्डिङको माध्यमबाट तथ्यहरू सङ्कलन गरिएका छन्। बलि दिँदै गरेका स्थानहरूमा गएर पनि सूचनाहरू सङ्कलन गरिएका छन्। यस्ता विभिन्न प्रकारका बलि दिएका चित्रहरूका सङ्कलन पनि प्राथमिक स्रोतअन्तर्गत नै रहेका छन्।

*ख. द्वितीय स्रोत* – द्वितीय स्रोतको रूपमा बलिप्रथाबारे प्रकाशित पुस्तक, पत्र-पत्रिका, शोधग्रन्थ, लघु शोधपत्र तथा लेखहरूलाई लिएको छ। यसका लागि विभिन्न पुस्तकालयहरूको प्रयोग गरिएको छ भने कतिपय सामग्री विभिन्न वेभसाइडहरूबाट पनि सङ्कलन गरिएको छ।

*१.६.२ सामग्री विश्लेषण विधि*

उपर्युक्त विभिन्न स्रोतहरूबाट प्राप्त सामग्रीहरूको विश्लेषण र सामान्यीकरण गरी शोधको निष्कर्षसम्म पुग्ने लक्ष्य यस शोधकार्यको रहेको छ। नेपाली समाजमा वर्तमानसम्म बलिप्रथा विद्यमान रहे तापनि यस विषयमा सम्यक् चर्चा गरिएका लेखादि, पुस्तकहरू पाउन सकिएको छैन। यो प्रथा पुस्तौंदेखि परम्परागत रूपमा चल्दै आएको प्रथा हो तापनि यससम्बन्धी निश्चित सिद्धान्त र मान्यता भने पाइँदैन। लोकविश्वासमा बाँचेको बलिप्रथाको वैज्ञानिक अध्ययन गर्न यस शोधकार्य गरिएको हो अनि उक्त कार्यलाई तथ्यपूर्ण एवम् वैज्ञानिक ढङ्गमा सम्पन्न गर्न क्षेत्रीय सर्वेक्षण गरी विविध स्रोतबाट सामग्रीहरूको सङ्कलन गरिएको छ। यस्ता सामग्रीहरूको परस्पर जाँच गरी निष्कर्षसम्म पुग्ने प्रयास गरिएको छ। विषयको सही विश्लेषणका निम्ति विभिन्न वर्ग तथा जातिका प्रतिनिधिहरूबाट प्राप्त जानकारीहरूलाई प्रकाशित पुस्तक तथा लेखादिसित तुलना गरी

निष्कर्ष निकाल्ने कार्य यस शोधकार्यमा गरिएको छ। प्रस्तुत शोधकार्यमा विश्लेषणात्मक विधि अपनाइएको छ।

## १.७ शोधको औचित्य

नेपाली समाजमा बलिप्रथाको प्राचीन परम्परा रहेको पाइन्छ। तथापि यसबारे कहींकतै पनि विशद् अध्ययन भएको पाइँदैन। यस विषयबारे आजसम्म कुनै किसिमको शोध वा अनुसन्धान भएको पनि थाहा लाग्दैन। यही वास्तविकतालाई नै यस शोधकार्यको औचित्य मान्न सकिन्छ। सिक्किम अनि दार्जिलिङमा देखिएको सामाजिक परिवर्तनले नेपाली लोकसंस्कृति र विश्वासलाई धेरै प्रभाव पारेको छ। यस्तो स्थितिले विद्यमान रहेको बली प्रथालाई कस्तो प्रभाव पारेको छ भन्ने कुरा पनि चासोको विषय देखिन्छ। यस कुराले पनि प्रस्तुत शोधकार्यको औचित्यलाई स्पष्ट गर्दछ।

## १.८ शोध सीमाङ्कन

यस शोधकार्यको विषय *नेपाली लोकविश्वासमा बलिप्रथाको सांस्कृतिक अध्ययन* रहेको छ। शोधको शीर्षकमा नेपाली लोकविश्वास भन्ने पदको प्रयोग भए तापनि प्रस्तुत शोधको आफ्नै सीमित सीमा रहेको कुरा यहाँ स्पष्ट गरिन्छ। प्रस्तुत शोधकार्य सिक्किम राज्य अनि पश्चिम बङ्गालको दार्जिलिङ जिल्लाको नेपाली समाजमा विद्यमान रहेको बलिप्रथाको अध्ययनमा केन्द्रित छ। नेपाली लोकविश्वास, बलिप्रथा तथा सांस्कृतिक अध्ययन यी तीनवटै विषयहरू व्यापक रहेका छन् र निर्दिष्ट समय सीमाभित्र यसको अध्ययन सम्भव नरहेकाले पनि सिक्किम अनि दार्जिलिङलाई कार्यक्षेत्र बनाइ प्रस्तुत अध्ययन गरिएको छ। शोध परिचयमा उल्लेख गरिएअनुसार प्रस्तुत शोधप्रबन्ध सिक्किम अनि दार्जिलिङको नेपाली समाजमा विद्यमान लोकसंस्कृतिअन्तर्गत लोकविश्वासका रूपमा मनिँदै आएको बलिप्रथाको परम्परा र यसको वर्तमान सन्दर्भको अध्ययनमा केन्द्रित रहेको छ।

# दोस्रो अध्याय

# २. सिक्किम अनि दार्जिलिङ क्षेत्रमा नेपाली जाति अनि संस्कृति

प्रस्तुत अध्यायमा सिक्किम राज्य अनि पश्चिम बङ्गालको दार्जिलिङ जिल्लामा नेपाली जातिको बसोबास, इतिहास, संस्कार अनि लोकविश्वास आदि विषयक संक्षिप्त परिचयात्मक चर्चा प्रस्तुत गरिएको छ। यद्यपि यी क्षेत्रहरूमा पाइने संस्कृति तथा लोकविश्वास आदि नेपाली संस्कृतिभित्रै पर्ने हुँदा सिक्किम तथा दार्जिलिङको नेपाली समाजको सामाजिक एव म् सांस्कृतिक अध्ययन गर्न अघि नेपाली संस्कृति चिनाउने प्रयास यहाँ भएको छ। तथापि नेपालको नेपाली संस्कृतिका तुलनामा सिक्किम अनि दार्जिलिङको नेपाली संस्कृति अनि लोकविश्वासमा देखिने आफ्नोपन, विविधता अनि पार्थक्य आदिलाई चिनाउने प्रयास यहाँ गरिएको छ।

## २.१. नेपाली जातिको सामान्य परिचय

नेपाली शब्दलाई विभिन्न मानिसहरूले भिन्न-भिन्न रूपमा अर्थ्याउने गरे का छन्। अनेपालीहरूले नेपाली भन्नसाथ नेपालको नागरिक भनेर बुझ्ने गर्छन् भने कतिले यसलाई नेपाली भाषी समूह भनेर चिन्ने गर्छन्। नेपाली जातिलाई एउटा सांस्कृतिक समूहका रूपमा पनि चिनिन्छ, जो आर्य-खस एवम् मङ्गोल-किरात जातिहरूको सम्मिश्रणद्वारा निर्मित छ। कुमार प्रधानले आफ्नो पुस्तक *पहिलो पहर*-मा नेपाली शब्दलाई तीनवटा अर्थमा अर्थ्याएका छन्। उनी लेख्छन्- "एउटा- भाषालाई यसले बुझाउँछ, दोस्रो- जुनसुकै भाषा बोल्ने जुनै उद्भवको होस्, नेपालको नागरिक बुझाउँदै राजनीतिक सङ्केत राख्दछ अनि तेस्रो - यसले एउटा विशिष्ट जातिगोष्ठी बुझाउँछ चाहे त्यो जातिको बसोबास नेपालबाहिर अरू मुलुकमै किन नहोस् र यो अर्थले सांस्कृतिक सङ्केतको घनत्व राख्छ। "[3] नेपाली जातिको आफ्नै अक्षुण्ण संस्कृति, भाषा,साहित्य आदिको सम्बृद्ध परम्परा रहेको पाइन्छ। नेपाली

---

[3] कुमार प्रधान. सन् २०१०.(दो. सं.), *पहिलो पहर,* काठमाडौं: साझा प्रकाशन, पृ १२।

जाति नेपाल  बाहेक भारतका विभिन्न प्रान्तहरू जस्तै सिक्किम, पश्चिम ब   ङ्गाल, आसाम, भाक्सु,  देहरादुन आदि ठाऊँहरूमा बहुसङख्यामा बसोबास गर्दछन्। भारतका विभिन्न महानगरहरूमा पनि नेपाली जातिको बसोबास रहेको पाइन्छ।    भारत बाहेक श्रीलंका, मलाया, मेन्मार, हङ्कंग, सिंगापुर, भुटान आदि मुलुकहरूमा पनि नेपालीहरूको बसोबास केही पुस्ता अघिदेखि रहिआएको थाहा लाग्छ। नेपालमा नेपालीभाषीको स    ङ्ख्या सन् २०११-मा ११  ,८२६,९५३   रहेको थियो। [4]  जनसङ्ख्याका दृष्टिमा नेपालपछि नेपालीहरूको घना उपस्थिति रहेको मुलुक भारत नै हो। भारतमा नेपाली भाषा बोल्नेहरूको स ङ्ख्या अर्थात् नेपाली जातिको स  ङ्ख्या २००१ को जनगणना अनुसार २८,६७,९२२ रहेको थियो। [5] वास्तवमा २००१ सालको जनगणनाको उक्त आँकडा आधिकारिक आँकडा भएकाले भारतमा बसोवास गर्ने नेपालीहरूको यो भन्दा केही गुना बढी रहेको छ। सन् २०११ को जनगणना सूचीमा नेपालीहरूको जनसङ्ख्याबारे छुट्टै आँकडा उपलब्ध पाइँदैन। तथापि यो सङ्ख्या २००१ को भन्दा धेरै बेसी रहने कुरा स्पष्ट छ। निम्न तथ्याङ्कले भारतका विभिन्न प्रान्त नेपाली जातिको  बसोबास रहेको पुष्टि गर्दछ-

*तालिका १- नेपाली मातृभाषाका वक्ताहरू*

| मातृभाषा | भारत/राज्य/संघशासितराज्य | वक्ता | पुरुष | महिला | ग्रामीण क्षेत्र | शहरी क्षेत्र |
|---|---|---|---|---|---|---|
| नेपाली | भारत | २,८६७,९२२ | १,५३२,६५१ | १,३३५,२७१ | २,१२७,७९५ | ७४०,१२७ |
| | पश्चिम बङ्गाल | १,०२२,६८३ | ५१४,५७७ | ५०८,१०६ | ७७६,२२५ | २४६,४५८ |
| | असम | ५६४,७३४ | २९३,०९१ | २७१,६४३ | ५०३,०१३ | ६१,७२१ |

[4] http://cbs.gov.np/wp content/uploads/2012/11/Major Finding.pdf  पृ.४। (०८ जनवरी, २०१५)।

[5] http://www.censusindia.gov.in/2011 documents/lsi/LSI_Sikkim_Part%20 II/Chapter_II.pdf, पृ.२५, (०८ जनवरी, २०१५)।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सिक्किम | ३३८,६०३ | १७४,०६६ | १६४,५३७ | ३०७,५४२ | ३१,०६१ |
| | उत्तर प्रदेश | २६३,९३५ | १४५,०७३ | ११८,८६२ | २०४,३४३ | ५९,५९२ |
| | अरुणाचल प्रदेश | ९४,८९५ | ५२,२६४ | ४२,६३१ | ७०,१६७ | २४,७२८ |
| | उत्तराञ्चल | ९१,०३२ | ५४,६४८ | ३६,३८४ | ५८,०५२ | ३२,९८० |
| | हिमाचल प्रदेश | ७०,०१३ | ४२,२३२ | २७,७८१ | ५७,४२७ | १२,५८६ |
| | महाराष्ट्र | ६३,२६३ | ४०,९१८ | २२,३४५ | ७,२४६ | ५६,०१७ |
| | मेघालय | ५२,१५४ | २८,३८५ | २३,७६९ | २१,०९५ | ३१,०५९ |
| | मणिपुर | ४५,९९५ | २४,५३६ | २१,४५९ | ४१,७६० | ४,२३५ |
| | दिल्ली# | ४४,२९५ | २७,९५३ | १६,३४२ | ३,०३२ | ४१,२६३ |
| | नागाल्यान्ड | ३४,२०५ | १९,३३६ | १४,८६९ | १९,९३८ | १४,२६७ |
| | हरियाणा | २०,३४२ | १३,८८९ | ६,४५३ | ८,३८३ | ११,९५९ |
| | पञ्जाब | १९,७६७ | १३,३२२ | ६,४४५ | ७,५४५ | १२,२२२ |
| | झारखण्ड | १७,१७६ | ९,४७८ | ७,६९८ | १,९२९ | १५,२४७ |

**स्रोत**.*http://www.censusindia.gov.in/२०११documents/lsi/LSI_Sikkim_Part%२०II/Chapter_II.pdf*, दिनाङ्क ०८,०१, २०१५)।

नेपाली जातिमा विभिन्न जातगोष्ठी पाइन्छन् , जसमध्ये केही प्रमुख जातगोष्ठीहरू हुन्- खस, मगर, तामाङ, नेवार, राई, गुरुङ, कामी, दमाई, लिम्बू, ठकुरी, सार्की,

सन्यासी, सेर्पा, सुनुवार, मुखिया, घर्ती, भुजेल, माझी, थामी, गाइने, जोगी आदि। यी विभिन्न जातगोष्ठीमा आ-आफ्नै सांस्कृतिक विरासतको विकास भएको छ।

## २.२. नेपाली लोकसंस्कृति

नेपाली जाति विभिन्न उपजाति, गोष्ठी तथा सप्रदायद्वारा निर्मित भएको एउटा भाषिक एवम् सांस्कृतिक समूह हो। त्यसैले नेपाली संस्कृति वा लोक संस्कृति भन्नाले यी सबै जातिहरूको सांस्कृतिक धरोहर बुझ्नु पर्छ। तल उपशीर्षकहरूमा संस्कृतिलाई चिनाउदै यी विभिन्न जात-जातिहरूमा पाइने सामूहिक सांस्कृतिक आचरणलाई चिनाउने प्रयास भएको छ। यस कार्यमा विशेष रूपले भारतको सिक्किम राज्य अनि पश्चिम बङ्गालको दार्जिलिङ जिल्लामा बसोवास गर्ने नेपालीहरूको लोक विश्वासमा आधारित रहेकाले यस क्षेत्रमा पाइने नेपाली संस्कृतिका विशेषताहरूलाई केन्द्रमा राखेर अध्ययन गर्ने प्रयास यहाँ भएको छ।

### *२.२.१ संस्कृतिको अर्थ*

**संस्कृति** शब्द अङ्ग्रेजी भाषाको **कल्चर** को नेपाली रुपान्तरण हो। संस्कृत व्याकरण अनुसार **कृञ** धातुमा **सम् (उत्तम)** उपसर्ग अनि **कितन्** प्रत्यय जोड्दा **संस्कृति** शब्द बन्दछ। **संस्कृति** शब्दको व्युत्पत्तिमूलक अर्थ **सम्यक् (उत्तम) कृति (रचना वा सिर्जना)** अर्थात् परम्परागत अनुस्यूत संस्कार भन्ने हुन्छ।[6] संस्कृतिका सन्दर्भमा रामकेश्वर तिवारी लेख्छन्-

संस्कृति शब्दको सङ्केतग्रहणार्थ हो (अर्थ प्राप्त्यर्थ) **"शक्तिग्रहं व्याकरणोपमानं कोशाप्तवाक्याद्व्यवहारतश्च।"** यस सूक्तिअनुसार कोशहरूमा दृष्टिपात गर्दा संस्कृति शब्द अनुपलब्ध पाइन्छ। तद्न्तर कोशेतर शक्तिग्राहक तत्वहरूबाट संस्कृति शब्दको शक्तिग्रहण गर्दा **"सम्यक् कृतिः**

---

[6] पुष्पा शर्मा . सन् १९९९ . 'नेपाली संस्कृतिको स्रोत र उठान : संक्षिप्त सिंहावलोकन ', पवन चामलिङ(सम्पा.), *निर्माण : संस्कृति विशेषाङ्क*, गान्तोक : निर्माण प्रकाशन, वर्ष १९, अङ्क:३४, पृ. १३९।

**संस्कृतिः**" अथवा "**संस्कृतिः संस्करणम्**" इत्यादि व्युत्पत्ति प्राप्त हुन्छ। **सम्** उपसर्ग पूर्वक **(डु) कृ (ञ्) करणे** धातुबाट पाणिनिको "**स्त्रियां क्तिन्**" सूत्रबाट **क्तिन्** प्रत्यय भएर **संस्कृति** शब्दको उत्पत्ति हुन्छ।"[7]

संस्कृति शब्दको अर्थ व्यापक रहेको छ। *नेपाली बृहत् शब्दकोश* मा संस्कृति शब्दलाई यसरी अर्थ्याइएको पाइन्छ —

कुनै वस्तुलाई परिमार्जन वा संस्कृत रूप दिएर चम्किलो, उज्यालो, निखुट, संस्कार, परिष्कार बनाउने काम वा धेरै समयसापेक्ष आन्तरिक, वैचारिक तथा परम्परागत धारणा आदिका रूपमा विक सित हुँदै आएको आचार-विचार, रहनसहन आदिका माध्यमले कुनै राष्ट्र, समाज, जाति आदिको स्वरुप खुट्या उने यावत् मान्यता, भावना, चिन्तन-मनन, भौतिक अभिव्यक्तिहरू समेतको समूह वा साधन आदि।[8]

संस्कृतिको शाब्दिक अर्थ सम्यक् कृति, उच्च ढ ङ्गले गरिएको कार्य, परिष्कृत गराई तथा अभिप्राय, बुद्धि सुधार, संसोधन, परिमार्जन वा अभ्यान्तर रूपको प्रकाशन गर्नु भन्ने हुन्छ।[9] अर्को अर्थमा मानवको जीवन शैली नै संस्कृति हो। जन्मदेखि लिएर मृत्युसम्मका आचार-व्यवहार, रीति-रिवाज, परम्परा, भाषा आदि समस्त कुराहरूको विशुद्ध रूप नै संस्कृति हो। वास्तवमा कुनै समुदायको निर्धारित जीवन पद्धत्ति नै संस्कृति हो।

### *२.२.२ लोकवार्ता अनि लोकसंस्कृति*

लोकसंस्कृतिलाई एक बृहत् विषय मानिन्छ। लोकसंस्कृतिलाई परिभाषित गर्ने क्रममा धेरै विद्वानहरूले यसलाई लोकवार्ता शब्दकै समानार्थक शब्दको रूपमा प्रयोग गरेका छन्। यद्यपि कतिपय विद्वानहरूले भने लोक संस्कृतिलाई लोकवार्ताभन्दा भिन्न अर्थमा परिभाषित गरेका छन्। हिन्दी लोकवार्ताविद् कृष्णदेव उपाध्याय ले लोकवार्ता र लोकसंस्कृति एकै अर्थमा लिएका छन्। उनका मतानुसार फोकलोर(लोकवार्ता)-का लागि

---

[7] राम केश्वर तिवारी, 'भारतीय संस्कृति के मूल तत्व', सुमनकुमार घई (सम्पा.), *साहित्य कुञ्ज,* वर्ष १०, अङ्क ९७, जनवरी २०१५।

[8] वासुदेव त्रिपाठी र वल्लभमणि दाहाल (सम्पा.). वि.स.२०४०. *नेपाली बृहत् शब्दकोश*, काठमाडौं : ने. रा. प्र. प्र., पृ. १२८०।

[9] लक्खीदेवी सुन्दास. सन् १९९९. 'संस्कृति: बदि्लन्दो स्वरूप', पवन चामलिङ(सम्पा.), *निर्माण: संस्कृति विशेषाङ्क*, पूर्ववत्, पृ. १३९।

लोकसंस्कृति शब्द प्रयोग गर्न उपयुक्त हु न्छ।[10] लोकसंस्कृतिअन्तर्गत लोकजीवनसँग सम्बन्धित आचार-विचार, विधि-निषेध, विश्वास, प्रथा, परम्परा, धर्म, मूढाग्रह, अनुष्ठान सबै पर्दछन्। यी सबै विषयहरू लोकवार्ताअन्तर्गत पनि पर्दछ न्।[11] हिन्दी लोकवार्ताका अर्का विद्वान हजारीप्रसाद द्विवेदी पनि फोकलोरको अर्थमा लोकसंस्कृति शब्दलाई ग्रहण गर्न सकिने कुरा बताएका छन्।[12]

विभिन्न विद्वानहरूले दिएको लोकवार्ताको परिभाषा यस प्रकार छन् —

- **बटिकन-** मौखिक तथा लोकसंस्कृतिका मूल कलाहरूको प्रारम्भिक रूप र इतिहासका अङ्गविशेषको प्रकाशलाई लोकवार्ता भनिन्छ।[13]
- **मोहनराज शर्मा अनि खगेन्द्रप्रसाद लुइटेल -** जातिविशेषका कम शिक्षित जनसमुदायमा प्रचलित लोकप्रिय रीतिथिति, परम्परा, संस्कृति, विश्वास आदिको मौखिक, दृश्य र चिन्तनमूलक अभिव्यक्तिसँग सम्बद्ध समस्त सामग्रीका साथै त्यसको अध्ययनलाई पनि लोकवार्ता भनिन्छ।[14]
- **बलराम पाण्डे-** संस्कारगत सामूहिक चेतनाको प्रदर्शन नै लोकवार्ता हो , जसलाई अचेल हामी सामूहिक चेतना वा 'We Consciousness' भन्ने गरिन्छ।[15]

यी परिभाषाहरू अनुसार लोकवार्ताअन्तगर्त लो कमानवका जीवनसित सम्बन्धित सबै कुराहरू पर्दछन्।

---

[10] कृष्णदेव उपाध्याय. सन् २०१०. *लोक साहित्य की भूमिका* , इलाहाबाद : साहित्य भवन प्रा.लि., पृ.१८।

[11] उही, पृ. १८।

[12] उही, पृ. १९।

[13] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल. वि.सं २०६३, *लोकवार्ताविज्ञान र लोकसाहित्य* , काठमाडौं: विद्यार्थी पुस्तक भण्डार, पृ. ३।

[14] उही, पृ. ३।

[15] बलराम पाण्डे. 'नेपाली लोकवार्ता : अध्ययनका केही पक्ष', मोहन पी. दाहाल(सम्पा.), *नेपाली अकादमी जर्नल : नेपाली लोकवार्ता अङ्क* , वर्ष: ९, अङ्क : ९, मार्च, २०१३, नेपाली विभाग : उत्तर बङ्ग विश्वविद्यालय।

**लोकसंस्कृति**लाई प्राचीन समयदेखि **लोक** वा **जनसाधारण**को परम्परा, रीतिथिति, प्रथा, लोकविश्वास आदिको समुच्च रूप मान्न सकिन्छ। लोकसंस्कृति केवल मृत वा विगत अभिमुख संस्कृति नभएर यसमा आजपर्यान्त मानव समाजमा प्रचलित जीवित सामाजिक संस्कृतिको आन्तरिक जीवन धारणा पनि पाइन्छ।[16] लोककला, लोक आस्था-विश्वास, विचारधारा, परम्परा, प्रथा आदि लोकसंस्कृतिका विभिन्न पक्षहरू मान्न सकिन्छ , वा भनौं लोककला, आस्था, परम्परा, प्रथा आदिको सहजधारालाई समष्टि रूपमा लोक संस्कृतिको व्यापक वा विशाल रूपमा समाविष्ट भएको स्पष्ट देखिन्छ।[17]

लोकसंस्कृति **लोक** र **संस्कृति** दुई शब्द को योग बाट बनेको हो , जसको अर्थ हुन्छ लोकको संस्कृति। **लोकसंस्कृति** शब्द अङ्ग्रेजी भाषाको **फोक कल्चर** को समानार्थी शब्द हो। लोकसंस्कृतिलाई बुझ्न अघि **लोक** र **संस्कृति** शब्दलाई बुझ्ने कोसिस गरिनेछ। लोक शब्द अङ्ग्रेजी भाषाको फोक शब्दको समानार्थी शब्द हो, जसको सामान्य अर्थ ग्रामीण, असंस्कृत र अशिक्षित जाति भन्ने हुन्छ ।[18] लोक शब्दको व्युत्पत्ति लोकदर्शने धातुमा *घञ्* प्रत्यय जोडेर भएको हो। यसको अर्थ हेर्नु वा देख्नु हुन्छ।[19] लोक शब्दलाई नेपाली बृहत् शब्दकोशमा दुई अर्थमा परिभाषित गरिएको छ-

*१. ब्रह्माण्डको कुनै एक भाग, खण्ड, संसार, जगत, दुनियाँ।*

*२. समान सांस्कृतिक भावना र सामाजिक स्थिति भएका खास भौगोलिक एकाइमा रहने जनसमूह।*[20]

लोक शब्दलाई परिभाषित गर्ने क्रममा कृष्णदेव उपाध्याय यसो भन्छन् —

*आधुनिक सभ्यतादेखि टाढो आफ्नो प्राकृतिक परिवेशमा रहने अशिक्षित एवं असंस्कृत*

---

16 तुलसी दिवस (सयोजक). वि.स.२०३५. *नेपाली लोक संस्कृति - संगोष्ठी : पृष्टभूमि र परिचय*, काठमाडौं : ने.रा.प्र.प्र., पृ. ख।

17 हर्षनाथ भट्टराई. सन् १९९९. 'नेपाली लोकसंस्कृति,' पवन चामलिङ (सम्प.) *निर्माण : संस्कृति विशेषाङ्क*, गान्तोक : निर्माण प्रकाशन, वर्ष १९, अङ्क:३४, पृ. ६९३।

18 चूडामणि बन्धू. वि.स. २०६६. *नेपाली लोकसाहित्य*, काठमाडौ : एकता बुक्स, पृ. १३।

19 मोहनरोज शर्मा र खगेन्द्रप्रसाद लुइटेल. पूर्ववत्, पृ. १२।

20 वासुदेव त्रिपाठी र वल्लभमणि दाहाल. पृ. ११८८।

*जनतालाई लोक भन्दछन् , जसको आचार-विचार एवं जीवन परम्परा मुक्त नियमबाट नियन्त्रित हुन्छ।* [21] **लोक** त्यसलाई भनिन्छ जो ग्रामीण जीवनमा व्यातित गर्छन् जो अशिक्षित, अर्ध ज्ञानी जनसमूहलाई नै लोक भन्न सकिन्छ।[22] हिन्दी लोकवार्ताविद् हरद्वारी लाल शर्माको **लोक** शब्दबारे यस्तो मत् रहेको छ — *लोक त्यही हो जो हामीलाई देखिन्छ अनि जसलाई हामी देख्छौं।*[23]

लोकभाषा, लोकवार्ता, लोकविश्वास अतिरिक्त लोकसँग सम्बन्धित धेरै कुराहरू समेट्नु लोक शब्दको मौलिकता र विशेषता हो। वास्तवमा लोक भावनाको सिङ्गो स्वरुप नै लोक हो। [24] आधुनिक सभ्यतादेखि टाँडा आफ्ना सहज तथा प्राकृतिक अवस्थामा वर्तमान, तथाकथित असभ्य एवं अशिक्षित जनसमूहलाई लोक भन्दछ जसको जीवन दर्शन अनि रहनसहन आस्थाद्वारा चलिआएको अथवा नियन्त्रित भएको हुन्छ।[25]

**लोक** शब्द को प्रयोग **स्थानवाचक** र **साधारण जनसमूहको रूपमा** भएको पाइन्छन्।[26] लोक शब्दको अर्थ वास्तवमा यस पृथ्वीमा बसोवासो गर्ने समस्त जनसमूह भन्ने बुझिन्छ, जो अशिक्षित भए तापनि अनुभव र ज्ञानले परिप क्व हुन्छन्। शास्त्रीयता, वैज्ञानिकता र आधुनिक सभ्यतादेखि टाढा बसी स्वभाविक र प्राकृतिक ढंगमा जीवन व्यतित गर्ने जनसमूहलाई **लोक** भनिन्छ। लोक मानवीय समाजको त्यो वर्ग हो जो अभिजात्य संस्कार, शास्त्रीय र पाण्डि त्य चेतना अनि पाण्डित्यपूर्ण अहंकाररहित परम्पराको प्रवाहमा जीवित रहन्छ।

---

[21] कृषणदेव उपाध्याय. सन् २०१०. *लोक साहित्य की भूमिका,* इलाहाबाद : साहित्य प्रा लि., पृ. ११।

[22] सत्येन्द्र. सन् २००६. *लोक साहित्य विज्ञान,* जोधपुर : राजस्थानी ग्रन्थगार, पृ. १५।

[23] हरद्वारी लाल शर्मा . सन् १९९०. *लोकवार्ता विज्ञान (खण्ड एक),* लखनाऊ : दया प्रकाश सिन्हा, पृ. १३।

[24] कृष्णराज घतानी. सन् २०१३. 'लोक शब्दको प्रयोग एवं व्याख्या परम्पराको रेखङ्कन ', पुष्कर पराजुली (सम्प.), *नेपाली लोकवार्ता : अध्ययनलरू,* नेपाली विभाग : उत्तरबङ्ग विश्वविद्यालय, पृ. ७।

[25] कृषणदेव उपाध्याय. पूर्ववत्, पृ. २२।

[26] चूडामणि बन्धू. पूर्ववत्, पृ. १३।

**लोकसंस्कृति लोक** र **संस्कृति** शब्दको मेलबाट बनेको शब्द हो , जसको सोझो अर्थ हुन्छ लोकको संस्कृति। लोक को परम्परा मा पुस्तौपुस्तादेखि चल्दै आएको संस्कृतिलाई **लोकसंस्कृति** भनिन्छ। निरन्तर प्रारम्भिक रूपदेखि चल्दै आउने संस्कृति भएकाले यसमा प्राचीनता झल्किन्छ। शास्त्रीय, वैज्ञानिक र आधुनिक सभ्यतादेखि टाँडो प्राकृतिक र स्वाभाविक रूपमा रहेको लोकले आर्जन गरेको संस्कृति नै **लोकसंस्कृति** हो। यसमा कृतिमता वा अप्राकृतिक सभ्यतादेखि वेग्लै सतह सहज प्रकारको हुनाले स्वभाविक र सार्थक पनि हुन्छ। लोक शब्दलाई कतिपय विद्वानहरूले अशिक्षित र असभ्य बुझाउने अर्थमा लिएका छन्। वास्तवमा लोकलाई असभ्य र अशिक्षित हरूलाई भन्न मिल्दैन। लोकमा बौद्धिकताले पाकेका र युगौ युगदेखि आर्जन गरिल्याएका अनुभव र ज्ञान निहित हुन्छ त्यसैले लोकलाई अशिक्षित र असभ्य भन्ने नमिल्ने देखिन्छ।

संस्कृति कुनै वस्तुलाई परिमार्जन गरेर चम्किलो, उज्यालो वा निखुट बनाउने कला हो।[27] परम्परादेखि लोकमा निहित कार्यव्यपारको परिष्कृत रूप नै लोकसंस्कृति हो। यसमा लोकले आर्जन गरिल्याएको संस्कार, रीति-थीति, विश्वास, मान्यता इत्यादिको अभिव्यक्ति हुन्छ। पुर्खाहरू वा लोकले आफ्ना दैनिक जीवनबाट गरिल्याएका विश्वास, भावना, बोलीचाली, रीति-थीति, आचार-व्यवहार आदिलाई नै लोकसंस्कृति भन्न सकिन्छ।

**लोकसंस्कृति** केवल मृत-अभिमुख संस्कृति होइन, त्यो आजपर्यान्त समाजमा प्रचलित जीवित समाजिक संस्कृतिको आन्तरिक जीवनधारा पनि हो।[28] **लोकसंस्कृति** युगौ-युगदेखि मानवीय समाज वा लोकमा आन्तरिक तवरले चलिआएको हुन्छ। लोकसंस्कृति वास्तवमा लोकले आफ्नै ढंगमा सिर्जित गरेको संस्कृति हो , जो लोकद्वारा

---

[27] वासुदेव त्रिपाठी र वल्लभमणि दाहाल. पूर्ववत्, पृ. १२८०।

[28] तुलसी दिवस. पूर्ववत्, पृ. ख।

स्वत: र सम्भवत निर्मित हुन्छ। [29] लोकसंस्कृति शब्दमा लोक विशेषण संयुक्त हुँदा एक अर्थले संस्कृति ध्वनित हुन्छ जसको अर्थ शिष्ट संस्कृति भन्दा फरक असभ्य, अर्धसभ्य वा अशिक्षित, गाउँले आदि जनसमूहको संस्कृति भन्ने बोध गराउँछ। [30] लोकवार्ताविद् कृष्णदेव उपाध्यायका मतानुसार लोकसंस्कृति र लोकवार्ता पर्यायवाची शब्द हुन्। लोकसंस्कृति शब्दले जुन अर्थ दिन्छ लोकवार्ता शब्दले पनि त्यही अर्थ दिँदछ। उनी भन्छन्, लोकसित सम्बन्धित् सबै **लोकविश्वास, लोकप्रथा, लोक आचार-बिचार, लोकविधि, लोकनिषेध, लोकधर्म, लोकअनुष्ठान** आदि **लोकसंस्कृति**भित्र पर्दछ भने **लोकवार्ता**भित्र पनि पर्दछ।[31] लोकसंस्कृति र लोकवार्तालाई एकै अर्थमा पनि लिएको पाइन्छ। जनसमूदायमा प्रचलित रीतिरिवाज, जीवनशैली, रहनसहन, नृत्य-सङ्गीत, नाटक, वेशभूषा, खानपान, आचारण, बोलीचाली, धर्मकर्म, आस्ता-विश्वास, चालचलन, चाडपर्व, ऐतिहासिक एवं धार्मिक स्थल, कलाकौशल आदिको अभिव्यक्तिलाई लोकवार्ता अथवा लोकसंस्कृति भन्न सकिन्छ।[32]

*२.२.२.१ लोकसंस्कृतिका पक्ष*

लोकसंस्कृतिका पक्ष व्यापक र विशाल रहेको मानिन्छ। लोकसंस्कृतिका विभिन्न पक्षहरू यस प्रकारका छन्-

**क- लोकधर्म,**

**ख- लोकनीति,**

**ग- लोककला,**

**घ- लोकव्यवहार,**

---

[29] इन्द्रबहादुर राई. 'परिप्रेक्षमा भारतीय नेपाली संस्कृति', पवन चामलिङ(सम्पा.), पूर्ववत्, पृ. ४।

[30] हर्षनाथ भट्टराई. 'नेपाली लोकसंस्कृति'. पवन चामलिङ (सम्पा.), पूर्ववत्, पृ. ६९२।

[31] कृष्णदेव उपाध्याय. पूर्ववत, पृ. १३।

[32] रागिनी थापा . सन् २०१३. 'दार्जिलिङ क्षेत्रका स्थाननामहरूमा अभिव्यक्त लोकसंस्कृति ', पुष्कर पराजुलीढ (सम्प.), *नेपाली लोकवार्ता:अध्ययनलरू*, सिलुगढी : नेपाली विभाग उत्तरबङ्ग विश्वविद्यालय, पृ. ४०।

**ङ- लोकविश्वास,**

**च- लोकसाहित्य ,**

**छ- लोक भेषभूषा,**

**क. लोकधर्म** — लोकले पालन गरेको धर्म नै वास्तवमा लोक धर्म हो। यस अन्तर्गत पाप-पुण्य, पवित्र-अपवित्र, शुभ-अशुभ, शु द्ध-अशुद्ध आदि बारे रहेको मान्यता पनि पर्दछन्। देव-असुर, कुलदेव, सिमे-भूमे, भूत-पिशाच आदिप्रति लोकले प्राचीन समयदेखि विश्वास गरी पुज्दै लोकधर्मलाई बचाइल्याएको हुन्छ। अलग-अलाग संस्कृतिको आफ्नै इतिहास, विकासका तथा समष्टिगत मान व अनुरूप कल्पना-परिकल्पना जिर्जित हुन्छ अनि हरेकले त्यसलाई स्वीकार गरिल्याएको पाइन्छ। लोकधर्म आदिम लोकसंस्कृति विशेष वर्तमानसम्म प्राकृतिक धर्म ( Paganism) रहिआएको पाइन्छ।[33] लोक धर्ममा सूर्य, चन्द्र, नक्षत्र, नदी, पर्वत, रूख-पात, नाग-नागिनी, भूत-प्रेत आदिको अस्तित्वलाई स्वीकार गरी लोकले आफ्नै ढ ङ्गले पुज्दै ल्याएको पाइन्छ।

**ख. लोकनीति** - लोक-नीति लोकको नैतिक चेतनाद्वारा निर्मित हुन्छ। यस अन्तर्गत राम्रो-नराम्रो, उचित-अनुचित आदि जस्ता कुराहरू पर्दछन्। लोक नीति-नियम प्राकृतिक रूपले निर्माण गरेको हुन्छ यसर्थ यस्ता नीति-नियमलाई कसैले अस्वीकार वा अनदेखा गर्नसक्दैनन्।

**ग. लोककला** - कला मानवको सार्थक क्रिया हो। लोक कलालाई लोकको एउटा मुख्य सम्पत्ती मानिन्छ। लोकले प्राकृतिक रूपमा आर्जित गरिल्याएको हुनाले यसमा अपार सम्भावनाहरू समावेश रहेको पाइन्छ। यस अन्तर्गत वास्तुकला, हस्तकला, हस्तशिल्प, सिकर्मी, डिकर्मी आदि कला पर्दछन्।

---

[33] हरद्वारी लाल शर्मा . सन् १९९०. *लोक वार्ता विज्ञान* (खण्ड दुई), लखनाऊ : दया प्रकाश सिन्हा, पृ. ९५८।

**घ. लोकव्यवहार** - लोकव्यवहार भन्नाले लोकले पालन गर्ने रीति-रिवाज, चाल-चलन, आदि भन्ने बुझिन्छ। लोक व्यवहार लोकको बाह्य पक्ष हो। लोकमा परम्परादेखि चलिआएको हुनाले यसमा प्राचीनतम् लोक आचार वा प्रथा निहित हुन्छ। लोकव्यवहार संवेदनशीलताको विका स अनि परम्पराको भाव पुष्टिको लागि गरिएको व्यवहार हो जसलाई लोकसंस्कृतिको बाह्य पक्ष मान्न सकिन्छ।[34]

**ङ. लोकविश्वास** - लोकको आफ्नै आस्था-विश्वास रहेको पाइन्छ। परम्परादेखि लोकले मान्दै ल्याएको वा विश्वास पत्यार गर्दै आएका परम्परा नै लोकविश्वास हुन्। लोकविश्वासले आफ्नो प्ररम्परित पद्धत्ति-प्रथा वा रीति-थिति, चालचलन र लोकसंस्कृति आदिप्रति गरिने पत्यारलाई संकेत गर्दछ।[35] लोकविश्वास अन्तर्गत शकून-अपशकून, फाप-अफाप, लागो-भागो, अन्धविश्वास आदि पर्दछन्।

**च. लोकसाहित्य** - परम्परादेखि लोकद्वारा सिर्जित साहित्यलाई लोकसाहित्य भनिन्छ। लोकसाहित्य लिखित नभएर मौखि क परम्परामा बाँचेको पाइन्छ। यस अन्तर्गत लोककथा, लोकगीत, लोकनाटक, लोककविता, लोकगाथा वा लोककाव्य, गाउँखाने कथा, उखान, तुक्का आदि पर्दछन्।

**छ. लोक वेशभूषा** - लोक वेशभूषा लाई आधुनिक पहिरन वा भेषभूषा भन्दा फरक तर विशिष्ट मानिन्छ। यसको आफ्नै महत्व र गरिमा रहेको पाइन्छ। यसले लोकलाई आफ्नै प्रकारले विशिष्ट पहिचान दिएको हुन्छ। नेपालीहरूका पनि आफ्नै भेषभूषा रहेको पाइएको छ।

### *२.२.३. नेपाली लोकजीवन*

लोक अनन्त छ र जीवन विविधतामय छ, अनि यो सहज-दु :खसाध्य दुवै हुन्छ। नेपाली लोकजीवन सादा, शान्त र मर्यादित छ। सामाजिक तह र मर्यादाको आधारले

---

34 हरद्वारी लाल शर्मा. उही, पृ. ९९५।

35 हंसपुरे सुवेदी . वि.स. २०५५ . *नेपाली लोकजीवन : लोकविश्वास,* काठमाडौं : साझा प्रकाशन, पृ. १९।

भन्नु पर्दा यसलाई मानवतावादी जीवनको संज्ञा दिन सकिन्छ। नेपाली लोकजीवन स्वतन्त्र, आस्थावादी र कर्मयोगी छ साथै मानवतावादी पनि छ। [36] नेपाली लोकजीवन भन्नु नै गाउँले जीवन हो भन्ने अर्थ बोध हुँदछ। लोक शब्दलाई जन तथा ग्राम्य शब्दको रूपमा पनि प्रयोग ग रिएको पाइन्छ। [37] यस अर्थमा नेपाली ग्रामीण जीवन नै नेपाली लोकजीवन हो। **लोक** शब्द विशेष गरी दुइ अर्थमा प्रयोग भएको छ - १. स्थानका रुपमा र २. सामान्य जन ताका रूपमा। जन शब्दको अर्थ पनि सामान्य जनता हो। [38] यस अर्थमा साधारण नेपाली जन-जीवनको बचाइ का तौर- तरिका नै नेपाली लोकजीवन हो।

नेपाली जातिका पुस्तौपुस्ताका जीवन भोगाइ का वा तरिका यस जातिका जीवनमा परम्परागत रूपमा बाँच्तै आएको छ। गाउँले परिवेशमा हुर्केको र बडेको हुनाले नै लोकजीवन सरल, सहज, प्रा कृतिक वा अकृतिम अनि सार्थक पनि छ। नेपाली जाति सांस्कृतिक, भाषिक अनि साहित्यिक रूपले ए उटा विक सित जाति मानिन्छ। यो जाति विश्वमा वीर जातिको रूपमा पनि परिचित छ। अतः नेपाली लोकजीवनमा वीरता पनि जोडिएको छ।

*२.२.३.१ जाति अनि गोष्ठी*

नेपाली जाति धेरै उपजातिहरूको मिश्रणले बनेको जाति हो। यस जातिका उपजातिहरूमा बाहुन, छेत्री, मगर, तामाङ, नेवार, गुरूङ, सुनवार, मगर, राई, लिम्बू, कामी, सार्की, दमा ई, शेर्पा, भूजेल, माझी, थामी आदि उपजातिहरू पर्दछन्। यी सैब जातजातिहरूका आ-आफ्नै संस्कार, संस्कृति, रीतिथिति, परम्परा, विश्वास, भाषा वा बोली रहेको पाइन्छ। उनीबरूमा आ-आफ्नै आफ्नै आस्थाअनुसार देवीदेवता, पितृ वा कूलपूजा

36 हंसपुरे सुवेदी पूर्ववत्, पृ. १।
37 मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल . पूर्ववत्, पृ. १३।
38 चूडामणि बन्धु . पूर्ववत्, पृ. १३।

आदिमा विश्वास राख्छन् र उनीहरूको पूजा-आजा गर्छन्। तामाङ, राई, लिम्बू, छेत्री-बाहुन, गुरूङ, सुनवार, मगर, नेवार आदि जाति भनेर भिन्नै जातिका रूपमा प रिचितबए पनि वास्तवमा यी सबै जातगोष्ठीहरूको समिश्रणबाट नै सिङ्गो नेपाली जातिको गठन भएको छ। यी उपजातिहरूले नेपाली संस्कृति तथा नेपाली भाषालाई आत्मसा त गरेका हुनाले यी सबै जात- जातिहरू संस्कारगत् एवम् भाषिक रूपले नेपाली जाति भनिन्छ। यी विभिन्न जातगोष्ठीभित्र पनि विभिन्न थरहरू पाइन्छन्।

*२.२.३.२ भाषा*

नेपाली भाषा सम्पूर्ण नेपालीहरूको सम्पर्क भाषा भए तापनि यस जातिमा विभिन्न भाषा वा बोली बोल्ने अथवा विभिन्न मातृभाषीहरू रहेका छन्। तथापि आ-आफ्नो भाषा भन्दा बढी लगाव नेपाली भाषामा नै रहेको थाह लाग्छ। नेपाली भाषाका वक्ताका रूपमा रहेका यी विभिन्न मातृभाषी जातगोष्ठीको भाषाका आ-आफ्नै लिपि अनि साहित्य पनि उपलब्ध छन्। यसै कारण पनि सक्छ उनीहरूको बोली, लवज, सुर, तान, उचाहरण आदिको प्रभाव पनि नेपाली भाषामा परेको पाइन्छ। यसका साथै नेपाली भाषाले यी विभिन्न भाषाहरूबाट शब्दहरू लिएर आफ्नो शब्द भण्डार निर्माण गरेको पाइन्छ। नेपाली भाषामा लिम्बू, मगर, नेवार, गुरुङ, राई आदि अनेकन नेपाली समाजका भाषाका शब्दहरू सहजरूपमा प्रयोग हुँदै आएको छ।

विभिन्न जातगोष्ठीका मातृभाषाहरूको स्थिति नेपालमा केही बलियो भए तापनि भारतमा भने चिन्ताजनक अवस्थामा रहेको देखिन्छ। लिम्बूभाषाको स्थिति अन्य भाषाको तुलनामा केही राम्रो रहेको अनि शिक्षाका सन्दर्भमा महाविद्यालयस्तरसम्म पठन पाठन हुने गरेको पाइन्छ। तर अन्य भाषाहरू जस्तै राई, मगर, गुरुङ, नेवार आदिजस्तो भाषाहरूको स्थिति सिक्किम दार्जीलिङमा चिन्ताजनक रहेको छ। सिक्किमका केही विद्यालयहरूमा राई, मगर, गुरुङ, तामाङ आदि भाषाको पठनपाठन भर्खरै शुरू भएको छ तर ती भाषाहरू हुने गर्दछ जो निम्नमाध्यामिक स्तरसम्म मात्र सिमित रहेको छ।

सिक्किममा राई, गुरुङ, मगर, सुनुवार, लिम्बू, तामाङ, शेर्पा आदि राज्यभाषाको मान्यता दिएर संरक्षण र सम्बर्द्धन गर्ने प्रयास गरिएको देखिन्छ।

दार्जिलिङमा भने जातगोष्ठीसित सम्बन्धित संघ-संस्थाहरूले भाषा शिक्षाका लागि प्रयास गर्दै आएको देखिन्छ। यहाँ सरकारी स्तरमा यी भाषाहरूको संरक्षण र संबर्द्धनका लागि कुनै प्रयास भएको देखिन्न तथापि आफ्नो मातृभाषाप्रतिको चासो हुनेहरूले व्यक्तिगत प्रयासमा यी भाषाहरूमा सामान्य शिक्षा ग्रहण गर्दै आएको देखिन्छ।

*२.२.३ नेपाली लोकविश्वास*

लोकले मान्दै आएको परम्परागत विश्वास नै लोकविश्वास हो। हरेक मानव समुदायमा कुनै न कुनै प्रकारको विश्वास रहेको पाइन्छ। यस्तो विश्वास स्थान, जातजाति-भाषाभाषी र संस्कृतिअनुसार भिन्नभिन्न प्रकारको हुनेगरेको पाइन्छ। कुनैकुनै विषयबारे भने विभिन्न जाति तथा भौगोलिक परिवेशमा यस्तो विश्वासमा समानता रहेको पनि भेटिन्छ। लोकजीवनमा घट्ने अनेक घटनाहरूले यस्तो विश्वास लाई जन्म दिने गर्दछ र पछि ती सामूहिक प्रचलनमा आउने गर्दछन्। धेरै सन्दर्भमा प्राकृति तथा परिवेशगत कारणहरूले लोकविश्वास जन्मन्छ। प्राकृतिक घटना र आकस्मिकता आदि जस्ता कुराहरू लोकमा लोकविश्वास जन्माउने र ती विश्वासलाई स्थापित गराउने प्रमुख कारणहरू हुन्। लोकविश्वासलाई अन्धविश्वास वा रुढीको रूपमा पनि लिइन्छ। तर सबै लोकविश्वासहरू अन्धविश्वास वा रुढी होइनन्। अन्धविश्वास वा रुढी भन्नका लागि ती विश्वासहरूको वैज्ञानिक परीक्षण गर्नु आवश्यक हुन्छ। लामो अनुभव तथा भोगाइको परीक्षण भएर मात्रै लोकविश्वासहरू स्थापित हुने भएकाले प्रायः लोकविश्वासहरू वैज्ञानिक र व्यावहारिक सिद्ध हुन्छन्। कुनैकुनै यस्ता लोकविश्वासहरू भने काल र परिस्थितिको पिसाइबाट असत्य बन्न पुग्दछन्। अतः लोकविश्वास, अन्धविश्वास वा रुढी मात्रै होइन, यो लोकजीवनको ज्ञान र अनुभवबाट जन्मेर स्थापित भएको लोकको विश्वास हो।

लोकलाई अपठित तर शिक्षित, बौद्धिकता र अनुभवले परिपूर्ण जनसमूह मानिन्छ। विश्वास कुनै कामकुरो, व्यक्ति, मत, नीति, आदिप्रति हुने सत्यताको धारणा वा ढृढ आस्था अनि पत्यार हो।[39] मानव जीनवमा वि श्वासको महत्वपूर्ण स्थान रहेको पाइन्छ। विश्वासद्वारा नै मानवले आफ्ना इच्छाआकांक्षा र लक्ष्य प्राप्त गर्न सक्षम हुन्छ। विश्वास कुनै व्यक्ति, कुनै कामकुरोको सिद्धान्त वा मत नीतिनियम वा चालचलन आदिप्रति मनमा हुने आस्था र सत्यताको धारणा भएकाले मानवले कुनै पनि कार्य सफल गर्नुमा यसको अहम् भूमिका रहेको हुन्छ।[40]

**लोकविश्वास** लोकमा पुस्तौपुस्तादेखि चलिआएको हुन्छ। परम्परागत रूपमा मानिन्दै आएको हुनाले लोकविश्वासमा प्राचीन संस्कार, सभ्यताको अवशेष रहेको हुन्छ। मानव जातिले जति-जति विकासको खुडकिलो चढदै गयो त्यति त्यति नै मानवमा चेतना पलाउँदै गयो अनि कालान्तरमा त्यही चेतना आस्था वा विश्वासमा परिणत हुँदै। त्यसैले लोकविश्वास परम्परा, अनुभव र परिक्षणमा आधारित रहेको हुन्छ, जो सामूहिक चेतनाद्वारा निर्मित हुँदछ।

विश्वास मानवको आत्मबल, उत्साह, ढृढता, साहस आदि जस्ता भावनाहरूको प्रतिफलन हो। लोकमा यी भावना को प्रस्फुटन लोकविश्वासका कारण सम्भव हुन्छ। प्राचीन समयमा जब विज्ञानको चमत्कार भएको थिएन तब मानवका आवश्यकता थोरै थिए। त्यस समयमा मानव आफ्नै ढंगमा सुख -शान्तसँग बाँचेका थिए। सरल, सहज , अकृतिम वा प्राकृतिक तवरले बाँचेर पनि उनीहरूले आफ्ना अस्तितत्व बचाएका थिए। जीवन भोगाईबाटप्राप्त ज्ञान नै लोकविश्वासमा रहेको हुन्छ। लोकविश्वास भूतको अनुभव ,

---

39 वासुदेव त्रिपाठी र वल्लभमणि दाहाल. पूर्ववत्, पृ. १२३४।

40 हंसपुरे सुवेदी. पूर्ववत्, पृ. १९।

वर्तमानको परीक्षण र भविष्यको सम्भावित परीक्षणलाई ध्यानमा राखेर मानिएको विश्वास हो, जसमा वैज्ञानिक आधारहरू पनि रहेका हुन्छन्।[41]

लोकविश्वासलाई धेरै आधारहरूमा वर्गीकरण गरिएको पाइन्छ। स्थान, वस्तु र विषय आदि जस्ता आधारमा यो वर्गीकृत रहेको पाइन्छ। जातजातिअनुसार वा भाषाभाषीअनुसार पनि लोकविश्वासमा भिन्नता पाइन्छ। स्थान र कालअनुसार पनि लोकविश्वासमा भिन्नता हुन्छ। तर सबैलाई केलाउँदा विषय बस्तु नै लोकविश्वास वर्गीकरणका मुख्य आधार हुन भन्ने देखिन्छ। तुलसी दिवसले लोकविश्वासको वर्गीकरण निम्नप्रकारले गरेका छन्-

*१) शुभ तथा कल्याणको निमित्त गरिने कर्मकाण्डी विश्वासहरू*

*२) पशुपन्छी विषयक विश्वासहरू*

*३) आंगिक क्रिया विषयक विश्वासहरू*

*४) शारीरिक चिन्ह विषयक विश्वासहरू*

*५) साइत-बिसाइत विषयक विश्वासहरू*

*६) वस्तुको निर्माण र उपयोग विषयक विश्वासहरू*

*७) भविष्य सूचना विषयक विश्वासहरू*

*८) स्वप्न विषयक विश्वासहरू*

*९) निषेध विषयक विश्वासहरू।* [42]

कृष्णदेव उपाध्यायले भारतमा बसोबास गर्ने जनतामा प्रचलित लोकविश्वासहरूलाई निम्नानुसार वर्गीकरण गरेका छन्-

*१) आकाशीय पिण्डसम्बन्धी लोकविश्वास*

---

[41] गङ्गाप्रसाद शर्मा. '*लोकविश्वास : तुलनात्मक अध्ययन,*' पुष्कर पराजुली (सम्पा.) पूर्ववत्, पृ. ५८।
[42] तुलसी दिवस. वि.स. २०३९. *धिमाल लोकधर्म र संस्कृति,* काठमाडौं : ने.रा.प्र.प्र., पृ. २२०।

*२) पृथ्वीसम्बन्धी लोकविश्वास*

*३) प्राणी जगतसम्बन्धी लोकविश्वास*

*४) मानव शरीरसम्बन्धी लोकविश्वास*

*५) विविध लोकविश्वास।*[43]

हंसपुरे सुवेदीले नेपाली  लोकविश्वासहरूलाई निम्नानुसार वर्गीकरण गरेका छन्:

*१) शकुन-अपशकुन*

*२) पापपूण्य-स्वर्गनर्क*

*३) श्राद्धकर्म-कुलायन पूजा*

*४) लागोभागो-जोखना*

*५) नजरलाग्नु-आँखा लाग्नु*

*६) टुनामन्तर वा मोहनी*

*७) धामी पतुर्नु तथा देवता चढ्नु*

*८) डाइनी बोक्सी र बोक्सेरो*

*९) किचकन्नी तथा भयांनी*

*१०) राक्षस पूजा*

*११) भूतप्रेत, मसान, मुर्कट्टा, ख्याक*

*१२) इन्द्रजाल र जादू।* [44]

सोहीप्रकारले गोविन्द आचार्यले लोकविश्वासको वर्गीकरण निम्नप्रकारले गरेका छन्-

*१) प्रकृति र प्राकृतिक घटनासम्बन्धी लोकविश्वास*

---

43 कृष्णदेव उपाध्याय. सन् १९८८. *लोकसंस्कृति की रूपरेखा*, इलाहावाद : लोकभारती प्रकाशन, पृ. ५८-५९।

44 हंसपरे सुवेदी. पूर्ववत्, पृ. विषयसूची।

*२) ऋतु, महिना, दिन, बारसम्बन्धी लोकविश्वास*

*३) सङ्ख्यासम्बन्धी लोकविश्वास*

*४) पशु-पन्छीसम्बन्धी लोकविश्वास*

*५) मानव अंग वा आंगिक क्रियासम्बन्धी लोकविश्वास*

*६) स्वर्ग-नर्क तथा पाप-पूण्यसम्बन्धी लोकविश्वास*

*७) टुना, मोहनी, मन्त्र, देवता, राक्षस, डाइनी, बोक्सी, भूतप्रेत, धामीझाँक्री, किचकन्नीसम्बन्धी लोकविश्वास*

*८) शकुन-अपशकुनसम्बन्धी लोकविश्वास*

*९) कल्याण-अकल्याणसम्बन्धी लोकविश्वास*

*१०) भविष्य सूचनासम्बन्धी लोकविश्वास*

*११) स्वप्नसम्बन्धी लोकविश्वास*

*१२) अन्य।*[45]

कृष्णदेव उपाध्याय र गोविन्द आचार्यको वर्गीकरण भने वस्तुको आधारमा रहेको छ भने, तुलसी दिवस र हंसपुरे सुवेदीको वर्गीकरण विषय र वस्तु दुवैमा आधारित छ।

कुनै लोवविश्वास अचम्म लाग्दो पनि रहेका छन्। उदाहरणका लागि- कागको जिभ्रोको मासु खाएमा मानिस अमर हुन्छ भन्ने भारतमा लोकविश्वास छ। [46] यसरी नै - मरेको गोरुको टाउको बारीको छेउमा ठड्याएर राखेमा बाली नालीमा कसैको आँखा नपर्ने लोकविश्वास छ।[47]

---

[45] गोविन्द आचार्य. वि. स. २०६७. 'केही प्रचलित लोकविश्वासहरु', श्रीओम श्रेष्ठ रोदन (सम्पा.), *मधुपर्क*, असार, २०६७, पृ. ३५ ३६।

[46] लकृष्णदेव उपाध्याय. पूर्ववत, पृ. १०२।

[47] तुलसी दिवस. पूर्ववत, पृ. २२१।

## २.३ नेपाली संस्कृति

नेपाली संस्कृति भन्नाले विभिन्न जातगोष्ठीको एउटा सामुहिक संस्कृति बुझिन्छ। यसको निर्माण विभिन्न जाति-उपजातिहरूको संस्कृति क तत्त्वद्वारा भएको पाइन्छ। ती जात-उपजातहरूमा परम्प रागत रूपमा चलिआएको लोकविश्वास, लोकपरम्परा, संस्कार, लोक अभिव्यक्ति , साहित्य आदिको समिश्रित संस्कृति नेपाली संस्कृति लाई मानिन्छ। नेपाली संस्कृति प्रा चीन समयदेखि क्रमिक रूपले विकसित भएको पाइन्छ। नेपाली संस्कृति वैदिक आर्य संस्कृतिबाट पनि विकसित पाइन्छ। आर्य संस्कृतिको छत्रछायामा हुर्केको हुनाले यो अत्यन्त - विशाल, धनी र ज्ञानवर्दक तथा वैज्ञानिक पनि छ।[48] नेपाली जातिमा विभिन्न जातिगोष्ठी भएकाले सांस्कृतिक विविधता देख्न सकिन्छ। नेपाली सांस्कृतिमा राई, लिम्बू, गुरूङ, तामाङ, दमाई, कामी, कोचे, मेचे एवं छेत्री, बाहुन संस्कृतिक व्यञ्जनहरू छन्।[49] यसर्थ नेपाली जातिभित्र धेरै संस्कारहरू क्रियाशील छन्। समयको परिवर्तनसँगै यस जातिको संस्कृतिमा नौलो संस्कारहरूको आगमन भ इरहेको छ धेरै यस्ता प्राचीन कुराहरू हराउन पनि लागेका छन्।

चार वर्ण छत्तीस जाति भएको नेपाली संस्कृतिमा अनेकतामा एकता रहनु एक विशेषता मानिन्छ। यस संस्कृतिमा आर्य, अनार्य, द्रविड, मङ्गोल आदि संस्कृतिहरूको समिश्रण भएको पाइन्छ। भाषा, साहित्य, संस्कृति आदिलाई कुनै पनि सीमाले बाँधेर राख्न सक्दैन भन्ने जनविश्वासको चरितार्थ रूप नेपाली संस्कृलाई मान्न सकिन्छ। नेपाली संस्कृति नेपाली लोकमा प्रचलित मूल्य-मान्यता, आस्था-विश्वास, ज्ञान-विज्ञान आदि सबैलाई समेटेर बनेको पाइन्छ। ढु ङ्गा-मुढा, भूत-प्रेत, आफ्ना आराध्य ईश्वरहरू आदिप्रति गाढा आस्था रहेको पाइन्छ। नेपाली लोकविश्वास अनुसार आराध्य देवीदेवतालाई पशु,

---

[48] विनेश प्रधान. सन् २००५. 'जातीय चिन्हारीको रूपमा साहित्य र संस्कृतिको महत्व, ' जर्ज ताडातिल र अन्य,(सम्पा.), *आलेख नेपाली भाषा साहित्यमा सांस्कृतिक चिन्हारी,* सोनादा : सलेशियन कलेज , पृ . ३१।

[49] हर्कवहादुर छेत्री, 'नेपाली भाषा साबित्यमा संस्कृति र चिन्हारी, जर्ज ताडातिल र अन्य(सम्पा.), पूर्ववत्, पृ. १६३।

पन्छी, फल, फूल, अन्न आदिको बलि दिएर पूजा-अर्चना गर्ने प्रथा प्राचीन समयदेखि वर्तमानसम्म चलिआएको पाइन्छ। नेपाली संस्कृतिका पर्व, रीति-रिवाज वैज्ञानिक र तर्कपूर्ण वा तथ्यात्मकता रहेको पाइन्छ भने कतिपय यस्ता पर्व, रीति-रिवाजमा अतार्किक, अवैज्ञानिकता वा आधुनिक सभ्यता र युगसँग असुहाउँदो पनि रहेका छन्। यस्ता दुवै पक्षलाई युगानुसार आत्मसा त गरिल्याउनु नेपाली संस्कृतिको सबल र दुर्बल दुवै पक्ष रहेको मान्न सकिन्छ। वास्तवमा नेपाली संस्कृति पिता-पुर्खाहरूले पुस्ता-दरपुस्तादेखि आफ्ना दैनन्दिन जीवनबाट प्राप्त अनुभव, ज्ञान, आस्था, विश्वासद्वारा बनिएको विशिष्ट र प्राचीन संस्कृति भएकाले यसतर्फ मानिसहरूको लगाव अझ पनि टड्कारो रहेको पाइन्छ।

**२.४ सिक्किम अनि दार्जिलिङको सामान्य परिचय**

सिक्किम अनि दार्जिलिङ क्षेत्रमा नेपाली जातिको बहुल उपस्थिति पाइन्छ। इतिहास अनुसार सन् १८३५ अघिसम्म दार्जिलिङ पहाड सिक्किमको अभिन्न अङ्गका रूपमा रहेको थियो। १ फरवरी १८३५ मा राजा र अंग्रेजबीच *डिड अफ् ग्रान्ट* सम्झौता भए पश्चात रङ्गीत नदीको दक्षिणमा रहेको अनि बालासन नदी, काबेल, अनि सानो रङ्गीत नदीदेखि पूर्वको अनि पश्चिममा रङ्नोन र महानदीसम्मको भूभाग सिक्किमपति राजाले इस्ट इन्डिया कम्पनी (अङ्ग्रेज)-लाई उपहारस्वरूप दिए।[50] वर्षेनी ६ हजार (पछि गएर १२ हजार) कर आफुलाई दिनु पर्ने सम्झौता गरी सिक्किमका राजाले दार्जिलिङ केही समयका लागि अङ्ग्रेजलाई दिएका थिए।[51] यद्यपि उक्त क्षेत्र अंग्रेजले सिक्किमलाई फर्काएनन्। सन् १९४७ मा भारत स्वतन्त्र भएयता दार्जिलिङ पहिला विहार अनि पछि पश्चिम बङ्गाल राज्यको एउटा जिल्लाका रूपमा रह्यो।

---

[50] होप. नामग्याल, 'द सिक्किमिज थियोरी अफ् ल्याण्ड होल्डिङ्ग एण्ड द दार्जिलिङ ग्रान्ट', अन्ना बालिची (सम्पा) *बुलेटिन अफ टिबेटोलोजी,* भोलुम-३(२), जुलाई १९६६, पृ.४६-५८।

[51] राहुल सांकृत्यायन. सन् १९५०. *दोर्जेलिङ् परिचय,* कलकत्ता: आधुनिक पुस्तक भवन, पृ. २५।

*२.४.१ सिक्किम*

सिक्किम भारतको उत्तरपूर्वमा अवस्थित एउटा सानो हिमाली राज्य हो। यो भारतको २२ औं राज्यका रूपमा सन् १९७५ मा भारतीय महासङ्घमा सामेल भएको हो। उत्तरमा तिब्बत (चीन), पश्चिममा नेपाल र अनि पूर्वमा तिब्बत र भूटानसित अन्तराष्ट्रिय सीमा जोडिएको यो राज्यको दक्षिणमा भारतीय राज्य पश्चिम बङ्गालको दार्जिलिङ जिल्ला पर्दछ।

आठौं शताब्दिमा बौद्ध भिक्षु गुरु पद्मसम्भवको सिक्किम भ्रमण सिक्किमसँग सम्बन्धित सबैभन्दा प्राचीन विवरण हो। केही उपनिवेशवादी इतिहासमा उल्लेख भए अनुसार उनले सिक्किममा बौद्ध धर्मको प्रचार गरे अनि सिक्किम राज्यबारे केही भविष्यवाणी पनि गरे।[52] सन् १६४२ मा खेबुम्साको पाँचौं वंशज फुन्त्सो नामग्याललाई तीन बौद्ध भिक्षुले सिक्किमको प्रथम छोग्याल(राजा) भनी घोषित गरेपछि सिक्किममा नामग्याल वंशको राजपरम्परा शुरु हुन्छ।[53] ३३३ वर्षको नाम्ग्याल शासनपछि सन् १९७५ -मा भएको जन आन्दोलन र जनमतपछि सिक्किम भारतमा विलय हुन्छ।

सिक्किमका मूल बासिन्दा नेपाली, भोटिया र लाप्चे हुन्। यी मध्ये लेप्चालाई यहाँका प्राचीन जाति मानिन्छ।[54] लेप्चा मुखियाहरूले सिक्किमा सन् १२९० देखि १५२३ सम्म शासन गरेको उल्लेख पाइन्छ।[55] भोटिया जाति सिक्किममा सोह्रौं शताब्दीतिर तिब्बतबाट आएको उल्लेख पाइन्छ।[56] कतिपय इतिहासकारहरूले मगर र लिम्बू जातिलाई सिक्किमको प्राचीन जाति मानेका छन्।[57] सिक्किममा नेपाली जातिको बसोबासो पन्ध्रौं

---

[52] एन जिन्पा. गुरुरिम्पोचे एन्ड हिज भिजिट टु सिक्किम . स्रोत ( http://www.thib.org/static/reprints/bot/bot 1995 01 13.pdf (२९ जनवरी, २०१५)।

[53]. पुष्प शर्मा. सन् २०१२. *सिक्किमका नेपाली कविता, विश्लेषण र मूल्याङ्कन* , गान्तोक : साहित्य सिर्जना सहकारी समिति लि पृ. ३०।

[54] उही, पृ. २७।

[55] उही।

[56] उही, पृ. २८।

[57] हेर्नुहोस्, थुटोप नामग्याल अनि येस्सी डोल्मा. सन् १९०८. हिस्ट्री अफ् सिक्किम(मेनुस्क्रिप्ट). गान्तोक : नामग्याल इन्स्टिच्यूट अफ् टेकनोलोजी।

शताब्दीअघि देखिनै भएको उल्लेख पाइन्छ। भनिन्छ पन्ध्रौं शताब्दीतिर नै सिक्किममा मगरहरूको बसोबासो रहेको थियो , सिक्किमको पश्चिमी भेकमा लिम्बूहरूभन्दा पहिले मगरहरूको बसोबासो प्राचीनकालदेखि नै थियो।[58]

नामग्याल वंश आउन भन्दा अघि सि क्किममा बसोबासो गर्ने जातिहरूमा लेप्चा, लिम्बू र मगर थिए। लेप्चाहरू आफैलाई रोङ्ग भन्छन् भने लिम्बूहरू आफैलाई चोङ्ग वा याक्थुम्बा भन्ने गर्छन्। यी जातिहरूलाई सि क्किमका आदिवासी भनिएको पाइन्छ। तथापि धेरै जस्ता पुस्तकहरूमा विशेष यूरोपीयहरू को लेखनमा राजाकै पक्ष लिएर पहिला लेप्चा, अनि भोटिया अनि मात्र नेपाली जाति को इतिहास राख्ने काम भएको पाइन्छ , जो भ्रमपूर्ण छ। सिक्किमको इतिहासबारे अझै पनि गहन अध्ययनको आवश्यकता देखिन्छ।

*२.४.२. दार्जिलिङ*

दार्जिलिङ भूभाग भारतको पूर्वी राज्य पश्चिम बंगालको एउटा जिल्ला हो। यस भूभागलाई पश्चिममा नेपाल, उत्तरमा सिक्किम, पूर्वमा भूटान अनि दक्षिणमा बिहार र जलपाइगढी जिल्लाजस्ता राष्ट्रिय तथा अन्तराष्ट्रिय सीमाले घेरेको छ। प्राकृतिक सौन्दर्यका दृष्टिले दार्जिलिङलाई विश्व प्रसिद्ध स्थल मानिन्छ। दार्जिलिङ नेपाली जाति अनि अस्मिता, नेपाली संस्कृति तथा नेपाली साहित्यका निम्ति धेरै समय अघिदेखि चिनिएको एउटै महत्वपूर्ण ठाउँ हो । भारतमा नेपाली जीतिको बसोबासो भएको प्रमुख स्थलहरूमा दार्जिलिङ एक हो। यहाँ नेपाली जातीयताको भावना प्रबल रहेको पाउन सकिन्छ जो नेपालको भन्दा भिन्न र विशिष्ट पनि रहेको पाइन्छ।[59] दार्जिलिङको प्राचीन इतिहास हेर्दा यस क्षेत्रका पट्यार बन-जंगल भएको यी पाहडी ठाउँलाई नेपालीहरूले आफ्नो रगत र पसिनाले उर्वर र बस्नयोग्य बनाएका हुन्।

---

[58] उही, पृ. ४८।

[59] कुमार प्रधान, पूर्ववत्, पृ. १।

सन् १८३५ अघिसम्म दार्जिलिङ भूभाग सिक्किमको अधिनमा थियो। यस क्षेत्रमा विगतमा सिक्किम, नेपाल र अङ्ग्रेजले शासन गरेको इतिहास पाइन्छ। यस क्षेत्रको प्राचीन इतिहास स्पष्ट नभए तापनि नेपालको एकीकरण अभियान शुरू हुन भन्दा अघि यो प्रदेश सेनराजाहरूको अधिकारमा थियो।[60] गोर्खा राजा पृथ्वीनारायण शाहले नेपाल एकीकरण अभियान सन् १ ७४६ देखि शुरू गरेका थिए। यसै अभियानले नेपाल र सिक्किमको सिमाना जोडि न पुग्यो। सन् १७७४ सम्म गोर्खा फौजले नेपालको बाइसी-चौबीसी, नेपालको पूर्वोत्तर क्षेत्र हुँदै वर्तमान सिक्किमको पश्चिमी क्षेत्रसम्म आफ्नो अधिकारमा लिइसकेको थियो। सन् १७८८ देखि नेपालले सिक्किममाथि राज्य अभियान चलाए। त्यस समय गोर्खा फौजको मुख्य लक्ष्य सिक्किममाथि अक्रमण गरी विजय प्राप्त गर्नु थियो। गोर्खाली कमाण्डर पूर्ण आलेको नेतृत्वका सैनिक दार्जिलिङ, रेलिङ, कर्मी हुँदै सिक्किमको लेग्सेप तथा च्याखुङ पुगे भने अर्कोतिर अर्का गोर्खाली कमाण्डर जोहरसिंह का नेतृत्वमा रहेका सेना बृह त रङ्गीत पार गर्दै पेमा याङची र राप्देन्ची सम्म पुगी यो क्षेत्रहरूलाई आफ्नो कब्जामा लिए। पछि गोर्खा फौजले सिलगढी र यसका वरिपरिका समस्त तराई क्षेत्र, खरसाङ, दार्जिलिङ, सिक्किमको लेग्सेप, च्याखुङ, राप्देन्चीसम्म राज्य बिस्तार गरेका थिए।[61] यस समय भारत अङ्ग्रेजको अधिनमा थियो। साम्राज्यवादी अङ्ग्रेजसितको युद्धमा नेपाल पराजित भयो। फलस्वरुप ४ मार्च १८१६ मा अङ्ग्रेज र नेपालमाझ सुगौलीको सन्धि भयो। यस सन्धि अनुसार नेपालले जितेका क्षेत्र मेचीदेखि टिस्टासम्मको पहाड र मधेस क्षेत्र अङ्ग्रेजलाई दिनु प र्‍यो। यसै सन्धि अनुसार दार्जिलिङ अङ्ग्रेजको अधीनमा गयो।[62] यसरी दार्जिलिङ अङ्ग्रेज शासनमा गाभियो। नेपाल र अङ्ग्रेजमाझ भएको युद्धमा सिक्किम अङ्ग्रेजको पक्षमा रहेकाले सन् १८१७ मा सिक्किम र अङ्ग्रेजमाझ तितालियाको

---

[60] डिल्लीराज शर्मा. वि. स. २०५२. *नेपालबाहिर नेपाली साहित्य र संस्कृति*, काठमाडैं : साझा प्रकाशन, पृ. २।

[61] गङ्गाप्रसाद शर्मा. सन् २००९. *रगतले लेखिएको इतिहास,* खरसाङ : रजनी शर्मा, पृ. ३।

[62] गुप्त प्रधान. सन् २००८. *धूमिल पृष्ठहरू,* दार्जीलिङ : गामा प्रकाशन, पृ. ४।

सन्धि गरी दार्जिलिङ सिक्किमलाई फर्काइदिए को थियो ।[63] यसरी सिक्किमले आफूले गुमाएको भूभाग यस सन्धि मार्फत पून फिर्ता पाएको थियो।

विश्वमा शक्तिशाली भईसकेका अङ्ग्रेजसँगको सिक्किमको मित्रताले नेपालको बिस्तारवादी नीतिमा पूर्णविराम लाग्यो। सिक्किमले आफ्ना गुमेको भूभाग अङ्ग्रेज मार्फत फिर्ता पाए तापनि सिक्किम र नेपालमाझ सिमाना बारे विवाद भने भईनै रह्यो। सिक्किमले यस झाउला मिलाउन अङ्ग्रेजलाई सहयोग माग्यो। सिक्किम र नेपालमाझ मेची र सिद्धिखोलाको साँध लिई उठेको झगडा मिलाउन अङ्ग्रेज हरू सिक्किम आए। सन् १८२८ मा क्याप्टन लोयड र ग्रान्ट सिक्किमको रिन्चिन्पोङ्गसम्म पुगेर चुङथुबाट दार्जिलिङको सुरम्य डाँडा देखेर आकृष्ट भए। सन् १८२९ मा लोयड ले ६ दिन दार्जिलिङको पुरानो गोर्खाली गौडा (The Old Gorkha Station of Darjeeling) मा बिताए।[64] वास्तवमा अङ्ग्रेजले दार्जिलिङमाथि यसै समयदेखि आँखा गाडेको थि यो। कलकत्ताका तत्कालीन गवर्नर जनरल विलियम बेन्टिकलाई यूरोपीयहरूको स्वास्थ लाभ गर्ने केन्द्र बनाउन दार्जिलिङ आफ्ना अधिनमा लिनुपर्छ भन्ने सिफारिस ग्रान्टले पठाए। यसै समयदेखि दार्जिलिङ भूभाग अङ्ग्रेजले लिने प्र क्रिया अघि बड्यो। यूरोपीयहरूको स्वास्थ लाभ गर्न सिक्किमपति राजालाई उनले दार्जिलिङ भूभाग मागे। सिक्किमपति राजाले पनि स्वास्थ लाभ गर्न सन् १८३५ मा ग्रान्ट अफ् डिड सम्झौता गरी अङ्ग्रेजलाई दार्जीलिङ दिए। [65] यस भूभागको बद्‌लीमा सिक्किमपति राजाले अङ्ग्रेज सरकारबाट सन् १८४१ सम्म वार्षिक

---

[63] कुमार प्रधान. पूर्ववत्, पृ. ८।

[64] उही. पृ .१५।

[65] हेर्नुहोस्, होप नाम्गयाल. पूर्ववत् ,पृ ४६-५८ अनि फ्रेड पिन. १९८६. *द रोड अफ डेस्टिनी; दार्जिलिङ लेटर्स, १८३९*, अक्सफर्ड यूनिभर्सिटी प्रेस, पृ ११९-१२९। Translation of the Deed of Grant making over Darjeeling to the East India Company, dated 29th Maugh, Sumbut 1891, A.D., 1st February 1835; “The Governor General having expressed his desire for the possession of the Hill of Darjeeling, on account of its cool climate, for the purpose of enabling the servants of his Government, suffering from sickness, to avail themselves of its advantages, I, the Sikkimputtee Rajah, out of friendship to the said Governor General, hereby present Darjeeling to the East India Company, that is, all the land south of the Great Runjeet River, east of the Balasur, Kahail, and Little Runjeet Rivers, and west of the Rungno and Mahanuddi Rivers”.

३,००० रुपियाँ पाए जो सन् १८४६ देखि  वार्षिक ६,००० रुपियाँ भएको इतिहासमा पाइन्छ।[66]

सन् १८४९ मा सिक्किम राजाबाट अनुमति पाइ डा. क्यामवेल र जोसेफ हुकार सिक्किम भ्रमणमा गए। त्यस समयका देवान पग्ला नामग्यालले दुइ अधिकारीलाई पक्रेर कैदी बनाई धेरै कष्ट दिएका थिए। यी दुइ अधिकारीलाई अङ्ग्रेजको कडा चेतावनीमा मुक्त गरियो। यस घटना पछि अङ्ग्रेज सरकारले सिक्किमलाई बद्ला लिन सन् १८६१ मा कर्णल चाल्स एस्ले ईडनलाई २६०० सेनाहरू लिई सिक्किमको तत्कालीन राजधानी तुमलोङमा पठाए। यसरी सिक्किमले अङ्ग्रेजसित सन्धि गर्न कर लाग्यो। यस सन्धि अनुसार दार्जिलिङ सदाको लागि अङ्ग्रेज शासनमा गाभिएको मानिन्छ।[67] वर्तमान दार्जिलिङ जिल्लाभित्र पर्ने कालेबुङ पनि सिक्किमकै भूभाग थि   यो। भूटानले सिक्किमबाट खोसेर आफ्नो अधिनमा लिएको थियो। सन् १८६५ मा अङ्ग्रेज र भूटान बीच सिञ्चुलाको सन्धि भयो। यस सन्धिले कालेबुङ पनि अङ्ग्रेजको अधिनमा गयो। सन् १८६६ मा कालेबुङलाई पनि दार्जिलिङमा अन्तभुक्त गरियो।[68] अङ्ग्रेजहरूले दार्जीलिङमा चियाखेती शुरु गरे। सन् १८५६ -मा आलुबारी चियाबारीको स्थापनापछि[69] अन्य चियाबारीहरू बनिँदै गए। अङ्ग्रेजहरूले दार्जिलिङलाई आधुनिक सुविधासम्पन्न शहरका रूपमा विकसित गर्दै लगे।  सन् १९४७ मा भारत स्वतन्त्रभएपछि दार्जिलिङ पश्चिम बङ्गालको एक जिल्लाका रूपमा रह्यो। यहाँ नेपालीहरूले पहिला गोर्खास्थान त्यसपछि गोर्खाल्यान्ड राज्यस्थापनाका लागि सङ्घर्ष शुरु गरे। जसको परिणामस्वरूप सन् १९८८ -मा स्वायत्त क्षेत्रीय प्रशासनका रूपमा दार्जीलिङ गोर्खा पार्वत्य परिषद् र सन् २०११-मा गोर्खा क्षेत्रीय प्रशासनको स्थापना भयो।

---

[66] राहुल सांकृत्यायन. पूर्ववत, पृ. २५।
[67] उही. पृ. २६।
[68] उही. पृ. २८-२९।
[69] कुमार प्रधान. पूर्ववत्, पृ. १८।

## २.५ सिक्किम अनि दार्जिलिङमा नेपाली जाति

भारतमा नेपालीहरूको उपस्थिति धेरै पुरानो रहेको पाइन्छ। वास्तवमा वर्तमान नेपाल-भारतको राजनैतिक सीमा तय हुन अघिदेखि नै यी दुवै क्षेत्रका मानिसमाझ आवत-जावत रहेको उल्लेख लेख-पुस्तकादिमा पाइन्छ। भारत र नेपाल यी दुवै राष्ट्रमाझ रहेको सीमाबाट दुवै राष्ट्रका मानिसहरूको आवत-जावत बेरोकटोक चल्ने गरेको थियो। यी दुवै राष्ट्रमाझ रहेको सांस्कृतिक अनि धार्मिक प्रगाढताको कारणले पनि भारत-नेपालमाझ आउने जाने क्रम प्राचीन रहेको मान्न सकिन्छ।[70]

भारतको सिक्किम राज्य अनि पश्चिम बङ्गालको दार्जिलिङ जिल्लामा नेपाली जाति बहुसङ्ख्यक रूपमा रहेको पाइन्छ। यी दुवै भूभाग नेपालको पूर्वीय सीमासित जोडिएका छन् अनि उहिल्यैदेखि नै यस सीमावर्ती क्षेत्रहरूमा मानिसहरूको आवत-जावत रहेको पाइन्छ।[71] नेपालको एकीकरण हुनअघि नै वास्तवमा सिक्किम अनि दार्जिलिङ क्षेत्रमा नेपालीहरूको बसोबासो रहेको कुराको उल्लेख पाइन्छ।[72] अङ्ग्रेजहरूले सिक्किमका राजा वा छोग्यालबाट *'डिड अफ् ग्रान्ट'*-का माध्यम दार्जिलिङ लिन अघि यो क्षेत्र सिक्किमको थियो। यसरी नै कालेबुङ महकुमा पनि सन् १७०० सम्म सिक्किम कै भूभाग थियो। सन् १७००-मा भूटानले सिक्किम आक्रमण गरेर तत्कालीन सिक्किमको राजधानी रापदेन्चीसम्मको भूभाग खोसेको थियो तर सन् १७११-मा तिब्बतको मध्मस्थतामा भूटान-सिक्किम सन्धि भएपछि रङ्गीत पारीको कालेबुङ क्षेत्र चाँहि फेरि भूटानसितै रह्यो। यही कालेबुङ क्षेत्रलाई सन् १८६४-को डुवर्स-बक्साको लडाइमा भूटानलाई हराएर अङ्ग्रेजले

---

70 बलराम पाण्डे अनि घनश्याम नेपाल, 'इन्डियन नेपाली राइटिङ: भिजिटिङ डायस्पोरिक राइटिङ्स् फ्रम सिक्किम एन्ड दार्जिलिङ '- पेपर प्रेजेन्टेड इन द इन्टर्नेस्नल सेमिनार अन *नेपाली डायस्पोरा इन द ग्लोबलाइज्ड कन्टेक्स्ट,* २८-३० नोभेम्बर २०११, एन.इ.एच.यू।

71 बलराम पाण्डे, 'फोक् थिएटर अफ् सिक्किम', सन् २०१२, आइ. जी. एन ओ. यू. को स्नातक तहको निम्ति तयार गरिएको पाठ्यक्रमबाट।

72 बलराम पाण्डे, पूर्ववत्।

सन् १८६५-को सिञ्चुला सन्धिको माध्यम दार्जिलिङमा गाभेका थिए। त्यसपछि कालेबुङलाई पनि दार्जिलिङ कै एउटा भूभाग मानियो।

सिक्किममा नेपालीहरूको आगमन विषयलिएर विभिन्न मतहरू पाइन्छन्। जोसेफ हुकर[73], शरत्चन्द्र दास [74], नोर्दे र मोरिस [75], थुटोब नाम्ग्याल र येशेडोल्मा [76]-ले मगर जातिलाई सिक्किमको प्राचीन जातिका रूपमा चिनाउन सकिने तर्क प्रस्तुत गरेको पाइन्छ भने अन्य कतिपयले लिम्बू जातिलाई सिक्किमको प्राचीन जातिका रूपमा पनि चिनाउने गरेको पाइन्छ। थुटोब नाम्ग्याल र येशेडोल्माको *सिक्किमको इतिहास* अनुसार सिक्किमका दोस्रो राजा तान्सुङ नामग्यालका तीन रानी मध्ये एक जना नेपालको अरुण उपत्यकाका मुखिया यो यो हाङ्गी छोरी थिइन्। तिनीहरूसित आउने अरू सातजना लिम्बू कन्याहरू सिक्किमका काजी र मन्त्रीहरूले बिवाह गरे। [77] एचएच रिस्लेले पनि लिम्बू राजाकी छोरीसित तान्सुङ नामग्यालको विवाह भएको र उनीसित सातजना लिम्बूकन्या सिक्किम आएको उल्लेख गरेका छन्। [78] लिम्बू रानीबाट राजाका दुइ सन्तान छोरा साल्नो गुरु अनि छोरी पेन्डी छिरिङ गेनूको जन्म भएको उल्लेख पाइन्छ। [79] सिक्किमको नामकरण लिम्बू भाषाको **सु-हिम**बाट भएको मानिन्छ [80] र यसले पनि सिक्किममा लिम्बूहरू प्राचीनकालदेखि नै थिए भन्ने पुष्टि हुन्छ।

सन् १८९१ —मा सिक्किमको कूल जनसंख्या ३०४५८ रहेको थियो जसमध्ये नेपाली जातिमा पर्ने जातिहरू लिम्बू, गुरुङ, मुर्मी, राई, जिम्दार, खम्बू, कामी, ब्राहमण,

---

73 कुमार प्रधान, पूर्ववत् पृ. ३।
74 उही।
75 उही।
76 उही।
77 उही. पृ. ६।
78 एचएच रिस्ले. सन् २०१०. *द ग्याजेटर अफ् सिक्किम*, दिल्ली: बी. आर. पब्लिसिङ्ग कोर्पोरेशन, (पुन मुद्रण), पृ. ११।
79 उही.।
80 कुमार प्रधान. पूर्ववत्, पृ. ६।

मगर, छेत्री, नेवार, दासहरू र दर्जीको जनसंख्या भोटिया र लेप्चाभन्दा धेरै रहेकोले सिक्किममा नेपाली बहुसंख्यक रूपमा बसेको स्पष्ट हुन्छ।

तालिका- २

सन् १८९१-को सिक्किमको पहिलो आधिकारिक जनगणना

| **जाति** | **कूल जनसंख्या** |
|---|---|
| लेप्चा | ५७६२ |
| भोटिया | ४८९४ |
| लिम्बू | ३३५६ |
| गुरुङ | २९२१ |
| मुर्मी | २८६७ |
| राई, जिम्दार र अन्य | २०२० |
| खम्बू | १९६३ |
| कामी | १६७० |
| ब्राहमण | १४१४ |
| मगर | ९०१ |
| छेत्री | ८२९ |
| नेवार | ७२७ |
| दासहरू | ३२६ |
| दर्जी | २८७ |
| अन्य सेनासहित | ५२१ |
| कूल | ३०४५८ |

*स्रोत*- एचएच रिसले, द गेजेटियर अफ़ा सिक्किम, १८९४, पृ २७।

यसरी नै सन् १८७२ को जनगणनाअनुसार दार्जीलिङमा नेपालीहरूको जनसंख्या निम्न प्रकारले रहेको थियो-

तालिका-३

| **जाति** | **जनसंख्या** |
|---|---|
| राई | ६७५४ |
| सन्यासी | २६७ |
| छेत्री | - |
| ब्राह्मण | ९०४? |
| भुजेल | - |
| योगी | - |
| मगर | ३०२० |
| नेवार | ११२० |
| तामाङ | ६५६७ |
| गुरुङ | ३६८७ |
| लिम्बू | ४६६३ |
| सुनुवार | ११९४ |
| याखा | २४२ |
| दमाई | २५२ |
| कामी | १८८६ |
| सार्की | २३८ |
| घर्ती | १४१९ |
| माझी | २७५ |

| | |
|---|---|
| थामी | १३ |
| ठकुरी | ५६ |
| थापा (मगर कि छेत्री?) | ४४७ |
| गोर्खा | ५१ |
| पहाडिया | ९२ |
| पर्वतिया | २१ |

स्रोत- कुमार प्रधान, *पहिलो पहर*, काठमाडौं, साझा प्रकाशन, सन् २०१०(दो.प्र.),पृ. ३१।

अतः सिक्किम एवं दार्जीलिङमा नेपाली जातिको रासोबासो १६औं शताब्दीभन्दा अघिदेखि नै भएको स्पष्ट हुन्छ।

भारतका नेपाली र नेपालका नेपालीमाझ साझा भाषा र संस्कृति पाइए तापनि धेरै कुराहरूमा पार्थक्यता पाइन्छ। नेपालमा बसोबासो गर्ने नेपालीहरूको समाज-संस्कृति सङ्गठनभिन्न रहेको पाइन्छ। जातीय सम्मिश्रण, राष्ट्रियता, राजनीति, अर्थ-व्यवस्था आदिका कारण त्यहाँका नेपालीहरूका जीवन शैली, रहन-सहन तथा मूल्य-मान्यता आदि भारतीय नेपालीहरूका भन्दा भिन्न रहेको छ। नेपालमा खस, किराँत, गुरूङ, तामाङ, थकाली, थारू, धिमाल, माझी, दरै, नेवार, मुसलमान, राउटे, कामी, दमाई, सार्की, सुनुवार आदि उपजातिहरूको समुच्छ रूपलाई नेपाली जाति भनिन्छ।[81] नेपालमा रहँदै-बस्तै आएका धेरै जातिहरूको उपस्थिति सिक्किम र दार्जिलिङमा शून्य प्राय : छ। भारतमा नेपाली जातिभित्रका लिम्बू, तामाङ र शेर्पा जातजातिहरूलाई अनुसूची जनजातिको मान्यता प्राप्त छ भने सार्की, कामी र दमाईलाई अनुसूचित जातिको मान्य ता प्राप्त छ। यी संवैधानिक तथा प्रशासनिक व्यवस्थाका कारण पनि भारतीय नेपाली समाजमा एउटा अलग किसिमको वरीयता /श्रेणीबद्धता पाइन्छ जो नेपालमा पाइन्न। भारतको केन्द्रिय सूची अनुसार पश्चिम बङ्गाल राज्यमा जोगी, सामपाङ, भुजेल, थामी, धिमाल, चामलिङ, राई,

[81] डोरबहादुर विष्ट . सन् २०१०. *सबै जातको फूलबारी*, काठमाडौं : हिमाल किताब प्रा.लि. , पृ. अनुक्रममा।

देवान, माझी आदि[82], सिक्किममा भुजेल, गुरुङ, मगर, राई, सुनुवार, सन्यासी, थामी र जोगी।[83] असममा नेपाली भनेर थापा, गुरुङ, लामा, गाइने, राई, छेत्री, लिहु, मगर, लोहार, धामी , र सार्की, अनि छुट्टै प्रधान, योगी, जोगी [84], मणिपुरमा बडी, दमाई, गाइने, कामी र सार्की [85], उत्तराखण्डमा गोर्खा भनेर बाहुन र छेत्रीबाहेक सबै नेपाली जातजाति[86] अन्य पछौटे वर्गमा पर्दछन्।

भारतीय नेपाली भन्नाले धेरै जाति- उपजातिहरूको मिश्रणद्वारा बनेको जाति बुझिन्छ। यी प्रत्येक जात-जातिहरूमा आ-आफ्नै बोली, भाषा, लोकसंस्कृति रहे तापनि उनीहरू नेपाली भाषालाई सम्पर्क भाषाको रूपमा व्यवहार गर्छन् अनि नेपाली संस्कृतिलाई साझा संस्कृतिको रूपमा अङ्गीकार गर्छन्। यही सामानताका कारण यी जातगोष्ठीहरूलाई नेपाली जाति भनेर चिन्ने गरिन्छ। भारतमा विशेष गरेर दार्जिलिङमा नेपालीहरू आफुलाई गोर्खा भनेर चिनाउने गर्छन्। नेपाली भन्नसाथ नेपालको राष्ट्रीयतासित जोडेर हेर्ने गरेकाले भारतीय नेपालीहरू जातीय अस्तित्व र चिनारीका निम्ति आफुलाई गोर्खा जाति पनि भन्ने गर्छन् । गोर्खा भनी आफूलाई चिनाउने प्रयास धेरै अघिदेखि भएको पाइन्छ। विशेष गरी गोर्खा शब्द जोडेर आफ्नु चिन्हारी स्थापना गर्ने एउटा सचेत प्रयास देखिन्छ। नेपाली सङ्घ-संस्था अनि सरकारी, गैरसरकारी संस्था आदि साथै कतिपय दस्तावेजहरूमा पनि गोर्खा शब्दको प्रयोग गरिएको पाइन्छ। *अखिल भारतीय गोर्खा लीग, भारतीय गोर्खा परिसङ्घ, गोर्खा राष्ट्रिय मुक्ति मोर्चा, गोर्खा जनमुक्ति मोर्चा, गोर्खा दु:ख निवारक सम्मेलन, गोर्खा जन पुस्ताकालय, गोर्खा*

[82] http://www.ncbc.nic.in/User_Panel/GazetteResolution.aspx?Value=mPICjsL1aLsuCuiz9sxodXx6rFC7RUTUvlHaQtBWSyBHVa76XuZb4R%2b%2f%2fKeEJEg5 (२८ जनवरी, २०१५)।

[83] http://www.ncbc.nic.in/User_Panel/GazetteResolution.aspx?Value=mPICjsL1aLtyrH%2f%2bDSbAgNoR0h2h4KvbpY4xvmgWLOV%2fudHiDxydHNXHzDhDEM7w (२८ जनवरी, २०१५)।

[84] http://www.ncbc.nic.in/User_Panel/GazetteResolution.aspx?Value=mPICjsL1aLvrfca7yFSI%2f925Go7SY993ZChl0kz2oS9BDho5yW6YzWp9nqk04IPG (२८ जनवरी, २०१५)।

[85] http://www.ncbc.nic.in/User_Panel/GazetteResolution.aspx?Value=mPICjsL1aLvc9RSFjECBJsySVMNL%2fj3S6wAAehfUWV70zN1yNiluL2YX0qDoeqdW

[86] http://www.ncbc.nic.in/User_Panel/GazetteResolution.aspx?Value=mPICjsL1aLsuCb9GxzA3FUXPNZAkS8Kjeopblrb6yRBnt189EacjOqOEwzCPBXkv

*फौज, गोर्खा रेजिमेन्ट, दार्जिलिङ गोर्खा पार्वत्य परिषद्, गोर्खा क्षेत्रीय प्रशासन, गोर्खा प्रमाण पत्र* आदिलाई उदाहरणका रूपमा लिन सकिन्छ।

भारत र नेपालबीच राजनैतिक साँध-सिमाना दुवै देशका नागरिकहरूका लागि खुल्ला गरिएकाले दुवै देशका विभिन्न जात-जातिहरूको खुल्ला आवागमन भएको पाइन्छ। यसरी खुल्ला रूपमा आजपर्यन्त दुई राष्ट्रबीच आवत-जावत भए तापनि भारतीय नेपालीहरूको आफ्नै इतिहास र विशेषता रहेको देखिन्छ। भारतमा बसोबासो गर्ने नेपाली वा गोर्खा जातिको आफ्नै लोकसंस्कृति, परम्परा, आस्था-विश्वास रहेको पाइन्छ। भौगोलिकता, राष्ट्रीयता, समाज-राजनैतिक, शैक्षिक तथा आर्थिक अनि विभिन्न कारणहरूले गर्दा सिक्किम अनि दार्जिलिङको नेपाली संस्कृतिक , लोक विश्वास तथा परम्पराको आफ्नै विशेषता रहेको छ।

**२.६ सिक्किम अनि दार्जिलिङमा नेपाली लोकसंस्कृतिको वर्तमान अवस्था**

लोकसंस्कृतिले कुनै पनि जातिको अस्तित्व र पहिचान सुरक्षित राखेको हुन्छ। नेपाली लोकसंस्कृतिले पनि नेपाली जातिलाई संसारका अरू जातिदेखि छुट्टै पहिचान दिन सक्षम भएको छ। लोकसंस्कृति बाचे जाति बाँच्छ किनभने यसमा जातिको सार्थक र मौलिक जीवन बचाइँको गुणयुक्त हुन्छ। बदि्लँदो परिवेश र भूमण्डलीकरणको प्रभावका कारण लोकसंस्कृतिलाई वर्तमान युवापिढीले पाखे, बर्बर, अशिक्षित, असभ्य वा आधुनिक सभ्याताको वाधक संस्कृति भनी तिरस्कृत गर्न शुरु गरे तापनि सिक्किम दार्जिलिङ क्षेत्रमा नेपाली लोकसंस्कृति आजपर्यन्त बाँचेको छ।

कुनै उत्सव, चाडपर्व, खुसीयाली, दुख अनि जीवनयापनको क्रममा लोकसंस्कृति बाँचेको हुन्छ । नेपाली लोकसंस्कृति भित्र पर्ने लोकधर्म , लोकनीति, लोककला, लोकव्यवहार, लोकविश्वास, लोकसाहित्य, लोक भेषभूषा आदि लाई लोकसंस्कृति मान्न सकिन्छ अनि यस क्षेत्रमा पनि सबै कुराहरू बाँचेको पाइन्छ। यद्यपि यो संस्कृति दिनदिनै

हराउँदै गइरहेको अनि नयाँ पुस्ताको हातमा कम हस्तानतरण भएको पाइन्छ। आज पनि दशैंमा लिङ्गे पिङ थाप्ने, बालुन, घाटु, मारुनी, सँगिनी, शिली, धाननाँच आदि यस्ता लोकनृत्यहरू विशेष अवसरहरूमा गरिन्छन्। यसका साथै सिमेभूमेको पूजा, संसारी पूजा, बुढीबजूको पूजा, देवराली पूजा, देवाली, गोठधूप, धामी-झाँक्री, फेदाङ्बा, बिजुवा, माता, बोक्सी-डाइने, शिकारी, देवा आदिप्रतिको विश्वास, दिन, महिना बार्ने चलन, बलि दिने परम्परा, भोगदिने परम्परा, विभिन्न लोकसांस्कृतिक भेषभूषा लगाउने चलनचल्ती यथावत रहेको पाइन्छ। माघे संक्रान्तिको दिन तरुल खाने, खुशीयालीको समयमा जाँड-रक्सीलाई सगुनको रूपमा प्रयोग गर्ने परम्परा, मान्छेको मृत्यु भएपछि धामी-झाँक्री, फेदङ्वा र बिजुवा बसेर घर चोख्याउने, आत्मशुद्धि गर्ने, नानीको अनुहारमा कालो टीका लगाउने, नुहागी खाने, देउरीमा पाती चडाउने, शीला पूजा गर्ने, भाकल गर्ने, तिहारमा देउसी भैली खेल्ने, सेलरोटी खाने, असार पन्ध्रमा दही-चिउरा खाने, बेजो लगाउने आदि जस्ता लोकपरम्परा यस क्षेत्रमा बाँचेको पाइन्छ। यद्यपि कतिपय लोकसांस्कृतिक परम्पराहरू लुप्त हुने अवस्थामा पनि पुगेका छन्। यस्ता लुप्तप्राय लोकसांस्कृतिक परम्परालाई नयाँ पुस्ताले ग्रहण नगर्दा यस्तो स्थिति सिर्जना भएको थाहा लाग्छ। उदाहरणका निम्ति मारुनी नृत्य, घाटु नृत्य, रोधी घर, रत्यौली, बालुन, बलिप्रथा, भोगदिने प्रथा, रोटेपिङ् थाप्ने, मितेरी साइनु लगाउने परम्पराहरू हराउँदैछन्। आधुनिकीकरण, वैश्वीकीकरण, शहरीकरण एवं शिक्षा तथा व्यवसायका कारण यी लोकसांस्कृतिक परम्पराहरूमाथि प्रभाव पर्दै गएको देखिन्छ।

## २.६ सिक्किम अनि दार्जिलिङमा नेपाली लोकसंस्कृतिको वर्तमान अवस्था

लोकसंस्कृतिले कुनै पनि जातिको अस्तित्व र पहिचान सुरक्षित राखेको हुन्छ। नेपाली लोकसंस्कृतिले पनि नेपाली जातिलाई संसारका अरू जातिदेखि छुट्टै पहिचान दिन सक्षम भएको छ। लोकसंस्कृति बाचे जाति बाँच्छ किनभने यसमा जातिको सार्थक र मौलिक जीवन बचाइँको गुणयुक्त हुन्छ। बद्लिँदो परिवेश र भूमण्डलीकरणको प्रभावका

कारण लोकसंस्कृतिलाई वर्तमान युवापिढीले पाखे, बर्बर, अशिक्षित, असभ्य वा आधुनिक सभ्याताको वाधक संस्कृति भनी तिरस्कृत गर्न शुरु गरे तापनि सिक्किम दार्जिलिङ क्षेत्रमा नेपाली लोकसंस्कृति आजपर्यन्त बाँचेको छ।

कुनै उत्सव, चाडपर्व, खुसीयाली, दुख अनि जीवनयापनको क्रममा लोकसंस्कृति जीवित बैंको हुन्छ । नेपाली लोकसंस्कृति भित्र पर्ने लोकधर्म , लोकनीति, लोककला, लोकव्यवहार, लोकविश्वास, लोकसाहित्य, लोक भेषभूषा आदि लाई लोकसंस्कृति मान्न सकिन्छ। यस क्षेत्रमा पनि सबै कुराहरू बाँचेको पाइन्छ। यद्यपि यसको नयाँ पुस्तामा हस्तान्तरणको क्रम भने कम देखिन्छ। आज पनि दशैंमा लिङ्गे पिङ थाप्ने, बालुन, घाटु, मारुनी, सँगिनी, शिली, धाननाँचहरू आदि लोकनृत्यहरू विशेष अवसरहरूमा गरिन्छन्। यसका साथै सिमेभूमेको पूजा, संसारी पूजा, बुढीबजूको पूजा, देवराली पूजा, देवाली, गोठधूप, धामी-झाँक्री, फेदाङ्बा, बिजुवा, माता, बोक्सी-डाइने, शिकारी, देवा आदिप्रतिको विश्वास, दिन, महिना बार्ने चलन, बलि दिने परम्परा, भोगदिने परम्परा, विभिन्न लोकसांस्कृतिक भेषभूषा लगाउने चलनचल्ती यथावत रहेको पाइन्छ। माघे संक्रान्तिको दिन तरुल खाने, खुशीयालीको समयमा जाँड-रक्सीलाई सगुनको रूपमा प्रयोग गर्ने परम्परा, मान्छेको मृत्यु भएपछि धामी-झाँक्री, फेदङ्वा र बिजुवा बसेर घर चोख्याउने, आत्मशुद्धि गर्ने, नानीको अनुहारमा कालो टीका लगाउने, नुहागी खाने, देउरीमा पाती चडाउने, शीला पूजा गर्ने, भाकल गर्ने, तिहारमा देउसी भैली खेल्ने, सेलरोटी खाने, असार पन्ध्रमा दही-चिउरा खाने, बेजो लगाउने आदि जस्ता लोकपरम्परा यस क्षेत्रमा बाँचेको पाइन्छ। यद्यपि कतिपय लोकसांस्कृतिक परम्पराहरू लुप्त हुने अवस्थामा पनि पुगेका छन्। यस्ता लुप्तप्राय लोकसांस्कृतिक परम्परालाई नयाँ पुस्ताले ग्रहण नगर्दा यस्तो स्थिति सिर्जना भएको थाहा लाग्छ। उदाहरणका निम्ति मारुनी नृत्य, घाटु नृत्य, रोधी घर, रत्यौली, बालुन, बलिप्रथा, भोगदिने प्रथा, रोटेपिङ् थाप्ने, मितेरी साइनु लगाउने

परम्पराहरू हराउँदैछन्। आधुनिकीकरण, वैश्वीकीकरण, शहरीकरण एवं शिक्षा तथा व्यवसायका कारण यी लोकसांस्कृतिक परम्पराहरूमाथि प्रभाव पर्दै गएको देखिन्छ।

## निष्कर्ष

नेपाली जातिको आफ्नै अक्षुण संस्कृति , भाषा,साहित्य आदिको समृद्ध परम्परा रहेको पाइन्छ । नेपाली जातिलाई एउटा सांस्कृतिक समूहका रूपमा पनि चिनिन्छ, जो आर्य-खस एवम् मङ्गोल-किरात जातिहरूको समिश्रणद्वारा निर्मित छ । नेपाली जाति नेपाल अनि भारतका विभिन्न राज्यहरूबाहेक विभिन्न व्यवसाय र रोजगारका लागि मलाया , हङ्कङ, सिंगापुर लगायत अन्य एसियाई देश , युरोप, अमेरिका, अस्ट्रेलिया र अरब देशहरूमा छरिएर बसेको पाइन्छ।

नेपाली जाति भित्र विभिन्न जातगोष्ठी पाइन्छन् जसमध्ये केही प्रमुख जातगोष्ठीहरू हुन्- खस जाति, मगर, तामाङ, नेवार, राई, गुरुङ, कामी, दमाई, लिम्बू, ठकुरी, सार्की, सन्यासी, सेर्पा, सुनुवार, मुखिया, घर्ती, भुजेल, माझी, थामी, गाइने, जोगी आदि। यी जातगोष्ठीभित्र पनि अनेकन थरहरू अथवा उपजातहरू पाइन्छन्। नेपाली जातिभित्र जातगोष्ठीकै आधारमा विभिन्न मातृभाषाहरूको विकास भएको पाइन्छ, जस्तै लिम्बू, मगर, तामाङ, गुरुङ, राई, सेर्पा, सुनुवार आदि।

भारत विशेष गरी सिक्किम र दार्जिलिङ क्षेत्रमा बसोबासो गर्ने नेपालीहरूको आफ्नै लोकसांस्कृतिक परम्परा रहेको पाइन्छ। सन् १९७५ सम्म स्वतन्त्र राष्ट्र रहेको सिक्किम अनि सन् १८३५ सम्म सिक्किमको अङ्ग रहेको दार्जिलिङ नेपाली बहुल क्षेत्रका रूपमा रहेको छ। यसक्षेत्रमा नेपाली जातिको रासोबासो प्राचीनकालदेखि नै भएको पुष्टि विभिन्न अध्ययनहरूले गरेका छन्। यस भेगका नेपालीहरूलाई प्रशासनिक रूपमा अनुसूचित जाति, अनुसूचित जनजाति, अन्य पछौटे वर्ग र साधारण गरी चार वर्गमा विभाजन गरिएको पाइन्छ।

अनेकन राजनैतिक, आर्थिक एवं सामाजिक कारणले गर्दा यस क्षेत्रको लोकसंस्कृति आफ्नै किसिमले विकसित भएको छ , जसलाई आजपर्यन्त यस क्षेत्रका मानिसहरूले बचाएर राखेको पाइन्छ। तथापि आधुनिकीकरण, भूमण्डलीकरण एवं शहरीकरण र आधुनिक शिक्षाका कारण कतिपय लोकसांस्कृतिक परम्पराहरू नयाँ पुस्तामा हस्तान्तरण हुनसकेको छैन। परिणामस्वरूप यो दिनप्रतिदिन लोप हुँदै गइरहेछ अवस्थामा रहेको पाइन्छ। नेपाली लोकधर्म र विश्वासमा रहेको बलिप्रथा आजपर्यन्त यस क्षेत्रमा रहेको पाइन्छ तर विभिन्न कारणले गर्दा नयाँ पुस्तामा हस्तान्तरण हुनेक्रम मा भने कमी आएको थाह लाग्छ। यद्यपि, केही सचेत व्यक्तिहरू तथा केही जातीय संघ संस्थाहरूको सत्प्रयासमा सिक्किम तथा दार्जिलिङमा नेपाली लोकसंस्कृतिलाई निरन्तरता दिने प्रयास भइ नै रहेको पाउन सकिन्छ।

# तेस्रो अध्याय

# ३. बलिप्रथाको परिचय अनि परम्परा

## ३.१ बलि शब्दको अर्थ र प्राचीनता

'बलि'- लाई एउटा प्रथा मानिएको छ। बलिका विभिन्न प्रकार रहेका छन्। वैदिककालदेखि आजसम्म यो परम्परा धार्मिक अनि लोकविश्वासका रूपमा रहेको पाइन्छ, यद्धपि यसको चलनमा कालन्तरमा केही परिवर्तन हुँदै आएको पनि देख्न सकिन्छ। 'बलि' शब्द 'बल प्राणने' धातुबाट निर्मित भएको हो , जसको अर्थ 'जीवन धारण गर्नु '[87] भन्ने हुन्छ। धार्मिक र लोकविश्वासका अनुसार प्राणीहरूको बलि प्राप्त गरेपछि देवताहरूले जीवन धारण र शक्ति प्राप्त गर्दछन् भन्ने विश्वास रहेको पाइन्छ। [88] *नेपाली बृहत् शब्दकोश*मा बलि शब्दलाई —'देवीदेवतालाई अर्पिने भोज्यवस्तु, देवीदेवतालाई भोक दिने पशुपन्छी'[89] भनी अर्थ्याइएको छ भने *प्रयोगात्मक नेपाली शब्दकोश*मा बलि शब्दको अर्थ यसरी दिएको पाइन्छ - 'देवतालाई भोगका लागि चढाइने पशुपन्छी वा भूतप्रेत आदिलाई मन्साउनका लागि छुट्ट्याएको अन्न, नैवेद्य आदि '।[90] यस अर्थमा बलि केवल देवीदेवतामात्र नभई भूतप्रेत आदिलाई चढाइने भोज्यवस्तु हो भन्ने बुझिन्छ। वास्तवमा लोकको आस्था वा विश्वासका अनुसार आफ्नो आराध्य ईश्वर, देवीदेवताहरूलाई पशु-प्राणी, फलफूल आदि चढाएर पूजा गर्दा मनोकामना गरिएको विषयवस्तु अथवा स्वार्थसिद्धि हुन्छ। यसै उद्देश्यपूर्तिका लागि बलिको परम्परा रहिआएको मान्न सकिन्छ।

---

[87] मोतिलाल पराजुली. 'नेपाली लोककथामा बलिप्रथाको: लङ्क्षिप्तसवलोकन', नवराज कार्की (सम्पा), *गरिमा* (वर्ष २३,अङ्क ५, पूर्णाङ्क २६९, वैशाख २०६२), काठमाडौं: साझा प्रकाशन, पृ. ११५।

[88] उही. पृ. ११५।

[89] वासुदेव त्रिपाठी र वल्लभमणि दाहाल(सम्पा). वि.सं. २०४०. *नेपाली बृहत् शब्दकोश*, काठमाडौं: साझा प्रकाशन, पृ. ९४७।

[90] हेमाङ्गराज अधिकारी. वि.सं. २०६६ . *प्रयोगात्मक नेपाली श ब्दकोश*, काठमाडौं : विद्यार्थी प्रा. लि., पृ.७०५।

*बलि* शब्द *धार्मिक* र *भावगत* अर्थमा पनि प्रयुक्त भएको पाइन्छ। धार्मिक अर्थले देवीदेवताहरूले पशुपन्छीको बलि प्राप्त गरेपछि जीवन धारण गर्नका साथै शक्ति प्राप्त गर्छन् भन्ने कुरातर्फ सङ्केत गरेको छ भने भावगत बलि उत्सर्ग वा त्याग को अर्थमा प्रयुक्त भएको पाइन्छ। यहाँ प्रयुक्त देवता शब्द आध्यात्मिक देवगण नभएर लोकले मानेको कुनै परमात्मा वा परमशक्तिका रूपमा आफ्ना आराध्य देवीदेवताको रूपमा प्रयुक्त भएको छ। आफ्ना आराध्य देवता वा आफ्न ध्येयलाई आफ्नो प्रिय वस्तु सम र्पण गर्नु पनि बलि दिनु हो।[91] भावगत अर्थमा बलिलाई उत्सर्ग वा त्याग भनेर पुष्टि भएको छ। समर्पित भावले आफ्ना आराध्य ईश्वरप्रति कुनै वस्तु समपर्ण गर्नु पनि बलि दिनु नै हो।[92] धार्मिक अर्थले आफ्ना विश्वासअनुसार आराध्य ईश्वर आदिलाई पशु-पन्छी काटेर, मारेर खुन वा मासुको भोग दिनु भन्ने बुझाउँछ अनि भावगत अर्थले आराध्य वा पुजनीय ईश्वरलाई मारकाट नगरी साचो मनले कुनै प्रिय वस्तु आदि समपर्ण गर्नु नै बलि हो। लोकले कुनै पराशक्तिप्रति प्रिय वस्तु समर्पण गर्नु पनि बलि दिनु नै हो।

बलि शब्दको प्रयोग मा प्राचीन ता पाइन्छ । प्राचीन धर्मग्रन्थ वेद, पुराण, महाभारत, बाइबल, कुरान आदिमा बलि शब्दको प्रयोग भएकाले अनि यी ग्रन्थादिमा बलि दिइएका प्रसङ्गहरू पाइएकाले यसको प्रयोगमा प्राचीनता रहेको सोझै अनुमान लगाउन सकिन्छ।

## ३.२. बलिप्रथा र यसको परम्परा

मानव समाजमा बलिप्रथाको परम्परामा प्राचीनता पाइन्छ । बलिप्रथा मानव सभ्यतासँगै विकसित भएको मान्न सकिन्छ। जबदेखि मानवले देवीदेवता, भूतप्रेत, डाइनी, बोक्सी आदिमा विश्वास गर्न शुरू गरे त्यस समयदेखि नै यो प्रथा शुरू भएको मान्न

---

[91] मोरिलाल पराजुली. पूर्ववत्, पृ. ११६।

[92] उही. पृ. ११६।

सकिन्छ। यो प्रथा भारतमा मात्र नभएर विश्वका थुप्रै मुलुकहरूमा पनि प्राचीन समयदेखि विद्यमान रहेको थाहा लाग्छ। अरबी मुलुकहरूमध्ये पूर्व एशियाली मुलुकहरूमा पनि यो प्रथा रहेको पाइन्छ। बाइबलमा बलि दिने प्रसङ्ग पाइएकाले इज्राइलको यहुदी समाज तथा मिश्र, जोडन आदि ठाउँहरूमा छरिएर बसेका यहुदीहरूमाझ यो प्रथा सभ्यताको पहिलो पहरबाट नै रहिआएको पुष्टि हुँदछ। यसरी नै कुरानमा पनि बलि दिने प्रथाको उल्लेख पाइएकाले इस्लामीक राष्ट्रहरूमा, अरब तथा मध्य एशियामा पनि यो प्रथा धेरै अघिदेखि रहिआएको थियो भन्ने थाहा लाग्छ। भारतमा वेद लगायत अन्य प्राचीन ग्रन्थ अनि साहित्यमा बलि दिने प्रथाको उल्लेख पाइन्छ।

### *३.२.१ वेद, पुराण, रामायण, महाभारत, बौद्ध अनि जैन साहित्यमा बलिको प्रसङ्ग*

भारतका प्राचीन साहित्यमा पूजा प्रार्थना अनि बलिका आख्यानहरू उपलब्ध छन्।[93] भारतको सर्वप्राचीन ग्रन्थ ऋग्वेदमा पशुबलि, होमबलि, अन्नबलि आदि दिने प्रचलन रहेको प्रसङ्ग तथा यस्ता कार्यका निम्ति उच्चारण गरिने मन्त्र, श्लोक तथा गीत, भजन आदि सङ्कलित गरिएको पाइएकाले भारतमा आर्ययुगको उदयसँगै बलिदिने परम्पराको थालनी भएको मान्न सकिन्छ। वैदिक संहिता अतिरिक्त पुराण, रामायण, महाभारत तथा बौद्ध अनि जैन साहित्यमा पनि बलि दिने प्रथाबारे उल्लेख भएको पाइन्छ। वैद्धिककालमा पशुपालन मुख्य व्यवसाय रहेको कुराको उल्लेख भएको पाइन्छ। विशेष गरेर गाई, गोरु र घोडालाई आयको मूल स्रोत मानिन्थे। ऋग्वेदका ऋचाहरूमा यी गाईवस्तु तथा घोडाहरू प्राप्तिका निम्ति देवतासित आराधना वा प्रार्थना गरिएका प्रसङ्गहरू भेटिन्छन्।[94]

---

[93] रोमिला थापर तथा अन्य. २००९(तेस्रो संस्करण). *इन्डिया: हिस्टरिकल विगिनिङ्स एण्ड कन्सपेट अफ द आर्यन,* न्यू दिल्ली: नेशनल बुक ट्रस्ट, इण्डिया, पृ. ६४।

[94] मौरीस विन्टरनिट्ज. सन् १९३३. (तीतृय संस्करण १९९१), *अ हिस्ट्री आफ् इण्डियन लिटरेचर,*(vol-I), नयाँ दिल्ली : मुन्सीराम मनोहरलाल पूब्लिसेस् प्रा. लि., पृ. ६४।

ऋग्वैदिक आर्यहरूले थुप्रै प्राकृतिक शक्तिको पूजा गर्दथे। उनीहरूले मान्ने महत्त्वपूर्ण देवहरू - आकाश, पृथ्वी, अग्नि, वायु, इन्द्र र सूर्य। पुरोहितहरूले सुक्त तथा स्तुति र ऋचा अथवा श्लोकहरूको रचना गरी आफ्ना ईष्टदेवका आराधना गर्दथे। बलिप्रथा एउटा मुख्य परम्परा रहेको थियो। उनीहरूको विभिन्न देवदेवतालाई अन्न, दूध, घ्यू, सोम अनि सुराका साथै पशुपन्छीको भोग दिने गर्दथे।[95]

*एमाशुमाशवे भर यज्ञश्रियं नृमादनम्। पतयन्मन्दयत् सखम् ।।७।।*

*अस्य पीत्वा शतक्रतो घनो वृत्राणामभवः। प्रावो वाजेशु वाजिनम्* ।।८।।(पहिलो मण्डल, सुक्त ४)।[96]

अर्थात्- हे यजमानहरू हो । यज्ञलाई ऐश्वर्यशाली बनाउने, प्रसन्नता प्रदान गर्ने र मित्रलाई आनन्द दिने यो सोमरस भनेर इन्द्रलाई अर्पण गर। हे सयौं यज्ञ सम्पन्न गर्ने इन्द्रदेव। यही सोमरस पिएर तिमी वृत्तजस्तो मुख्य शत्रु संहार गर्न सक्ने हुन्छौं, त्यसैले तिमी युद्धका मैदानमा हाम्रो वीर योद्धाको रक्षा गर।[97]

इन्द्रदेवले राता अनि काला गाईहरूमा सेतो दूधभरि दिएको चमत्कारी कार्यको स्तुति गीत वेदमा भएको पाइन्छ। यस युगमा गाईवस्तुको मूल्य विशिष्ट मानिए तापनि विशेष गरेर गोरुलाई बलि चढाइने अनि त्यसको मासु खाने कुरामा कुनै किसिमको रोकटोक भने थिएन। गौं अथवा गाईलाई 'अघन्य' अर्थात् 'जसको हत्या गर्न हुन्न' भनिए तापनि विशेष स्थितिमा भने गौं हत्या पनि हुने गरेको उल्लेख पाइन्छ।[98] एच. ओल्डडेन बर्गले आफ्नो जर्मन भाषामा लेखेको किताब 'रिलिजन देस वेदा'-मा वैदिक गीतहरूबारे चर्चा गर्दै बलिसम्बन्धी गीत तथा श्लोक मन्त्रादि वैद्धिक आर्य पण्डित वा पुजारीले मन्दिर

---

[95] आर. एल. राय, सन् १९९९, *हिस्ट्रीअफ् इण्डिया,* दार्जीलिङ: साझा पुस्तक प्रकाशन, पृ. ३२।
[96] तिलकप्रसाद लुइटेल (अनु), पूर्ववत्, पृ. ४।
[97] उही. पृ. ४।
[98] मौरीम विन्टरनिट्ज. (VoI-I), पूर्ववत्, पृ. ६५।

नभएका ठाउँमा बेलिवेदीमा गाउने गरेको चर्चा गरेका छन्। विशेष गरेर यस्ता बेलिवेदीहरूमा भएको अग्निकुण्डको अघि बसेर उनीहरूले आफ्ना देवता, जंगली देव आदिलाई पुकारा गरी मासु, घ्यू तथा सोमरस आदि चडाउँदै यी देवीदेवतालाई भोग दिने गरेको उल्लेख यस पुस्तकमा भएको पाइन्छ।[99]

ऋग्वेद संहिताका श्लोकहरू तथा स्तुतिहरू मुख्य रूपमा देवीदेवतालाई पुकार्ने तथा बलि दिने हवनसित धेर सम्बन्धित छन् भने अ थर्ववेदका यस्ता श्लोकहरू कर्मकाण्ड तथा जादूगरीको उद्देश्यपूर्तिका लागि हुन् भन्ने कुरा विन्टरनिट्जले बताएका छन्। [100] यसरी नै अन्य दुइ वेद - सामवेद अनि यजुर्वेद संहिताहरूमा सङ्गृहीत, श्लोक आदि व्यावहारिक उद्देश्यका लागि सङ्कलित गरिको मानिएको छ। यी संहिताहरू यज्ञ, संस्कार, विधिविधान अनि बलि दिने ब्राह्मण वा पुरोहित आदिको व्यावहारिक प्रयोगका लागि सङ्गृहीत गीत, श्लोक र मन्त्र आदिकै सङ्ग्रह हो भन्ने मत पाइएकाले वैदिककालमा बलि दिने प्रथा पूर्ण रूपमा विद्यमान रहेको थाहलाग्छ। वैद्धिक ब्राह्मणवादमा पनि विभिन्न परम्परा रहेको थाहा लाग्छ। ऋग्वेदका कतिपय श्लोकहरू अनि अर्थववेदका प्रार्थना गीतहरू, जन्म, विवाह, मृत्यु आदि जस्ता अनुष्ठानका लागि अनि पितृपूजाको प्रयोजनका लागि सङ्गृहीत रहेको मानिन्छ जो धेरैजसो बलिसित सम्बन्धित पाइन्छन्। यस्ता कार्यहरूलाई 'गृहकर्मणी[101]' भनिएको पाइन्छ। यस्ता कार्यका निम्ति हवन गर्ने चलन रहेको पाइन्छ। इन्द्रदेव, जसलाई योद्धाहरूको देव पनि मानिएको छ- चमत्कारलाई विश्वास गर्ने सोम सम्प्रदायमा बेलिवेदी तयार गरी तीनवटा अग्निकुण्डमा चार जना ब्रह्माणहरूद्वारा बलि दिने परम्परा रहेको थाहा लाग्छ। यस कार्यको समापनपछि कर्ता वा जजमानले ब्राह्मा णलाई दक्षिणा

[99] उही. पृ. ६३।
[100] उही. पृ. १५९।
[101] उही. पृ. १६०।

दिने गरेकाले बलिप्रथा उसबेला ब्राह्मणहरूका निम्ति आयको एउटा प्रमुख स्रोत पनि रहेको थियो।[102] त्यसैले यसलाई अर्थसित पनि जोडेर हेर्ने गरिन्थ्यो।

बलि आदिको कर्मकाण्ड गर्दा गरिने पूजालाई ब्रह्मानाष भनिन्छ जो स्तु तिको अंश हो। यही पाठ स्तुतिका माध्यम बलिदिने भएकाले यस्ता बलिलाई श्रौताकर्मनी भनिन्छ। श्रौत बलिका चार मुख्य पुरोहितहरूलाई- होतार (ईश्वर आराधना गरी ईष्टदेवलाई बलबेदीमा निमन्त्रणा दिन ऋचा वा श्लोक वाचन गर्ने), (मन्त्रोचारणका साथ बलि दिने वस्तु प्राणी आदिलाई तयार गर्ने) अघ्भर्सु (बलि दिने) र ब्राह्मण वा मुख्य पुरोहित (बलिलाई कुनै हानि, क्षतिबाट सुरक्षा दिने) भनेर चिन्ने गरिन्थ्यो। बलि दिने कार्यमा गल्ती भए, मन्त्रोच्चारणमा त्रुटि भए लय भङ्ग भए, यसले लाभ नगरेर हानि हुने विश्वास गरिन्थ्यो। त्यसैले ब्राह्मण बलि दिने ठाउँको दक्षिण तर्फ बस्ने गर्दथे, जुन दिशाबाट भूतप्रेत वा असुरहरू आउने गर्छन् भन्ने विश्वास गरिन्थ्यो। [103] यस कुराबाट वैदिककालमा बलि दिने प्रथा र प्रक्रियालाई शुद्ध अनि विधिविधानसहित सुसम्पन्न गरिने कार्यका रूपमा चिनिन्थ्यो भन्न सकिन्छ।

वैदिक साहित्यबाहेक पुराणमा पनि बलि प्रथाको प्रसङ्गहरू यत्रतत्र पाइन्छ। *विष्णु पुराण*को तृतीय पुस्तकको तेह्रौंदेखि सत्रौं अध्यायहरूमा वर्णाश्रम र व्यावसाय, जन्म, विवाह आदि कार्य एवम् बलि दिने र इष्ट देवलाई विभिन्न थोकको भोग दिने कुराहरू उल्लेख भएको पाइन्छ। [104] पुराणमा बलि प्रथाको प्रसङ्गबारे चर्चा गर्दा *मार्कण्डेय* पुराणको उल्लेख गर्नु अनिवार्य देखिन्छ। ईश्वीको छैटौं शताब्दीभन्दा *मार्कण्डेय* पुराणमा गाँभिएको *देवी महात्म्य*लाई दुर्गा देवीको स्तुति मानिन्छ। मार्कण्डेय पुराणको *देवी महात्म्य*को वाचन गरी दुर्गालाई महिमा दिनका निम्ति नरबलि दिने चलन लगभग सय

[102] उही. पृ. १६०।
[103] उही. पृ. १६१।
[104] उही. पृ. ५५०।

वर्षअघिसम्म बङ्गालमा प्रचलित रहेको थियो [105] भन्ने कुराहरूको उल्लेख पाइएकाले भारतमा वा आधुनिक भारतमा पनि नरबलि दिने परम्परा रहेकै थियो भन्न सकिन्छ।

यी माथिका प्रसङ्गहरूले भारतमा बलि, विशेष गरेर नरबलि अनि पशुपन्छीको बलिको परम्परा रहेको कुरा उद्घाटित गरेको भए तापनि रामायण, महाभारतकाल यता भने यस किसिमका बलिप्रथाको प्रचलन कम हुँदै गएको पाइन्छ। अझपछि आएर बौद्ध, जैन अनि सन्त परम्परा आदिले अहिंसाको प्रचारप्रसार गरेवापत् यो प्रथा धेरै घटेर गएको पाइन्छ । यद्धपि अन्नबलिको प्रचलनचाहिँ यथावत् नै रह्यो। वैदिक विश्वासमा बाँचेको पशुप्राणीको बलि दिने प्रथाको विरोध भएको प्रसङ्ग जे. मुरद्वारा अनूदित महाभारतको बाबु छोराबीचको वार्तालापको प्रस्तुत अंशले दिँदछ —

तपाईं मलाई आफ्नो इष्टदेव खुशी पार्न

बलि दिन सल्लाह दिनुहुन्छ

तर यस्ता रीतिले पूर्णता दिन्न

अनि म मान्दिनँ

किन ईश्वरका लागि क्रूर भोज्य दिने

किन जीवजन्तुको हत्या र खून बहाउने

बरू म सत्यताको भावगत बलि दिन्छु

पवित्र शान्ति अनि स्वच्छ जीवन दिन्छु।[106]

---

[105] उही. पृ. ५६५।

[106] Thou dost advise that I should please
With sacrifice the deities.
Such rites I disregal as wain;
Through these can none perfection gain,

बौद्ध साहित्यमा बलिप्रथाको विरोध भएको पाइन्छ। आर्य ब्राह्मणवादका थुप्रै कुराहरूको विरोध गर्दै अहिंसाको प्रचार गर्ने बौद्धवादले प्राणी हत्याको विरोध गरेको पाइन्छ। बौद्ध साहित्यको मझीमानीकाय सूत्रहरूमा ब्राह्मणवादी बलिप्रथाको विरोध गरिएको पाइन्छ। यसमा हत्या र सत्ता अनि पण्डित्याइँको सम्बन्धलाई प्रकाश पारिएको छ।[107]

*बौद्ध ब्राह्मणधम्मीका सूक्त* मा साँचो ब्राह्मणअघिका ऋषिहरू थिए तर राजाहरूका सम्पत्ति र सुखसयलतर्फ लालायित बनेर उनीहरू सुरा,सुन्दरी र पशु हत्या गरी बलि दिन लागे भन्ने कुराको उल्लेख गर्दै साँचो भिक्षुअघिको ऋषिझैं हुनुपर्छ भन्ने कुराको उल्लेख पाइन्छ।[108] बौद्ध साहित्यका धेरै स्त्रोतहरूमा देवी तारा, जसलाई उद्धार गर्ने देवी भनेर चिनिन्छ -को स्तुति भएको पाइन्छ। कश्मीरी कवि सर्वज्ञामीद्वारा आठौं शताब्दीमा रचित 'आर्यतारा स्रग्धारा स्त्रोत'-मा कश्मीरका राजाले धन प्राप्तिका लागि यी कवि लगायत सय जना मानिसहरूको बलि दिन लाग्दा कविको पुकारा सुनी ताराले सबैलाई उद्धार गरेको प्रसङ्ग पाइन्छ।[109] कविताले आर्य सम्प्रदायको बलिप्रथा र जादुगरीको विरोधमा बुद्धको प्रचार तर्फ सङ्केत गर्दछ।

जैन साहित्यका थुप्रै नीति कथाहरूमा पनि बलि दिने परम्परा र प्राणी हत्याको विरोध पाइन्छ। नीति कथाहरूमा राजा यसोधराको कथा, गोसखानको व्यापारी आदि जस्ता कथाहरू धेरै प्रचलित छन्। राजा यसोधराले आफ्नो एउटा केश फुलेको देखेर

---

Why sate the gods, at crul feasts,
With flesh and blood of slaughtered beasts ?
For other sacrifices I
Will offer unremittingly;
The sacrifice of calm, of truth
The sacrifice of peace, of truth
Of life serenely, purely, spent, (मौरीस विन्टरनिट्ज. पूर्ववत्, (voI - I), पृ. .४२१)।

[107] मौरिस विन्टरनिट्ज. उही, (vol-II), पृ. ५०।

[108] उही. (vol-II), पृ. ९४।

[109] उही. (vol- II), पृ. ३७८-३७९।

जैन भिक्षु हुने इच्छा गर्दछन्। त्यसै रात सपनामा उनले आफ्ना स्त्रीले आफूलाई छाडेर चौकीदारसित गएको देख्छन्। राजा आफू चुपचापले सन्त हुनुको सट्टा आफूले देखेको सपना आफ्नी आमालाई सुनाउँछन्। आमाको सल्लाहमा सपनाको दु ष्परिणाम टार्नका लागि उनले आफ्नो इष्टदेवतालाई एउटा पन्छी काटेर बलि दिन्छन्। परिणामस्वरूप राजा अनि उनकी आमाले पशुपन्छीको रूपमा धेरैपल्ट जन्म लिनुपरेको पाइन्छ। अन्तत : एक जना सन्तबाट उनीहरूले अघिल्लो जन्मको कथा सुनेर प्रायश्चित गरे पश्चात् उनीहरू पुन : भिक्षु-भिक्षुनीका रूपमा जन्मन्छन् अनि पछि स्वर्ग प्राप्त गर्दछन्।[110]

यस कथाले भिक्षु भई स्वर्ग प्राप्त गर्ने अवसर जुट्दा जुट्दै पनि राजाले पशु हत्या र बलि अनि संसारी सुखसयल र स्त्रीभोगको इच्छा राखेकाले स्वर्ग प्राप्तिबाट वञ्चित बन्न परेको आसय व्यक्त गरिएको छ।

उसरी नै गोसखानको व्यापारीले मरेपछि आफ्नै गोसखानमा सुंगुर भएर जन्मन परेको[111] कुरा प्रकट गरेको छ। जसले जीव हत्या गरे अर्को जन्ममा आफूले त्यस्तै परिणाम भोग्न पर्दछ भन्ने कुरा व्यक्त गरेको छ।

यसरी नै जैन नीति कथामा राजा मारीदत्तले आफ्नो नपुंसकतालाई पुन : जाग्रत गर्नका निम्ति एउटा विराट बलि दिने योजना बनाएका थिए भन्ने प्रसङ्ग फेला पर्छ। त्यस बलिका निम्ति नरलगायत प्रत्येक पशुपन्छीका जोडा जुटाइका थिए। राजाले बलि दिन लाग्दा उनका एकजना नोकरले ती नरजोडीलाई त्यहाँबाट तानेर अलग गरेपछि ती दुवै स्त्रीपुरुष राजाका आफ्नै सन्तान रहेको कुरा स्पष्ट हुँदछ। त्यस घटनाले राजामा परिवर्तन

---

[110] उही. (vol-II), पृ. ५२२-५२३।

[111] उही. (vol-II), पृ. ५२४।

आउँदछ र उनी पनि जैन धर्मावलम्बी हुन्छन्। [112] यस कथाले पनि पशु, जीवजन्तु र नरबलिको विपरित परिणामलाई व्यक्त गरेको छ।

भारतमा जीवजन्तुको बलिदिने प्रथा कम हुँदै गएको थाहा लाग्छ। वास्तवमा वैदिककालमा रहेको जीवजन्तुको बलिदिने प्रथा तत्कालीन समाजको आर्थिक पक्षसित पनि जोडिएको थियो। गाई, गोरु अनि घोडा आदिलाई ठूलो सम्पत्ति मानिन्थे। तत्कालीन समाज पशुपालन अनि कृषिमा निर्भर थियो जसका निम्ति गाईवस्तुहरू नितान्त आवश्यक कुरा हुन्थे। आफ्नै ईच्छाले अनि कहिलेकाँही वैदिक ब्राह्मण धर्मले कृषकहरूलाई उत्तम वा श्रेष्ट जीवजन्तु बलिका निम्ति दिन बाध्य गरायो। यसका कारण उनीहरूको आर्थिक क्षेत्रमा विपरित प्रभाव पर्न गयो। यस दृष्टिमा बलिप्रथा कृषक वर्गको हितको विरोधमा रहेको थियो भन्न सकिन्छ। यसै कारण पनि बौद्धवाद र जैन सम्प्रदाय अनि पछिबाट आएको सन्त परम्पराले प्रचारप्रसार गरेको अहिंसाको सिद्धान्तलाई धेरैले पछ्याए। पशुप्राणी हत्याको विरोध अहिंसा सिद्धान्त मात्र भएन यो बहुसंख्यक कृषकहरूका लागि वरदान सावित भयो। यी कारणहरूले गर्दा पनि जीवजन्तुको बलिदिने परम्परा र परिणाममा कमी आएको देखिन्छ।

## ३.३. बलिका प्रकार

बलि दिने परम्परा धेरै प्राचीन रहेकाले बलिको प्रकारबारे स्पष्ट रूपमा भन्न गाह्रो हुँदछ। आफ्ना आराध्य ईश्वरप्रति समर्पण भावले विविध प्रकारका वस्तुहरूको भोग वा बलि दिइने परम्परा प्राचीन समयदेखि रहिआएको छ।

ऋग्वेदमा उल्लेखित शून :शेपको बलिको कथा नरबलिसँग सम्बन्धित छ भने अश्वमेघ यज्ञ, सोमयाग आदिमा पशुहरूको बलि दिइने परम्पराको उल्लेख पाइन्छ।

---

[112] उही. (vol-II), पृ.-५३४।

*बाइबल*मा उल्लेखित होमबलि, पापबलि, दोषबलि र अन्नबलि आदि जस्ता बलिको प्रकारको उल्लेख पाइन्छ। यी बलिका प्रकारहरूमा अन्नबलिमा केवल अन्नको बलि अनि होमबलि, पापबलि र दोषबलिहरूमा बाख्राको पाठो र पाठी, भेडा, परेवा आदि पशु-पन्छीको बलि दिइएको उल्लेख पाइन्छ। अत : *बाइबल*मा चर्चित बलिहरूमा अन्नबलि र पशुपन्छी बलि गरी तीन प्रकारका बलिको चर्चा पाइन्छ।

आजसम्म पाइएका बलिको प्रकारबारे तल चर्चा गरिन्छ।

*३.३.१ नरबलि*

नरबलाई सबैभन्दा भ यभीत बलिको रूपमा मानिन्छ। यस नरबलि सबैभन्दा प्राचीन मान्न सकिन्छ। *ऋग्दवे* र *बाइबल*-मा नरबलिको चर्चा पाइन्छ। *ऋग्वेद*मा शुन:शेपको कथा र *बाइबल*-मा इसाहाकको बलिको प्रसङ्ग नरबलिसँग सम्बन्धित छ। कुनै पनि विशिष्ट वा महान् प्राप्तिका लागि इष्टदेवलाई नरबलि दिइन्छ भन्ने विश्वास रहिआएको छ। योगीहरूले महान् ता न्त्रिक विद्या आर्जन गर्न नरबलि दिने गर्छन् भन्ने कुरा कहींकतै सुन्न पाइन्छ। त्यसरी नै ठूला-ठूला पूलहरूको निर्माण गरे पश्चात् अनिष्ट वा दुर्घटना आदि नहोस् भनी मान्छकै भोग दिने परम्परा वर्तमानसम्म पनि गोप्य रूपमा रहेको छ भन्ने मतहरू पाइएका छन्। [113] कहिलेकाँही सासाना नानीहरू हराउने गरेको घटनाले पनि त्यसको सङ्केत गर्दछ, यद्धपि यसको कुनै प्रमाण पाइँदैन।

वर्तमानमा सबै नै राष्ट्रहरूमा नरबलिलाई गैरकानूनी कार्य घोषित गरि एकाले बलि दिने परम्परामा केही कमी आएको देखिन्छ। तथापि कतिपय सम्प्रदायमा आफ्नो औंला काटेर देवीदेवतालाई खून चढाउने प्रथा भने बाँचेकै पाइन्छ जसलाई नरबलि कै प्रतीकात्मक रूप मान्न सकिन्च। मध्यप्रदेश राज्यको मण्डा जिल्लाको एक २८ जनवरी

---

[113] मङ्पु, दार्जिलिङ निवासी ६५ वर्षीय कुश कुमारसित दिनाङ्क ०४.०७.२०१४-का दिन लिएको अन्तरवार्ता अनुसार।

२०१५-मा नरबलि मामिलामा ६ जना दोषीहरूलाई मृत्युदण्डको सजाय दिएको छ। दोषीहरूमा तीनजना महिला र तीनजना पुरुष रहेका थिए। उनीहरूले १० वर्षीय सचीन नामको बालकलाई तन्त्रविद्याको नाममा बलि दिएको प्रामाणित भएको थियो।[114]

- बोलपुरको दोनायपुर गाउँको 'काजलाकाली' मन्दिरमा चैत्र संक्रान्तिको अवसरमा नरबलि दिइने चलन अझै कायम रहेको छ।[115]
- महाराष्ट्रको नासिक जिल्लामा तन्त्रका लागि दुइ महिलालाई बलि दिइयो।[116]
- २५० वर्षअघि कुरुक्षेत्रमा जन्मिएका योगी वनखंडीले महाराजले कामाख्यामा नरबलिको परम्परा रोकेका थिए।[117]
- सन् १४९० मा जन्मिएका राजा धन्य माणिक्यले त्रिपुरामा नरबलिको परम्परामा रोक लगाएका थिए।[118]
- छत्तीसगढको दुर्ग जिल्ला एवम् सत्र न्यायालयले २३ नोभेम्बर २०१० चिराग नामक बालकको नरबलि दिएको मामिलामा सात जनालाई फाँसीको सजाय दिएको छ।[119]

---

[114]स्रोत-http://rajasthanpatrika.patrika.com/story/india/6-person-gets-Death-sentence-for-human-sacrifice1221276-413040.html (१२ जनवरी,२०१५)।

[115]स्रोत-http://hindi.webdunia.com/indian-religion-tantra-mantra/अमावस्या-का-भोज-और-नरबलि-110051900018_1.htm (१२ जनवरी,२०१५)।

[116]स्रोतhttp://khabar.ndtv.com/topic/%E0%A4%A8%E0%A4%BE%E0%A4%B8%E0%A4%BF%E0%A4%95-%E0%A4%AE%E0%A5%87%E0%A4%82-%E0%A4%A8%E0%A4%B0%E0%A4%AC%E0%A4%B2%E0%A4%BF

[117]स्रोत-http://www.amarujala.com/news/spirituality/inner-journey/every-person-is-the-child-of-god/(१२ जनवरी,२०१५)।

[118] विपिन बिहारी पाराशर, (2007), त्रिपुरा में यूं समाप्त हुई थी नरबलि परम्परा, स्रोत-http://panchjanya.com/arch/2007/6/3/File39.htm(१२ जनवरी,२०१५)।

[119]स्रोतhttp://www.bbc.co.uk/hindi/india/2014/03/140326_hanging_death_sentence_narbali_rd(१२ जनवरी,२०१५)।

- सन्त रामपाल को बरवालास्थित सतलोक आश्रम मा रणधीर सिंह नामक युवकको नरबलि मा मिलामा पञ्जाब एवम् हरियाणा हाईकोर्ट मा एउटा मामिलाको सुनवाइ भइरहेको छ।[120]

यी घटनाक्रमहरूले के प्रमाणित गर्दछन् भने आज पनि नरबलिको परम्परा बाँचेको छ। तथापि यसलाई अमानवीय एव म् जघन्य अपराध मानिए तापनि गोप्य रूपमा नरबलि दिइन्छ।

*३.३.२ पशुबलि*

विश्वको विभिन्न सम्प्रदाय र जातिमा पशुपन्छीको बलि अद्यावधि विद्यमान रहेको पाइन्छ। यस प्रकारको बलिको परम्परा पनि प्राचीन रहेको मानिन्छ। यस प्रकारको बलि आज पनि त्यात्तिकै टड्कारो रहेको पाइन्छ। धार्मिक विश्वाससित सम्बन्धित भएकाले वर्तमानसम्म पनि चलेकै छ।

नेपाली जातिका विविध उपजात-जातिहरूमा यस प्रकारको बलि प्रचलनमा रहेको छ। मारहान्ने प्रथा, दुङ्दुङ्गे, आतबारे, देवी, कुल, बायु, उधोउँली-उभाउँली, भीमसेन, लुहासुर, आठाने, तङ्सीग, नाहेन, नयाँ वा नुवाङ्गी, शिकारी , सिद्ध, बुढीबोजू आदि जस्ता पूजाहरूमा पशुपन्छीको बलि दिने परम्परा आजसम्म बाँचेको पाइन्छ।

*२८ नोभेम्बर २०१४ शुक्रबारको दिन नेपालको गढीमाई मेलामा एकै साथ पाँच हजार राँगा र हजारौं बोकाको बलि दियो। यद्पि पशु अधिकारवादीहरूद्वारा चलाइएको बलि प्रथा विरोधी अभियान तथा भारतीय अधिकारीहरूद्वारा नेपालतर्फ पशु पठाउन लगाइएको रोकका कारण यसपटक गढीमाई मेलामा दिइने बलिको संख्यामा उल्लेखनीय कमी*

[120]स्रोत-http://www.bhaskar.com/news/UT-CHD-satlok-ashram-human-sacrifice-case-hearing-posponed-4895644-NOR.html (१२ जनवरी,२०१५)।

*आएको मेला आयोजकहरूले बताएका छन्। शुक्रबार हजारौँका संख्यामा बोकाको बलि दिए पनि राँगाको संख्यामा निकै कमी आएको बताइन्छ। एक महिने लामो गढीमाई मेलामा शनिबार पनि बलि दियो। यसपटक पछिल्लो पटकभन्दा कम्तीमा दुइ हजार जति राँगा घटेको बताएको छ। आयोजकहरूका अनुसार पाँच वर्षअघिको मेलामा साढेसात हजार राँगा बलि दिएको थियो। मेला व्यवस्थापन समितिका अध्यक्ष रामचन्द्र शाहले भने, "भारतले रोक लगाएको कारण बलिको संख्या केही कम हुन गयो तर दर्शनार्थीहरूको संख्यामा कुनै कमी आएको छैन।" बलिका लागि नेपालमा पशु ल्याउन भारतको सर्वोच्च अदालतले बन्देज लगाएपछि यसपटक संख्या घटेको ठानिएको छ।*[121]

### *३.३.३ अन्नबलि*

बलिमा पशुपन्छीहरूको मारकाट नगरी अन्नको बलि चढाएर आफ्ना आराध्य ईश्वरलाई पूजा गर्ने चलन पनि पुरानै हो। यस प्रकारका बलि वास्तवमा हिंसा, मारकाट, खूनीजस्तो हिंसात्मक कार्यको विरोधबाट विकसित भएको मानिन्छ। बलिमा विशेष धान, कोदो, गहु, मकै आदिको बलि दिइन्छ। यस प्रकारको बलिमा विशेष धान, कोदो, गहु, मकै आदिको बलि दिइन्छ। पशुपन्छी आदिको काटमार नगर्ने हुनाले यस किसिमको बलिलाई हिंसात्मक बलिको विकल्प मानिन्छ।

हवन तथा नुवागी आदिलाई अन्नबलि मान्न सकिन्छ। विशेष गरेर बौद्ध, जैन तथा सन्त परम्पराद्वारा प्रचारप्रसार भएको अहिंसाको सिद्धान्तका कारण पनि अन्नबलिको प्रचलन बढेको मानिन्छ। साथै जीव संरक्षण कानून तथा पशुपन्छी बलिको विरोधी संघ-संस्था तथा सङ्गठनको कडा निगरानी र विरोधका कारण पनि पशुबलिको ठाउँमा अन्नबलि प्रचलनमा आएको बुझ्न सकिन्छ।

---

[121]स्रोत-http://www.bbc.co.uk/nepali/news/2014/11/141128_gadimai_festival, (१५जनवरी,२०१५)।

नेपाली जातिमा प्रचलित यस प्रकारको बलिमा नुवाङ्गी पूजा, संसारी पूजा, सत्यनारायण पूजा आदिमा धान, मकै, गहुजस्ता अन्नहरू चढाउँछन् वा बलि दिदँछन्। अन्नबलिको परम्परा पनि प्राचीन रहेको पाइन्छ। ऋग्वेदमा लेखिएको छ-

*भद्रं ते अग्ने सहसिन्ननीकमुपाक आ रोचते सूर्यस्त।*

*रूशद्दृशे ददृशे नक्तया चिदरूक्षितं दृश आ रूपे अन्नम्* ।।

(चौथो मण्डल, सुक्त-११-१)[122]

अर्थात् हे बलशाली सौन्दर्यवान अग्निदेव ! तिम्रो हितकारी तेज दिउँसो पनि चारैतिर आलौकिक हुन्छ र हेर्नका लागि अत्यन्त रमाइलो हुन्छ। राति पनि त्यस्तै देखिन्छ। चिल्लो घिउँसहितको हव्य तिमीलाई समर्पित गरिन्छ।

*हव्य-* हवनका लागि विभिन्न अन्न, चामल, तिल, जौ, आदिद्वारा तयार गरिएको हवनको सामग्री, चरू।

यसरी नै बाइबलमा पनि अन्नबलिको प्रसंगले यसको प्राचीनतालाई स्पष्ट गर्दछ। बाइबलको पुरानो करारका अनुसार जब पाप आयो तब परमेश्वटरले बलिप्रथालाई स्थापना गरे। यो स्थापना गर्नुका कारण क्षमादानको मूल्य कति ठूलो छ र भविष्यमा उनका पुत्रले गर्ने बलिदानलाई देखाउनु थियो। निश्चिोत पापहरूको मोल तिराउन , अशुद्धबाट शुद्ध हुन, दोषी मुक्त भएकोमा गहिरो आभार र प्रशंसा व्यक्त गर्न विभिन्न प्रकारका बलिहरू चढाउने रीति पुरानो करारमा स्थापना भएको थियो।[१२३]

---

[122] तिलकप्रसाद लुइटेल. (अनु.), (वि.सं. २०६३). ऋग्वेद नेपालीमा, काठमाडौं, विद्यार्थी पुस्तक भण्डार, पृ. ३३३।

[123] आन्जल मान्युल रोड्रिग. (सन् २००८). *प्रायश्चितको विधिद्वारा परमेश्वदरसँग मेलमिलाम र येशुको क्रुस,* भजुराम श्रेष्ठ (अनुवादक), काठमाण्डौ, नेपाल फिल्ड अभ् सेभेन्थ-डे एडभेन्टिस्ट, पृ. ७२।

- अन्नबलि जमीनको अन्न उब्जनीबाट चढाइन्थ्यो। परमेश्वेरले आफ्ना मानिसहरूलाई हेरचाह गर्नुहुन्छ भनेर स्वीकार गर्न य स प्रथाले सहायता गरेको थियो। सबैथोक परमेश्वरकै हो । तर उहाँप्रति आभार व्यक्त गर्नका निम्ति तिनीहरूको एउटा सानो अंश उहाँकहाँ ल्याउन उहाँले माग गर्नुभएको थियो (व्यवस्था २६:९,१०)।[१२४]
- यो "करारको नूनसँगै" चढाइन्थ्यो (लैब्य २:१३)।[१२५]
- पूर्वीय देशहरूमा नूनलाई खानेकुराहरूलाई धेरै समयसम्म जोगाइ राख्ने साधनको रूपमा चलाइन्थ्यो। त्यसकारण नून यस्तो ठीक प्रतीक थियो जसले परमेश्वमर र उहाँका जन ताहरूबीचमा करारमा मजबूत सम्बन्ध थियो भनेर देखाउँथ्यो (२ इतिहास १३:५)।[१२६]

*३.३.४ प्रतीकबलि*

नेपाली जातिमा प्रतीक बलिको प्रचलन बढ्दो पाइन्छ। पशुपन्छीको बलि नदिएर अरू प्रकारका वस्तुहरूलाई पशुका रूपमा संकल्प गरी दिइने बलि नै प्रतीक बलि हो। यसै सन्दर्भमा मान्छेको कुनै अङ्ग, विशेष गरी औंला काटेर खून चुहाएर दिने बलिलाई पनि प्रतीक बलि नै मानिएको पाइन्छ।[127]

नेपाली प्रत्येक जात-गोष्ठीमा यस प्रकार बलिको प्रचलन बढेर गएको छ। उदाहरण स्वरूप दशैं छेक अष्टमी र नवमीको दिन राँगो, भेडा, खसी आदिको बलि दिने परम्परा रहेको थियो। तथापि आज मार हान्दा आठ प्रकारका पशुहरूको प्रतीकस्वरूप घिरौला, कुविन्डो, फर्सी, काक्रा, केरा, इस्कुस आदिलाई पशुहरूको प्रतीक बनाइ बलि दिने चलन

---

124 उही, पृ.-६९।

125 उही, पृ.-६९।

126 उही, पृ.-६९।

127 सौरेनी, दार्जिलिङ निवासी ६० वर्षीय प्रतापचन्द्र प्रधानबाट प्राप्त जानकारी अनुसार।

पाइन्छ। विश्वकर्म जातिले गर्ने लोहासुर(घन पूजा)-मा जम्मा ९ प्रकारका पशुहरूको बलि दिने परम्परा रहेको थियो तर वर्तमानमा बोकोबाहेक अन्य प्रकारका पशुका लागि कुविन्डो, फर्सी, लौका, काक्रा, केरा आदिलाई पशुको रूपमा बलि दिने गरिन्छ।[128]

लोकले आफ्नो आस्था र विश्वासका अनुसार आफ्ना आराध्य देवीदेवता, भूतप्रेत. कुलकुलायन आदिलाई रगतको बलि नचढाइ नहुने प्रथा पनि पाइन्छ। तर समयको परिवर्तनसँगै मानिसहरूको सोचाइमा आएको परिवर्तनका कारण पशुपन्छीको ठाउँमा प्रतीक बलि दिने चलन बढी पाइन्छ। एक अर्थमा भागवत्माश वर्णित बलिलाई पनि प्रतीक बलि नै मान्न सकिन्छ। भागवत्माछ उल्लेक बनेझैं धेरैले कुनै पशुपन्छीको काटमार नगरी ईष्टदेवी स्वच्छ अनि चोखो मनले संकल्प गर्ने गर्छन्। यसलाई प्रतीकात्मक बलि भन्न सकिन्छ।

*३.३.५ अन्य प्रकारका बलि*

यस प्रकारको बलिमा फलफूल, धूपबाती अनि अन्य प्रकारका वस्तुहरूको बलि दिइन्छ। मानवले आफ्ना खेतबारीमा लगाएका फलफूल पाकेपश्चात् ती फलफूललाई आफ्ना आराध्य ईश्वरप्रति बडो श्रद्धाका साथ चढाउने प्रथाबाट फलफूल बलिको शुरूवात भएको मान्न सकिन्छ। यस प्रकारको बलिमा पशुपन्छी र अन्नबाहेक तुलफूल, धुपबाती, मिठाई, नैवे द्य आफ्ना आराध्य देवीदेवता, कुलआदिलाई चडाइन्छ। यी सामग्रीहरू देवीदेवता र कुल पितृलाई अर्पण गरी दिइने यस बलिको परम्परा पनि एक पुरानो रहेको पाइन्छ।

वर्तमानमा नरबलि, पशुपन्छी बलिभन्दा अन्नबलि, प्रतीक बलि र अन्य प्रकारका बलि धेर प्रचलित छन्। दिनदिनै मासिँदै गएको पर्यावरणप्रति सचेत भएर पनि मानिसहरू

---

128 . गैरी गाउँ, बिजनबारी, दार्जिजिङ निवासी ७९ वर्षीय दिलबहादुर बराइलीसित दिनाङ्क ०५.०९.२०१४-का दिन लिएको अन्तरवार्ता अनुसार।

पशुप्राणीको हत्या गर्न चाहँदैनन्। विभिन्न पन्त र सम्प्रदायको प्रभावका कारण पनि प्राणी हत्या र हिंसाबाट मानिसहरू विमुख भैरहेका छन्। नेपाली समाजमा रहेका कबीर, प्रणामी, साई, ओमनन्द, निराकारी आदि जस्ता सम्प्रदायले फलफूल आदिको बलि दिने गर्छन्।

## ३.४ लोकविश्वास अनि बलिप्रथा

विशेष गरी किराती मूलका आर्यात्तर समाजमा यस्तो प्रथा पाइएकाले अनि त्यसको परम्परा प्राचीन पाइएकाले लोकविद्या अनि लोकविश्वासका रूपमा यो प्रथा विकसित भएको मान्न सकिन्छ। विशेष गरेर भूतप्रेतप्रतिको विश्वास, प्रकृति पूजा अनि रोग कष्ट नाश गर्ने उद्देश्यका लागि बलि दिने, भाकल गर्ने परम्परा किराती मूल नेपाली समाजमा विद्यमान रहेको पाइन्छ।

### *३.४.१ बाइबल अनि कुरानमा बलिको प्रसङ्ग*

बलि परम्परा यहुदी समाजमा पनि प्राचीन समयदेखि रहेको थाहा लाग्छ। यहुदीहरूको सभ्यता र इतिहासलाई हेर्दा यिनीहरू इजरायल देशको गठन हुनअघि अन्यत्रै र विशेष गरेर मिस्र देशमा छरिएर बसेका थिए। एउटा धार्मिक तथा साँस्कृतिक समूहको रूपमा विभिन्न राष्ट्रहरूमा छरिएर बसेका यहुदीहरूलाई विश्व कै प्राचीन डायस्पोरा पनि भनिन्छ।[129] यहुदी जाति इजरायलका मूल बासिन्दा हुन्। तर प्राचीन समयमा यो जाति इजरायल वरिपरिका मुलुकहरू जस्तै —प्यालेस्टाइन,जोर्डन, मिस्र आदि ठाउँहरूमा पनि रहेका थिए भन्ने कुराको उल्लेख उनीहरूको धर्मशास्त्र बाइबलको पुरानो नियमका किताबहरूमा पाइन्छ। बाइबलको पुरानो नियममै उल्लेख भएअनुसार यहुदी समाजमा

---

129. बलराम पाण्डे. सन् २०११. इन्डियन नेपाली राइटिङ् : पेपर प्रजेन्टेसन एण्ड द इन्टरनेशनल अन् नेपाली डायस्पोरा इन् द गोवलाइज् कन्टेक्स्, २६-३० नोवेम्बर, २०११, हिल युनिभर्सिसिटी, अर्गनाइज्स् इन कोलाब्रेशन विइट् द आइसीएसएसआर एण्ड मौलाना अबदुल इनच्युट अफ् एशियन स्टुडियस्, कोलकोत्ता।

बलिदिने प्रथा थियो। यस सन्दर्भद्वारा के सङ्केत पाइन्छ भने प्राचीन समयमा यहुदीहरू जहाँ जहाँ बसे त्यहाँ बलिको परम्परा पनि शुरू भयो। बाइबलको पुरानो नियमको पहिलो किताब *उत्पत्ति*को बाइस अध्यायमा नरबलिको प्रसङ्ग पाइन्छ। ईश्वरका परमभक्त मानिएका अब्राहमको ईश्वरभक्तिका परीक्षा लिनका लागि परमेश्वरबाट उनको एकलो छोरो इसहाकलाई मोरियोको एउटा पहाडमा लगेर होमबलि दिने आदेश हुँदछ।[130] उक्त ईश्वर आज्ञालाई शिरोधार्य गर्दै अब्राहम आफ्नो छोरो इसहाकलाई त्यस ठाउँमा होमबलि दिन लिएर जान्छ। त्यस समय इसहाकले आफ्नो पिता अब्राहमलाई बलिदिने भेडो खोइ ? भनी प्रश्न गर्दछ। तर बाबुले बलिको भेडा ईश्वरले प्रदान गर्नेछन् भनी छोरोलाई भन्दछन् र धारिलो हतियार निकालेर आफ्नै छोरोको हत्या गर्न लाग्दछ। यसै समयमा स्वर्ग दूतबाच अब्राहमलाई उनी परमेश्वरप्रति निष्ठावान् रहेको पुष्टि भएकाले आफ्नो छोरोको हत्या गर्न आवश्यक न रहेको भन्ने कुरा विदित हुन्छ।[131]

माथिको यस उद्धहरणबाट एकातिर यहुदी समाजमा नरबलिको प्रथा रहेको थाहा लाग्छ भने अर्कोतिर छोरोले बाबुलाई बलिको भेडो खोइ ? भनी सोधिएकोबाट पशुबलिको परम्परा रहेको पनि पुष्टि हुँदछ। यसै अध्यायको तेह्रौं पदमा अब्राहमले छेवैको झाँडीमा चरिरहेको *बरूवा* वा खसी नपारेको भेडोलाई मारेर बेलिबेदीमा भोग दिएको कुराको उल्लेख पाइन्छ।[132]

बाइबलमा वर्णित यस कुराबाट यहुदी समाजमा पनि बलि दिने प्राचीन परम्परा रहेको कुरा थाहा लाग्छ। आज पनि ईसाइहरू आफूले पालेको पशुपन्छीमध्ये सबैभन्दा

---

[130]. 'Take your son, your only son-yes,
Isace whom u love so much-and
Go to the land of Moriah. Sacrifice
Him there as a burnt offering on one
of the mountain, which Iwill pointout to a'- Janases chapter 22 vers, लाइफ एप्लिकेशन इस्टडी बाइबल-न्यू लिभिङ्ग, इलिनोस- त्यानडिल हाइस्, पब्लिकेशन, सन् १९९६, पृ. ४०।

[131]. हेर्नुहोस् उत्पत्ति बाईस अध्यायको पद ६ देखि १२ सम्म, पृ. ४०-४१।

[132]. उही. पृ. ४१।

श्रेष्ठचाहिँ परमेश्वरको नाममा भनी पादरीलाई चढाउने गर्छन्। उसरी नै उनीहरूमा अन्न, फलफूल, अघौटे बाली पनि अन्नबलिका रूपमा आफ्नो परमेश्वरलाई अर्पण गरी प्रार्थना गर्ने चलन रहेको छ, जसको उल्लेख बाइबलका दुवै किताप(पुरानो नियम र नयाँ नियम)-मा गरिएको छ। बाइबलमा बलिदिने कुरा बलिवेदी यसका ढाँचा र प्रकारहरूबारे पनि प्रकाश परिएको पाइन्छ।

### ३.५. लोकविश्वासमा बलिप्रथा

बलिको परम्परा लोक आस्थाको रूपमा पनि विकसित भएको पाइन्छ। मानिसहरूले आफू वरिपरिको प्रकृतिप्रति विश्वास र आस्था बढाउँदै जाँदा उनीहरूमा यसको विकराल रूपप्रति पनि अवगत हुँदै गए। सम्भवतः त्यहीबाट असल, खराब, देवीदेवता, भूतप्रेत, बोक्सी, फेदाङ्बा आदि जस्ता कुराहरूप्रति लोकको विश्वास बढ्दै गयो। यस सँगसँगै विभिन्न घटनाहरूको पुनरावृत्ति आदि जस्ता कुराले लोकमा सकून र अपसकूनका कुराहरू विश्वासका रूपमा विकसित हुँदै गए। अशिक्षा र चिकित्साका अन्य साधनका अभावमा लोकमा बिमारीबाट स्वास्थ्य लाभका उपायहरू खोज्ने क्रममा लोकविश्वासमा रहेका भाकल, भोग र बलि आदि कुराहरू उपकरण वा माध्यम बन्दै गए। यस पृष्ठभूमिमा लोकविश्वासका रूपमा विकसित बलिप्रथाको मुख्य उद्देश्य स्वास्थ्य लाभ र अनिष्टदेखि बाँच्नु नै हो।

नेपाली समाज खस किरात मूलका जाति वा समूहहरूका सङ्गठनद्वारा निर्मित पाइन्छ। यी सबै जात-जातिका आ-आफ्नै भाषा, मुन्धुम, संस्कार-संस्कृति, विश्वास अनि आचरण रहेका छन्। नेपाली बृहत् भाषिक अनि साँस्कृतिक समूहभित्र पर्ने सबै जात-जातिहरूमा धामी-झाँक्रीको परम्परा रहेको छ। आ-आफ्नै किसिमका लोकचिकित्सा पनि प्राचीन समयदेखि हस्तान्तरित हुँदै आएको थाहा लाग्छ। यी सबै जात-जातिमा आफ्ना ईष्ट देव, कुल वा देवता आदिबारे विश्वास प्रगाढ पाइन्छ। यी देवीदेवतालाई खुशी पार्न,

अनिष्ट अनि दु:ख-कष्टबाट बाँच्नका निम्ति बलि दिने प्रथा रहेको पाइन्छ। यस्ता बलि दिने काम विशेष गरेर धामी-झाँक्री, बुडथिङ, फेदाङबाले गर्दछन्।

थामी जातिका धामी-झाँक्रीको अध्ययन गर्ने क्रममा *क्यास्पर जे.मिलर*-ले लोकमा चलेका बलि प्रथाहरूको उल्लेख गर्दै अक्षता, दूध, फूलपाती तथा धूप आदि ईष्ट देवलाई बलिका रूपमा अर्पण गरी सुख-सम्बृद्धि प्राप्त गर्ने परम्पराबारे चर्चा गरेका छन्।[133]

यस किसिमको कर्मकाण्ड धामी-झाँक्री तथा ढोले आदिद्वारा सम्पन्न गरिने कुराको उल्लेख मिलरले गरेका छन्। पशुको गर्धन काटेर रगत बेलिवेदी वरिपरि छर्किएर ईष्ट देवलाई गरिएको भाकल पूरा गर्ने कार्य धामी-झाँक्रीद्वारा गरिने प्रसङ्ग पाइन्छ। [134] नेपाली समाजमा धामी-झाँक्रीबाहेक परिवार वा कुलका सबैभन्दा वृद्ध व्यक्तिले पनि बलि दिने गरेको पाइन्छ।

नेपाली लोकगीत **रागमालश्री**मा पनि बलिप्रथाको प्रसंग पाइन्छ। यस गीत नेपाली लोक जीवनमा विशेष बलि पूजामा गाइएको पाइन्छ। यस गीतमा बलिको प्रसंग यसरी आएको छ —

"सहस्र बलि भोग लिनु भक्त जन बरदायिनी।

पंच कलश कोटि वस्त्र हार मुकुट लगाइये।।

देवी कालिका भीमेश्वरी||"[135]

रागमालश्री लोकगीत बलिपूजामा गाइएको पाइन्छ। यस गीतमा विशेष देवी कालिकाको विभिन्न रूपहरूको आराधना गाइएको पाइन्छ। यस गीत गाउने परम्परा

---

[133]. कयास्पर जे. मिलर. (१९९७). *फेथ हिलर अफ् हिमालय* , दिल्ली : बुक फेअर इन्डिया, पृ. २४।

[134]. उही. पृ.-१६८, २४० र २४३।

[135]. *रागमालकश्री.* वाराणसी: श्री दुर्गा साहित्य भण्डार, पृ. ८।

धेरै प्राचीन रहेको अनुमान यस गीतमा प्रयुक्त नेपाली भाषाको रूपबाट लगाउन सकिन्छ। लोकका वयोवृद्ध जनहरूबाट पनि यो परम्परा प्राचीन रहेको कुरा थाहा पाइन्छ।[136]

मोतीलाल पराजुलीका मतानुसार बलिप्रथाको विस्तृत व्याख्या र उपासना विधि लेखिएको ग्रन्थहरूमा *तन्त्रशास्त्र* एउटा प्रमुख ग्रन्थ हो। *तन्त्रशास्त्र मुण्डनमाला*मा बलिको महत्त्व दर्शाएको तथ्यको उल्लेख  गरेको पाइन्छ। बाचालशक्ति प्राप्त गर्न बोको, कवित्व शक्ति प्राप्त गर्न भेडो, धनवृद्धिका निम्ति राँगो, मोह प्राप्तिका निम्ति मृग, सम्पन्नताका निम्ति गोही अनि महान् सम्पन्नताका निम्ति मानव वा नरबलि दिनुपर्छ भन्ने उल्लेख यसमा पाइन्छ।[137]

प्राचीन नेपालमा प्रचलित शाक्त धर्ममा पशु बलि दिइने परम्परा रहेको उल्लेख पाइन्छ। यस धर्मावलम्बी देवी शाक्तका उपासक रहेको पाइन्छ। देवी शाक्तका अनेक रूपहरूमा दुर्गा, काली, महिसासुर मर्दिनी, भगवती आदि मानिन्छ। यस धर्मको विश्वासका अनुसार  देवि शाक्तको आराधना गर्दा शक्ति प्राप्त हुन्छ भन्ने विश्वास पाइन्छ। अशविनशुक्ल प्रतिपदादेखि दशमीसम्म देवि भगवतीको आराधना गर्दा प्रत्येक घरघरमा पशुबलि दिएर पूजा गरिन्छ।[138]

नेपाली जातिमा मष्टो पूजाको परम्परा धेरै प्राचीन रहेको पाइन्छ। यस पूजामा पनि पशुपन्छीको बलि दिने परम्परा रहेको पाइन्छ। मान्छेको मृत्यु भएपछि उसको आत्मा यस संसारमा रहन्छ भन्ने विश्वास रहेको छ अनि त्यही आत्मालाई मष्टो भनिएको पाइन्छ। यस्ता आत्मालाई आफ्नो कुलदेवता वा कुलायनको रूपमा मानिन्छ।[139] मष्टोको कुनै मूर्ति हुँदैन। गाउँ घरका वरिपरि निर्मित थान अथवा मन्दिरका नजिक

---

136 . तोग्दे, कोलथाङ, दक्षिण सिक्किम निवासी ७६ वर्षीय विष्णु थापासित दिनाङ्क २२.१२.२०१४-का दिन लिएको अन्तरवार्ता अनुसार।

137. मोतिलाल पराजुली. पूर्ववत्, पृ. ११६।

138. प्रेमकुमार खत्री. वि. सं. २०६१. *नेपाली समाज र संस्कृति,* काठमाडौं : साझा प्रकाशन, पृ. ६१।

139. भीमकुमार राई. वि. सं. २०७०. *नेपाली संस्कृति र मष्टो,* काठमाडौं : राई व्रदर्श, पृ. ६०।

रहेका लिङ्गा, पताका र ढुङ्गाहरूद्वारा यी देवताको अस्तित्व बोध हुन्छ। [140] यस पूजा विशेष खस आर्यहरूले आफ्नो कुलदेवता वा कुलायनको रूपमा गर्ने गरेको पाइए तापनि अहिले नेपालमा रहेका विभिन्न जातिहरूले आफ्नो संस्कृति र परम्पराका अनुसार यसको पूजा गर्ने गरेको पाइन्छ। [141] वर्तमानमा नेपालका नेपालीहरूले मात्र मष्टोको पूजा नगरेर नेपाल बाहिर बसोवास गर्ने नेपालीहरूले पनि यो पूजा गरेको पाइन्छ। विशेष सिक्किम र दार्जीलिङ क्षेत्रका नेपाली जातिमा पनि यो पूजा खुबै प्रचलित पाइन्छ। नेपाली जातिमा प्रचलित मष्टो जम्मा ८४ प्रकारका छन्। मूल रूपमा यसलाई दुधेमष्टो (दुग्धहारी), लडेमष्टो (जटाधारी), विशुद्ध र सत्वगुणी मष्टो र खपटे, दाह्रे मष्टो गरी चार भागमा विभाजन गरिएको पाइन्छ। [142] यी चार प्रकारका मष्टोहरूमा दाह्रे मष्टोलाई चाहिँ भोगखाने मष्टो मानिन्छ। मष्टो पूजा गर्दा कतिले पशुपन्छीको भोग वा बलि दिन्छन् भने कतिले फलफूल, अन्न, खाद्यवस्तु, आदि चढाएर पूजा गर्ने गर्छन्। सिक्किम अनि दार्जीलिङमा यस प्रकारका पूजा वर्तमानमा पनि गरिएको पाइन्छ।

सिक्किम अनि दार्जीलिङ क्षेत्रमा बलि पूजाले दह्रो जरा गाडेको पाइन्छ। व्यक्तिगत र सामूहिक रूपमा पनि बलि दिने परम्परा रहेका छन्। सामूहिक रूपमा दिइने बलिहरूमा देवीपूजा, मारहान्ने, संसारीपूजा, देवालीपूजा, ऊँधौली-ऊँभौली, दुङदुङेपूजा आदि हुन्। व्यक्तिगत रूपमा दिने बलिहरूमा मङ्गेनापूजा, आतबारेपूजा, मष्टोपूजा, कुलपूजा, आठानेपूजा, पितृपूजा, चूल्हापूजा आदि हुन्।

देवीपूजा गाउँ, समाज आदि सङ्गठित भएर गरिएको देखिन्छ। यो पूजा वास्तवमा प्रकृतिको पूजा गर्नु नै हो। यो पूजा चैत वा वैशाखी पूर्णिमामा गरिन्छ। प्रकृतिले सही

---

140. रामनिवास पाण्डेय, वि. सं. २०३५. 'पश्चिमी नेपालको शैव-शाक्त परम्परा', तुलसी दिवस (सयोजक), *नेपाली लोक-संस्कृति-संगोष्ठी*, काठमाडौं: ने.रा.प्र.प्र, पृ. १४१।

141. भीमकुमार राई. पूर्ववत्, पृ. १४१।

142. भीमकुमार राई. पूर्ववत्, पृ. ६५ ।

समयमा पानी दिएर अन्नबाली वा खेतीपाती राम्रो होस् भनी देवीलाई पुकार्दै यो पूजा गर्ने चलन रहेको छ।

नेपाली जातिले सामूहिक रूपमा दिइने बलिहरूमा मारहान्ने परम्परा पनि एक हो। यसमा बोको, राँगो, भेडो, कुखुराको भाले, परेवा आदिको बलि दिने गरिन्छ। यो पूजा नेपाली समाज, कुल-सन्तान, संस्थान आदिको तत्त्वधानमा नौराथाका दिनदेखि प्रत्येक साँझ-बिहान रागमालश्री गाएर अष्टमीको दिन देवी कालिकालाई बलि दिएर गरिन्छ। कतै कतै यो नवमीको दिन पनि सम्पन्न गरिन्छ। दशैं मा छेत्री-बाहुन, नेवार, विश्वकर्मा का घरघरमा जमरा राखिन्छ न्। जमरा राख्नेले मार हान्नुपर्छ भन्ने लोकविश्वास रहेको छ। जसको घरमा जमरा राखि एको छ, त्यस घरमा अष्टमीको दिन मार हान्ने, कुल बुझाउने चलन रहेको पाइन्छ।

यसरी मारहान्ने परम्परा नेपाली जाति अनि भारतको गोर्खा पल्टन अनि सशस्त्र सेना लगायत कतिपय पुलिस चौकीहरूमा विद्यमान रहेको पाइन्छ। यसमा देवी दुर्गा वा देवी भगवतीलाई पशुपन्छीहरूको बलि दिने गरिन्छ। मारहान्ने परम्परा सिक्किम र दार्जीलिङका नेपाली जातिमा एउटा पर्वका रूपमा नै चलिआएको छ।

नेपाली जाति विश्वमा वीर जातिको रूपमा परिचित छ। यस जातिको वीरत्वपूर्ण भाव जगाइ राख्न पनि कतिपय संस्कारगत परम्परामा बलि पूजाले स्थान पाएको देखिन्छ। यस जातिका विविध उपजातिहरूमा प्रचलित संस्कार, संस्कृति आदिमा यस प्रथाले टड्कारो रूपमा प्रश्रय पाएको देखिन्छ। नेपाली जातिका कतिपय विद्वान्हरू यस प्रथालाई विरोध गर्दै कुसंस्कृतिका रूपमा हेर्दछ न्। साँ स्कृतिक रूपमा यसलाई निरन्तरता दिनु अनुचित मान्दै हालमा यसको विरोध हुन थालेको पाइन्छ। यद्धपि लोकले भने पुस्तौ पुस्तादेखि मानिल्याएको यस परम्परालाई छोड्न चाहदैनन्। यस प्रथालाई निरन्तरता दिनुमा नै आफ्ना जातिको साँस्कृतिक पहिचान लुकेको छ भन्ने थुप्रै मतहरू फेला परेका

छन्।[143] यद्यपि धेरैले भने पशुपन्छीको बलि नदिएर अन्य किसिमको बलि दिएर यस परम्परालाई निरन्तरता दिनु नै विचार गरेका छन्।[144]

### *३.५.१ वेदमा बलिप्रथाको प्रसङ्ग*

वेदमा शून:शेपको प्रसङ्ग नरबलिसँग सम्बन्धित रहेको छ। अथर्ववेदमा पनि बलिको उल्लेख पाइन्छ। यस ग्रन्थमा संसार सृष्टिको रहस्यपूर्ण कुराहरूभन्दा अझ माथिका कुराहरू हुन् भनी उल्लेख गरेका छन्। धरती मातालाई सबै कुरा वा प्राणीहरूको सहयोग गर्ने र रक्षा गर्ने हुनाले नराम्रो कुराहरूबाट जोगाउनुपर्छ भनिएको पाइन्छ। त्यसर्थ उनको स्तुति गाउँदै पृथ्वीमा बलिको परम्परा रहिआएको भन्ने पाइन्छ। सामवेद र यजुर्ववेदका संहिताहरूमा पनि बलि दिने रीतिको व्याख्या पाइन्छ।

### *३.५.२ भारतीय लोकचिकित्सा अनि बलिको प्रसङ्ग*

भारतीय लोकचिकित्सामा बलि दिने परम्परा रहेको पाइन्छ। लोकचिकित्सा अन्तर्गत विशेष गरेर मन्त्रतन्त्र वा झारफुक विधिलाई मान्न सकिन्छ। भारतमा झाँक्री परम्परा प्राय: सबै जातिमा रहेको छ। तन्त्रमन्त्र, मुन्धुम र देवस्तुति अनि भारतका प्राचीन मौखिक विद्या हुन्। *के. एस. गालियाले आफ्ना पुस्तक फोक मेडिसन अफ् द हिमालय* - मा लोक चिकित्सा पद्धत्तिबारे विस्तृत रूपमा चर्चा गरेका छन्।[145]

लोकमा देवी-देवराली, डाइनी-बोक्सी, प्रेतात्मा आदिप्रति प्रगाढ विश्वास रहेको पाइन्छ। आफ्ना आराध्य देवीदेवता, प्रेतात्मा, कुल वा पितृ आदिबाट सुख-संवृद्धि र

---

143 . लोवर पायोङ्ग, दक्षिण सिक्किम ७२ वर्षीय नरबहादुर राईसित दिनाङ्क २५.१२.२०१४-मा लिएको अनतरवार्ता अनुसार।

144 . आनान्देन वस्ती, दार्जिलिङ निवासी ६८ वर्षीय जीतवहादुर सित दिनाङ्क ०६.१०.२०१५-मा लिएको अन्तरवार्ता अनुसार।

145 . के. एस. गालिया. सन् २००७. *फोक मेडिसन अफ् द हिमालय,* दिल्ली: इसा बुक, पृ. ३३-३५।

सुस्वाथ्यको कामना राखी पशुपन्छी, अन्नबाली, तुलफूल, ध्वाजा, सिन्दुर आदि जस्ता सामग्रीको बलि दिने परम्परा लोकविश्वासमा रहिआएको छ।

## ३.६. बलिवेदी

बेलिवेदी सामान्यतः बलिदान गर्ने वा बलि दिने ठाउँलाई भनिन्छ। [146] लोकको विश्वासका अनुसार आफ्ना आराध्य देवीदेवता, कुल-पितृ, कुलायन, मष्टो आदिको पूजा गर्दा चोखो ठाउँमा थान वा बेदी बनाइन्छ। नेपाली जातिमा यस्ता थानमा लोकविधिका अनुसार माङ्पा, फेदाङ्बा, येबा, झाक्रीहरूले बलि वा भोग दिने परम्परा चलिआएको छ।

प्राचीन हिन्दूग्रन्थ, वेद आदिमा उल्लेखित अस्वमेघ यज्ञ अथवा यज्ञहरूको चर्चा पाइन्छ। ती यज्ञ आदिमा हवन गर्ने विशेष प्रकारको स्थानको उल्लेख पाइन्छ। त्यस विशेष स्थानलाई पनि बेलिवेदी भन्न सकिन्छ।

बेलिवेदी निश्चित प्रकारको हुनुपर्छ र निश्चित स्वरूपको हुनुपर्छ भन्ने तथ्य *बाइबल*को पुरानो पुस्तकमा उल्लेख पाइन्छ। यस ग्रन्थमा होमबलिको वेदीको स्वरूपबारे यस्तो भनिएको छ:

‘*बाबुलको काठको पाँच हात लामो चौडा भएको एउटा वर्गाकार वेदी बनाउनू। त्यसको उचाइ तीन हातको होस्। त्यसको चारै कुनामा एउटा एउटा सीङ बनाउनू। वेदी र त्यसका सीङ त्यही एउटै टुक्राले बनाएको होऊन्। वेदीलाई काँसाले मोहोर्नू।*’[147]

जाहिर बाबेरको *द साइन्स् अफ् एम्पायर : साइन्टिफिक नलेज, सिभिलाइजेसन् एण्ड कोलोनियल रूल इन् इन्डिया* पुस्तकमा बेलिवेदीको चर्चा पाइन्छ। यस पुस्तकमा प्राचीन भारतमा बेलिवेदी साँस्कृतिक र सामाजिक अनि विशेष गरी धार्मिकविधि-विधानसँग

---

[146]. बालकृष्ण पोखरेल. वि. सं. २०५५. *नेपाली बृहद् शब्धकोश*, काठमाडौं : नेपाल प्रज्ञा-प्रतिष्ठान, पृ. ८९२।

[147]. *बाइबल* (पुरानो पुस्तक), पृ. ११८।

सम्बन्धित रहेको थियो भन्ने उल्लेख पाइन्छ। बेलिवेदीको निर्माण स्पष्ट रूपमा वैज्ञानिक, धार्मिकविधि अनि व्यावहारिक रूपमा विकास भएको हो जसमा जियोम्याट्रिक, वैज्ञानिक र ज्योतिषीय तरीका संलग्न छन् भन्ने कुरा सल्वशूत्रमा वर्णन गरिएको उल्लेख यस पुस्तकमा पाइन्छ। बेलिवेदी त्रिकोणीय, समकोण चतुर्भुज, चौकोणीय, गोलो प्रकारको हुने गरेको कुराको उल्लेख बेबरले गरेका छन्। यी विभिन्न प्रकारका बेलिवेदीहरू भए पनि नियमानुसार समान लम्बाइ-चौडाइ हुन अति आवश्यक मानिन्छ। सल्बशूत्रमा उल्लेख भएअनुरूप धार्मिक अनुष्ठानका अनुसार बेलिवेदीको आकार एवम् माप पनि अन्तर हुने गर्दछ। बेलिवेदीको यस नियम ईश्वी पूर्व ८०० देखि ६०० समयावधिभित्र विकासका साथै व्यवस्थित भएको थियो भन्ने उल्लेख पाइन्छ।[148]

नेपाली जातिमा पनि बलिवेदिको निश्चित आकार हुनुपर्ने मान्यता रहेको पाइन्छ। मारहान्ने स्थानमा एउटा मौलो गाडिन्छ। त्यस मौलोमा बोका, राँगा आदिलाई बाँधिन्छ साथै यसको वरिपरि भाला, खुकुरी, तलवार आदि गाडिन्छ। यस मौलोको वरिपरि गाउँघरका धेरैजना भेला भई सामूहिक रूपमा रागमालश्री गाइन्छन् अनि मारहान्ने समय (मुहरत) भए पश्चात् त्यही मौलोमा राखेर पशुको बलि दिने गरिन्छ। यसरी मार हान्दा गाँढिने मौलो अनि वरिपरि गाढिएका हात-हतियार भएको त्यस ठाउँलाई बेलिवेदी मान्न सकिन्छ।

यसरी नै विशेष पूजा आदिमा होम गर्न यज्ञकुण्ड बनाइन्छ। त्यसमा चरू आदि हवन गर्नलाई विशेष प्रकारको काठ वा माटोको चारकुने प्रकारको यज्ञकुण्ड बनाइन्छ। यसलाई पनि बेलिविदीको अर्को प्रकार मान्न सकिन्छ।

---

148. जाहिर बाबेर . सन् १९९८ . *द साइन्स् अफ् एमप्यार साइनटिफिक नलेज* , सिभिलाइजेसन् एण्ड कोलोनियल रूल इन् इन्डिया, दिल्ली : अक्सफोर्ड युनिभर्ससिटी प्रेस, पृ. २५-२६ ।

नेपाली गाउँ समाजमा वैशाखी पूर्णिमाको दिन सबैको सहभागितामा देवीपूजा गरिने परम्परा रहेको पाइन्छ। यस पूजामा पुजारी, फेदाङ्बा आदिले पशुपन्छीको बलि दिनलाई चोखो ठाउँमा एउटा विशेष स्थानको स्थापना गरेको पाइन्छ। त्यस स्थानलाई पनि बलि दिने वेदी भनिएको पाइन्छ।

### ३.७. बलिको महत्त्व अनि प्रयोजन

संस्कारगत रूपमा बलि मानव समाजमा प्राचीनकालदेखि रहिआएकाले यसले मान्छेको आदिम अवस्था अनि आस्थालाई प्रतिविम्बित गर्दछ। बलिप्रथाले प्राचीन परम्परागत विश्वासलाई झल्काउँछ। यसैले परम्परागत विश्वास अनि आस्थालाई निरन्तरता दिने एउटा माध्यमको रूपमा यसको महत्त्व रहेको बुझ्न सकिन्छ। यस अतिरिक्त अघिका विश्वासहरूलाई पहिल्याउने एउटा आधार पनि यसलाई मान्न सकिन्छ। आधुनिक समाजमा यसका विपरित मतहरू पाइए तापनि परम्परागत आस्था एवम् कामनापूर्ति नै यसको प्रयोजन मान्न सकिन्छ। बलिप्रथा कुनै न कुनै पूजासित जोडिएकाले यसले धार्मिक विशेषतालाई पनि दर्शाउँछ। बलिप्रथा प्रायःसबै जातिको लोकविश्वासमा बाँचेको हुनाले विभिन्न जातिहरू लोकविश्वासलाई वर्तमानसम्म बचाएर राख्नमा यसको महत् भूमिका रहेको मान्न सकिन्छ।

बलिप्रथा विभिन्न जातिहरू आफ्ना कुल, देवीदेवता आदिलाई आस्थाका साथ पुज्ने परम्परालाई टेवा दिएको मान्न सकिन्छ। लोकविश्वासअनुरूप बलिप्रथा लोकको स्वस्थ परिवेश एवम् मानवीय जीवनसित सम्बन्धित हुनाले पनि यसको महत्व रहेको पाइन्छ। साथै यो हाम्रा अग्रजहरूको साँस्कतिक जीवनको प्रतिविम्ब पनि हो। यी माथि उल्लेखित विभिन्न विषयद्वारा बलिप्रथाको प्रयोजन स्पष्ट हुँदछ।

### ३.८. वर्तमान सन्दर्भमा बलिप्रथा

बलिप्रथा मानवको चेतनाको विकाससँगसँगै आएको परिवर्तनका कारण असान्दर्भिक हुँदै गइरहेछ।परिणामस्वरूप यसमा समयोचित संसोधन आवश्यक देखिन्छ। यस अध्ययनका क्रममा गरिएको सबैसबैले यही कुरा पुष्टि गर्दछ। बलिलाई आजभोलि भिन्न अर्थमा अँगालिएको पाइन्छ। विशेष गरेर बलिका लागि मारकाटप्रति सिक्किम दार्जीलिङको समाज विरोधी देखिन्छ। आफ्नो पूजा, कर्मकाण्ड वा अनिष्ट निवारणका साथै इष्ट प्राप्तिका निम्ति त्यस अबोध पशुपन्छीहरूको जीवनहरण गरी बलि दिनु आज उचित मानिँदैन।

यद्यपि विश्वको कुनै पनि जातिको आफ्नो अस्तित्व र पहिचान त्यस जातिको संस्कृतिले दिँदछ। नेपाली जातिमा पनि बलिप्रथा लोकसंस्कृति वा लोकविश्वासमा बाँचेको हुनाले यस जातिको पहिचानलाई संरक्षण गरेको छ भन्न सकिन्छ। नेपाली संस्कृति प्रकृतिपूजनको अति नै नजिक रहेको मानिन्छ। प्रकृतिको हरेक ऋतु, मौसम, दिन, महिनाप्रति यस जातिको प्रगाढ विश्वास रहेको छ। कहीं न कहीं यस प्रथाले प्रकृतिको त्यही सामिप्यलाई दर्शाउँछ।

नेपाली जातिको लोकविश्वासले देवीदेवता, ईश्वर आदिलाई प्रकृतिको रूप मान्दछ। वर्तमानमा देखिएको पर्यावरण सङ्कट विश्व कै निम्ति एउटा जटिल समस्या हो। वास्तवमा यो सङ्कट मानव, प्रकृतिसम्बन्धी विभेदद्वारा सिर्जित भएको मान्न सकिन्छ। यस सन्दर्भमा बलिपूजासित सम्बन्धित धेरै यस्ता पूजाहरूले प्रकृति प्रेमलाई दर्साएको पाइन्छ ।

आइतबारे, देवीपूजा, संसारीपूजा आदि जस्ता पूजाहरू रूखको फेद अथवा जंगलमा गरिने पूजाहरू हुन्। यी पूजाहरू गरिने देवीथान वा रूखहरू काट्न हुँदैन भन्ने लेकविश्वासले कतै न कतै पर्यावरण संरक्षण गरेको छ। रूख बिरूवा काटेमा ती व्यक्तिहरूलाई अनिष्ट हुन्छ भन्ने विश्वासले पनि प्रकृति संरक्षणमा टेवा पुर्‍याएको छ।

पर्यावरण दृष्टिले थोरै होस् तर केही बलिपूजाहरू मानवको हितमा रहेको मान्न सकिन्छ। जुन जातिको संस्कृतिमा सार्थक गुण रहेको हुन्छ त्यस्ता संस्कृतिले विश्व मानवतावादलाई टेवा दिन सक्षम रहेको हुन्छ। नेपाली जातिमा विद्यमान बलिप्रथामा केही सुधार गरिए वा भनौं पशु हत्यालाई छोडेर प्रकृति पूजामा आस्था राखि यसलाई निरन्तरता दिए निश्चित रूपमा यसका अनुकूल परिणाम रहनेछ भन्ने कुरामा दुइमत नहोला।

## निष्कर्ष

बलिप्रथा मानवले ईश्वर, देवीदेवता, प्रकृ तिका अनेक रूपहरूसित जबदेखि विश्वास गर्न थाले तबदेखि नै मानव समाजमा यस प्रथा शुरू भएको अनुमान लगाउन सकिन्छ।

संसारका सबैभन्दा प्राचीनतम् ग्रन्थहरूमा पनि यस प्रथाको उल्लेख पाइनाले यसको प्राचीनता सोझै अनुमान लगाउन सकिन्छ। वेद, पुराण, बाइबल, कुरान आदि जस्ता ग्रन्थहरूमा नरबलि, पशुपन्छीबलि, अन्नबलिका साथै अन्य प्रकारका बलिको चर्चा पाइन्छन्। अत: बलिप्रथा मानवको उत्पत्तिसँगै विकसित भई परम्परागत रूपमा चल्दै आएको एउटा प्रथा विशेष हो। यस प्रथा कुनै पनि जातिको लोकविश्वासमा बाँचेको हुनाले नै मानवको मन मस्तिष्कमा यसले द ह्रोसँग जरा गाडेको अनुमानित छ। बलिप्रथा मानवको संस्कृति (आस्था, विश्वास, परम्परा)-सित सम्बन्धित रहेकाले सहजै त्याज्य ठान्न कठिन रहेको पाइन्छ। प्राचीन समयमा मानव वा नरबलि दिने परम्परा रहेको थियो भने वर्तमान समयमा नरबलि निषेध छ। तापनि यताकता नरबलिका घटनाहरू प्रकाशमा आइरहेका छन्। पशुबलि र फलफूल अनि अन्य प्रकारका सरसामग्रीहरूको बलिदिने परम्परा भने पाइन्छ। अरू प्राणीहरूलाई भोग वा बलि दिने परम्परालाई वर्तमान समयमा अमानवीय र असान्दर्भिक मानिन्छ र पशुप्राणीको बलिको ठाउँमा प्रतीक बलि, अन्न र फलफूलको बलि दिने प्रचलन बढदै गएको पाइन्छ।

# चौथो अध्याय

## ४. नेपाली लोकविश्वासमा बलिप्रथाको सांस्कृतिक अध्ययन

नेपाली लोकविश्वासमा बलिप्रथाको सांस्कृतिक अध्ययन विषयअन्तर्गत प्रस्तुत अध्यायमा नेपाली लोकविश्वासमा रहेको बलिप्रथाको परम्परा र यसको प्राचीनतालाई हेर्ने प्रयास भएको छ। नेपाली समाजमा बलि दिने परम्परा निश्चित रूपमा यस समयदेखि शुरू भयो भनेर किटान गर्न गाह्रो भए पनि यसका विभिन्न स्रोत आदिलाई खुट्याउने प्रयास यहाँ भएको छ। धार्मिक आस्था अनि लोकविश्वास तथा संस्कारगत रूपमा यस प्रथाको थालनी भएको मान्न सकिन्छ।विश्वभरि छरिएर बसेका सबै नेपाली जात-जातिमा यो प्रथा विद्यमान रहेको पाइए पनि धेरै ठाउँहरूमा यसको चलन भने हराउँदै गएको पनि पाइएको छ। नेपालमा आज पनि पशुबलि दिने परम्परा रहेकै छ। यसको पुष्टि नोभेम्बर २८, २०१४ (१२ मंसिर २०७१)-को दिन नेपालको गढीमाई मन्दिरमा पाँच हजारभन्दा पनि बढी प्राणीको वीभत्स हत्या गरी दिइएको बलिको समाचारले गर्दछ ( परिशिष्ट-१)। [149] नेपालबाहेक भारतको सिक्किम राज्य अनि दार्जिलिङ जिल्लामा बसोवास गर्ने नेपालीहरू माझमा बलि दिने प्रथा कायम नै छ। यद्यपि यस प्रथामा समयानुरूप केही फेरबदल वा परिवर्तन पनि आएको पाइन्छ। अध्ययनको विषय नेपाली लोकविश्वासमा बलिप्रथाको सांस्कृतिक अध्ययन रहे पनि यस अध्ययनको क्षेत्र भने सिक्किम तथा दार्जिलिङ रहेको छ। विषयको व्यापकता तथा क्षेत्रगत दूरीका कारण सबै ठाउँहरूमा रहेका बलिप्रथाको वर्तमान स्थितिलाई अध्ययन गर्न असम्भव रहेकाले दार्जिलिङ अनि सिक्किम क्षेत्रमा पाइने बलिप्रथाको परम्परा अनि वर्तमान स्थितिलाई प्रस्तुत अध्यायमा विभिन्न उपशीर्षकमा राखी

---

[149] स्रोत -*दैनिक कान्तिपुर समाचार पत्र,* १३ मंसिर २०७१, शनिवार (नोभेम्बर २९ २०१४), काठमाण्डौं नेपाल।

अध्ययन गरिएको छ। यी ठाउँहरूमा दिने गरेको विभिन्न प्रकारका बलिप्रथा आज हट्दै गरेको भान भएको छ ।

## ४.१ नेपाली समाजमा बलिप्रथाको परम्परा अनि प्राचीनता

नेपाली लोकविश्वासमा बलिप्रथाको परम्परा प्राचीन रहेको पाइन्छ। नेपाली समाज आर्य-किराती मूलका जातिहरूको सम्मिश्रणद्वारा निर्मित पाइन्छ। समाजको यही सङ्गठनका कारण नेपाली संस्कृतिमा एकातिर आर्य संस्कृतिको प्रभाव प र्योकभने अर्कोतिर किराती परम्परागत संस्कार अनि व्यावहारको प्रभाव पनि पर्दै गयो। अघिल्लो अध्यायहरूमा उल्लेख भएअनुसार बलिप्रथाको परम्परा वैदिककालदेखि नै रही आएको हो। अर्कोतिर जातीय लोकविश्वासका रूपमा विभिन्न स्रोतबाट पनि यो प्रथा विकसित पाइन्छ। यसर्थ नेपाली समाजमा विद्यमान बलिप्रथा मूलत : वैदिक अनि लोकपरम्पराबाट आएको मान्न सकिन्छ।

### *४.१.१ वैदिक आर्य संस्कृति अनि बलिप्रथा*

नेपाली समाजका खस-आर्य समुदायमा आर्य संस्कृतिको प्रभावलाई प्राचीन मानिन्छ। वैदिक कर्मकाण्ड तथा हिन्दू सनातन परम्परा आदिलाई नेपाली समाजका विभिन्न जात-जातिले अङ्गीकार गरेका छन् अनि यसको इतिहास पनि प्राचीन नै हो। जन्म, उपनयन, विवाह, मृत्यु आदि कार्यहरूका निम्ति अनि विभिन्न शुद्धिकार्य आदिका लागि हिन्दू धर्ममा आश्रित आर्य परम्परागत संस्कार आदि गर्ने चलन पुस्तौंदेखि रही आएको पाइन्छ। यस प्रसङ्गलाई हेर्दा यी जात-जातिमा बलि दिने प्रथालाई पनि वैदिक प्रभाव नै मान्न सकिन्छ। प्राचीन आर्य संस्कृतिमा निहीत यही विश्वासलाई अङ्गीकार गरेकाले नै नेपाली लोकविश्वासमा रहेको बलिप्रथाको परम्परालाई पनि प्राचीन मान्न सकिन्छ।

नेपाली लोकविश्वासमा ईष्टदेव वा कुलदेवतालाई बलि दिने परम्परा रहेको पाइन्छ। तथापि वैदिककालमा ईष्टदेवको पूजाका लागि बलि दिने परम्परा रहेको कुराको उल्लेख अघिल्लो अध्यायमा गरिएको छ। यसर्थ लोकविश्वासमा बाँचेको ईष्टदेवलाई दिने बलिको परम्परालाई वैदिक प्रभाव नै मान्न सकिन्छ।

*४.१.२ नेपाली लोकविश्वास अनि बलिप्रथा*

नेपाली संस्कृतिको एउटा महत्त्वपूर्ण पक्ष लोकविश्वासलाई मानिन्छ। नेपाली समाजमा एकातिर भारतीय आर्य सभ्यता अनि हिन्दू तथा बौद्ध धर्मको प्रभाव परेको पाइन्छ भने अर्कोतिर प्रकृति परिवेशगत लोक आस्थाको प्रभाव पनि उत्तिकै गाढा रहेको पाइन्छ। नेपाली समाजको एउटा प्रमुख सांस्कृतिक स्रोतका रूपमा किराती परम्परालाई लिन सकिन्छ। किरात मूलका राई, लिम्बू एवम् अन्य जातिहरूमा आफ्नै किसिमको परम्परागत संस्कार रीतिथीति रहिआएको पाइन्छ। जन्म, विवाह, मृत्यु आदि कार्यका लागि निष्पादन गरिने संस्कारगत रीतिथीतिका आफ्नै विशेषताहरू पाइन्छन्। किराती जातिमा मुन्धुमको परम्परा रहेको छ, जसलाई मौखिक परम्परामा बाँचेको प्राचीन ऐतिहासिक विशेषता मानिन्छ। यस्ता मुन्धुमहरू कर्मकाण्डसित पनि सम्बन्धित पाइएकाले यसको सांस्कृतिक महत्त्व पनि उत्तिकै रहेको छ। यसबाहेक लोक चिकित्सा एवम् कुल पूजा आदिमा पनि यी मुन्धुमहरू प्रयोग हुन्छन्। यी जातिहरूमा गरिने यस्ता संस्कारगत पूजाआजामा बलि दिने परम्परा रहेकाले किराती सांस्कृतिक स्रोतबाट प्राचीनकालमा नै नेपाली जातिमा यो प्रथा भित्रियो भन्न सकिन्छ।

नेपाली खस किरात जातिमा धामी-झाँक्री, बिजुवा-याबा, बुङथिङ-फेदाङ्बा आदि जस्ता लोक चिकित्सक तथा सांस्कृतिक कार्य सम्पादन गर्ने संस्थानको परम्परालाई पनि प्राचीन मानिन्छ। लोकविश्वासअनुरूप स्वास्थ्य लाभका निम्ति गरिने पूजा भाकल आदिमा

यस्ता धामी-झाँक्री आदिले बलि दिने गरेको पाइएकाले नेपाली लोकविश्वासमा बलिप्रथाको परम्परा प्राचीन रहेको थाहा लाग्छ।

कुलपूजा, संसारीपूजा, खोलानालाको पूजा आदि जस्ता सांस्कृतिक अनुष्ठानहरू लोकविश्वासबाटै हुर्किएका हुन्। यस्ता पूजाहरू गर्दा कुलपितृ तथा आफू वरिपरिका देवीदेवता खुशी हुन्छन् भन्ने लोकविश्वास रहेको पाइन्छ। नेपाली जातिमा यस्ता अनुष्ठानहरू निष्पादन गर्दा पशुपन्छी अन्न तथा फलफूल आदिको बलि दिने परम्परा रहिआएको पाइन्छ। यसबाहेक भूतप्रेत, पिशाच अनि शकुन अपशकुन आदिबारे पनि लोकमा विभिन्न किसिमका विश्वासहरू बाँचेका छन्। आफूलाई वा लोकलाई सताउने यस किसिमका भूतप्रेत पिशाच आदिबाट हुने हानिबाट बाँच्नका निम्ति अनि लोक मङ्गलका निम्ति पनि बलि दिने प्रथा रहेको पाइएको छ। नेपाली लोकविश्वासमा बाँचेको बलि परम्परा लोकविश्वास जतिकै पुरानो रहेको मान्न सकिन्छ।

## ४.२ शाक्त धर्म अनि बलि

नेपाली जातिमा प्रचलित प्राचीन धर्महरूमा शाक्त धर्मलाई एउटा मानिन्छ। हिन्दू धर्ममा प्रचलित धेरै धार्मिक, सामाजिक परम्पराको अनुशीलन गर्दै जाँदा ऋग्वेदबाटै यस्ता धेरै कुराहरू नि:सृत भएको पाइन्छ। तर ती सबै सरल अवस्थामा थिए। ऋग्वेदमा कुनै पनि सङ्गठित धार्मिक सम्प्रदायको अस्तित्वको वर्णन पाइँदैन। ऋग्वेदका ऋचाहरूमा मित्र, रूद्र, उषा, विष्णु, सविता, अश्विन, अग्नि, मरूत, प्रजापति, इन्द्र, शची आदिको नाउँ उल्लेखित हुनाले उसबेला एकेश्वरवादी धार्मिक संस्कार थियो भन्ने कुरा मान्न सकिँदैन।[150]

[150]. प्रेमकुमार खत्री. वि.सं.२०६१(चौथो संस्करण). *नेपाली समाज र संस्कृति,* ललितपुर : साझा प्रकाशन, पृ. ४४।

शैव र वैष्णव लाई हिन्दूहरूको प्राचीन सम्प्रदायहरू मानिन्छ। शाक्त अनि नाथ सम्प्रदायको उत्पत्ति पनि यी दुवै सम्प्रदायसँगसँगै भएको थियो। यसैकारण नाथ अनि शाक्त सम्प्रदाय हरूमा कुनैले शैव वा वैष्णव धर्मको पालन गर्दछ न् भने कुनैकुनैले तान्त्रिक योगलाई मान्दछन्।[151] विश्वको धेरैवटा प्राचीन सभ्यता हरूको उत्खननबाट थाहा लागेअनुसार मानिस प्रागैतिहासिक समयदेखि नै कुनै न कुनै शक्तिको उपासक थिए। युरोप, मध्य र पश्चिम एसिया तथा पूर्वी एसियाका सभ्यताहरूमा मानिसले शक्तिको उपासना गर्ने गरेको अनुमान गरिएको छ कारण ती सभ्यताहरूमा मानिसले आजभन्दा हजारौं वर्षअघि बनाएका स्त्रीमूर्तिहरू फेला परेका छन्। [152] सिन्धुघाटीको सभ्यतामा पनि मातृदेवीको पूजाको प्रमाण प्राप्त भएको छ।

शाक्त सम्प्रदाय प्राचीन सम्प्रदाय हो। गुप्तकालमा यो उत्तर-पूर्वी भारत, कम्बोडिया, जावा, बोर्निया अनि मलायाजस्ता देशहरूमा लोकप्रिय थियो । तर जबदेखि बौद्ध धर्मको प्रचलन फैलिन थाल्यो त्यस समयदेखि यस धर्मको प्रभाव घटेर जान थाल्यो।[153]

महाभारतको भीष्मपर्वमा युद्धमा विजय पाउनका लागि कृष्णको परामर्शअनुसार अर्जुनले देवी दुर्गाको उपासना गरेको प्रसङ्ग पाइन्छ। देवी शक्तिलाई दुर्गा, काली, महिषासुरमर्दिनी, भागवती, चण्डी आदिका नामले पनि पुकारिन्थ्यो। देवी शक्तिका ती न रूपहरू मुख्य छन् - सौम्य (देवी सरस्वती, लक्ष्मी आदि), कामप्रधान (षोडसी, आनन्दी, भैरवी, त्रिपुरा सुन्दरी, ललिता आदि) र प्रचण्ड रूप (काली, महाकाली, भैरवी, चण्डी, चामुण्डा आदि)। प्रचण्डरूपी देवी शैव धर्मको कापालिक वा कालामुख सम्प्रदायसित

---

[151] . स्रोत: http://hindi.webdunia.com/cheitra-navaratri-special/24/12/2014,03:45 (दिनाङ्क २४.१२.२०१४)

[152] . प्रेमकुमार खत्री. पूर्ववत्- पृ.५९।

[153] .स्रोत: http://hindi.webdunia.com/cheitra-navaratri-special/24/12/2014,03:48. (दिनाङ्क २४.१२.२०१४)

सम्बन्धित छ। यस रूप को शक्तिको उपासना सामान्य पूजाबाट मात्र नभई पशु तथा प्रारम्भिक युगमा नरबलिबाट समेत हुन थाल्यो। [154] नेपालको सन्दर्भमा शाक्त धर्मको उल्लेख गर्न पर्दा प्रसिद्ध पर्व द शैंलाई मानिन्छ। दशैंमा मूलत : भगवतीले वा महिषासुरमर्दिनीले राक्षसमाथि विजय प्राप्त गरेको सम्झनामा यस दिनलाई चाड (पर्व) को रूपमा मनाइन्छ। यस दिन अर्थात् आश्विनशुक्ल प्रतिपदादेखि दशमीसम्म देवी भगवतीको आराधनामा प्रत्येक नेपालीहरूले घरघरमा पशुबलि दिई पूजा गर्ने गर्छन्।[155]

भारतको सिक्किम अनि दार्जिलिङ क्षेत्रका नेपाली जाति ले पनि यसै चाडको बेला अष्टमी र नवमीका दिन पशुबलि दिएर देवीको आराधना गर्ने गर्छन्। यस क्षेत्रका नेपाली जातिमा रहेको बलिप्रथा शाक्त धर्मकै प्रभावको रूपमा यद्यावधि निरन्तरताका साथ कायम रहेर आएको मान्न सकिन्छ। दशैंको पर्वमा देवीको आराधना गर्दै दिइने बलिका विभिन्न रूप र प्रकारहरू पाइएका छन्। शाक्त परम्परा कै प्रभाव स्वरूप प्रचलनमा रहेको यस प्रथालाई विभिन्न जात-जातिले आ-आफ्नै किसिमले मान्दै आएका छन्। सिक्किम अनि दार्जिलिङ क्षेत्रका लिम्बूहरूले पाठो वा पाठी काटेर बलि दिने गर्छन् भने मगर अनि गुरुङहरूले भेडाको बलि चढाउँछन्। उसरी नै छेत्री, बाहुन, कामी, दमाई अनि जोगी, सन्न्यासी आदिले खसी वा बोकाको बलि दिन्छन् भने नेवारहरूले राँगो काटेर बलि दिने गर्छन्। पशुको मार हानेर अष्टमी र नवमीका दिन यी बलि दिने गरिन्छ। यस अतिरिक्त राई, लिम्बू तथा अन्य किराती मूल जातिहरूले अष्टमीका दिन कुखुरा तथा अन्य पन्छी काटेर कालीलाई भोग दिने गर्छन्। उनीहरू अष्टमीलाई कालीराती [कालरात्र] भन्ने गर्छन्। सिक्किम तथा दार्जिलिङ क्षेत्रमा रहेको बलिको यस प्रथाका विविध रूप पाइएका छन्। यो परिवारमा वा घरघरमा दिने गरिन्छ अनि कतिपय ठाउँ अनि जातिमा कुल भेला भई सामूहिक रूपमा बलि दिने गरिन्छ। यस अतिरिक्त गाउँ समाज मिलेर सामूहिक

---

[154]. प्रेमकुमार खत्री. पूर्ववत्. पृ. ४६।
[155]. उही. पृ. ६१।

रूपमा बलि दिने प्रथा पनि रहेको छ। यद्यपि वर्तमानमा धेरै ठाउँ अनि विभिन्न जाति अनि परिवारमा पशुबलि दिने चलन रहेको पाइँदैन। पशुबलिको ठाउँमा अन्न, फलफूल तथा प्रतीक बलि दिने चलन बढ्दो देखिन्छ। बलिप्रथामा देखिएको यो परिवर्तन पछिका कारणहरूलाई अर्को उपशीर्षकमा चर्चा गरिएको छ।

## ४.३ परिवार, कुल अनि सामूहिक बलि

नेपाली समाजमा विभिन्न स्तरमा अनि भिन्नभिन्न प्रकारले बलि दिने परम्परा रही आएको छ। सिक्किम अनि दार्जिलिङ क्षेत्रमा पनि बलिका विभिन्न प्रकार पाइएका छन्। विशेष गरेर परिवार, कुल तथा सामूहिक रूपमा बलि दिने परम्परा रहेर आएको छ। यी तीन वाटै किसिमका बलिको चर्चा तलका उपशीर्षकहरूमा गरिनेछ।

### *४.३.१ पारिवारिक बलि*

पारिवारिक बलि भन्नाले कुनै एउटा परिवारले आफ्नो परिवारको मंगल कामनाका निम्ति दिने बलि भन्ने बुझिन्छ। यस्ता पारिवारिक बलिहरू पनि भिन्नभिन्न किसिमका पाइएका छन्। यस्ता बलिहरू परिवारको कुल अनि अन्य सांस्कृतिक विश्वासअनुरूप मानिएका देवीदेवता आदिलाई दिने गरिन्छ। नेपाली सांस्कृतिक समूहभित्रका भिन्नभिन्न जात-जातिमा आ-आफ्नै किसिमका विश्वास रहिआएकाले यस्ता पारिवारिक बलिहरू पनि भिन्नभिन्न किसिमका छन्। परिवारले मात्र दिने यस्ता बलिहरूमा चुल्हापूजा, आइतबारे, हिम्माङ, नयाँ (नुवाङ्गी) पूजा, गोठपूजा आदिमा दिने गरिन्छ।

#### क. चुल्हापूजा

चुल्हापूजा विशेष गरेर राई जातिले गर्ने गर्छन्। राईहरू चुल्हाका रूपमा गाढिएका ढुङ्गालाई पूजा गर्छन् जसलाई तीन चुल्हापूजा पनि भन्ने गरिन्छ।

उनीहरूले गर्ने थुप्रै पूजाहरूमध्ये चुल्हापूजा एउटा मुख्य पूजा हो। यो पूजा सबै राईहरूका प्रत्येक परिवारमा गरिन्छ। उनीहरूको विश्वासका अनुसार यी तीन चुल्हा आफ्ना पूर्खा पितृ हुन् जसबारे राई समाजमा एउटा प्रचलित लोककथा पनि पाइन्छ। ती प्रत्येक ढुङ्गालाई यिनीहरू बितेर गएका आफ्ना पितापुर्खाको प्रतीक मान्दछन् जसलाई वान्तावा राई भाषामा सुसुलुङ (दिमा अर्थात् स्त्री पुर्खा ), दिवालुङ (दिवा अर्थात् पुरुष पुर्खा), तारालुङ् (पञ्च) भनिन्छ। थरका अनुसार यी तीनवटा ढुङ्गाको नाम पनि भिन्नाभिन्नै हुने गर्दछ।[156] तीन चुल्हालाई उनीहरू आफ्नो कुलदेवताको प्रतिरूप पनि मान्दछन्। यी तीनवटा देवताहरूद्वारा नै संसार सिर्जना र रक्षा भएको हो भनी राई तीनवटा चुल्हा-ढुङ्गालाई पवित्र मानी पुज्ने परम्परा रहेको छ।[157]

तीन चुल्हाको पूजा गर्दा पितृको सम्झनामा कुखुराको बलि दिने गरिन्छ। आफ्ना पितृलाई उनीहरू कुलदेवताका रूपमा मान्दछन् र कुलदेवतालाई मनाएर पारिवारिक मङ्गलमय कामना गर्दै यो बलि दिने गरिन्छ। आफ्ना कुलका कुनै माङ्पा (राई बिजुवा) वा घरका सबैभन्दा वृद्ध पुरुषद्वारा यो बलि भोग चढाइन्छ। कुखुरा काटेर त्यसको रगत तीनवटा चुल्हाका चम्कामा चुहाइन्छ अनि त्यस कुखुरालाई चुल्हा वरिपरि देब्रेबाट दाहिने तर्फ फेरो मारी बाहिर लगिन्छ। यति गरिसकेपछि भोग दिएको कुखुरालाई सा-सानो चोक्टा बनाइ परिवारका सबैले खान्छन्। पहिले कुल वा पितृलाई भोग दिएर मात्र आफूले खानुपर्छ अनि यसो गरिए पितृ श्रापबाट बाँचिन्छ र पारिवारिक मङ्गल प्राप्त हुन्छ भन्ने विश्वास राखी वर्षमा एक चोटि तीन चुल्हालाई बलि दिने गरिन्छ।

156. नागरी फार्म, दार्जिलिङ निवासी, ८० वर्षीय मसिने राईसित दिनाङ्क ११.१२.२०१४-का दिन लिएको अन्तरवार्ता अनुसार ।

157. मङ्पू बीचकमान, बागबजार निवासी ६५ वर्षीय संग्रामसिङ राई (थुलुङ)-मा दिनाङ्क ०३.०७.२०१४-का दिन अन्तरवार्ता अनुसार।

**ख. आइतबारेपूजा**

आइतबारे पूजा नेपाली जातिका प्राय : सबै जात-गोष्ठीका परिवारमा गरिन्छ। विशेष गरी लिम्बू, गुरुङ, दमाई, तामाङ जातिमा यो पूजा प्रचलित रहेको पाइन्छ। यो पूजा सोह्रश्राद्धपछि आउने आइतबारको दिन सम्पन्न गरिन्छ । आइतबारे देवताका निम्ति भनेर यी परिवारहरूले वर्षमा एकपल्ट आइतबारेपूजा गर्ने गर्छन्। यो पूजा गर्दा विभिन्न परिवारले आ-आफ्नै किसिमले बलि दिने गरेको पाइन्छ। लिम्बू, दमाई, गुरुङहरूले एउटा भाले काटेर बलि दिने गर्छन् भने तामाङहरूले "एक जोडा कुखुराको भोग दिएर"[158] यो पूजा गर्छन्। यो पूजा आफ्नै जमीनको कुनै जङ्गल वा बारीमा रहेको चिलाउनेको रूखको फेदमा एउटा थान स्थापना गरी सम्पन्न गरिन्छ। आफ्नै कुलभित्रका वा परिवारका धामी-झाक्री नभए घरका अगुवाद्वारा यो पूजा निष्पादन गरिन्छ। थानको स्थापना भइसकेपछि आइतबारे देवतालाई त्यस ठाउँमा निम्त्याइन्छ अनि कुखुरा काटेर त्यसको रगत थानमा छर्किइन्छ। त्यस रूखको फेदमा स्थापित थानमा आइतबारे देवता बसेको हुनाले उक्त रूख काट्नुहुँदैन, काटे देवता रिसाउँछ अनि बिथोलिए भएपछि परिवार वा कुललाई पिरोल्छ भन्ने लोकविश्वास रहेको छ। कारणवंश थानको रूख काट्न परे फेद्‌ङबा वा बिजुवाहरूले आइतबारे देवतालाई माफी माग्दै कुनै अर्को ठाउँमा भएको चिलाउनेको रूखमा पूजाथान सार्ने गरिन्छ।

**ग. हिम्माङपूजा**

यो पूजा विशेष गरेर लिम्बू जातिले गर्ने गर्छन्। लिम्बू भाषामा हिम्माङ भन्नाले 'घरको देवता' भन्ने बुझिन्छ। परिवार सदस्यहरूमा कानको बिमारी नआवोस् भन्ने उद्देश्य राखेर हिम्माङ पूजा गर्ने गरिन्छ। यस पूजामा हिम्माङलाई दुम्सी काटेर बलि दिने

---

[158]. पितामचिन, कालेबुङ निवासी, ७० वर्षीय बीरमान गोलेसित दिनाङ्क २६.१२.२०१४जका दिन लिएको अन्तरवार्ता अनुसार।

गरिन्छ। यद्यपि आजभोलि भने वन्य प्राणी संरक्षणसम्बन्धी कानून बनिएकाले अनि वन्य जन्तु सहजै पाउन गाह्रो भएकाले कुखुरा काटेर हिम्माङलाई भोग दिने गरेको पाइन्छ। कुनै पनि लिम्बू परिवारका सदस्यको कान दुख्दा दुम्सी वा कुखुराको भोग दिएर पूजा गरे निको वा सञ्चो हु न्छ भन्ने विश्वास आज पनि रहेको पाइन्छ। यस पूजामा पशुपन्छीको बलि दिएर जंगलका देवता थुङ्दङ्बा र बुढो देवता कपो थुङ्दङ्लाई रगत छरेर मन्साउने गरिन्छ।[159] आजभोलि पनि लिम्बू जातिमा कसैको कान दुख्दा वा पाक्दा हिम्माङ देवतालाई कुखुराको बलि दिने गरिन्छ।

## घ. नुवागीपूजा

सिक्किम अनि दार्जिलिङ क्षेत्रका प्राय : सबै नेपाली जा त-जातिमा नुवागीपूजा गर्ने चलन रहेको छ। यहाँको नेपाली समाज मूल रूपले कृषि व्यावसायमा आश्रित छ। त्यसैले आफ्ना पाखुराले खनी-खोस्री खेतबारीमा फलाएका अन्न, फलफूल पाकेपछि सबै भन्दा पहिला आफ्ना ईष्ट देवीदेवता, कुल-कुलायन, धर्तीमाता वा प्रकृति आदिलाई अर्पण गर्ने परम्परा रहेको पाइन्छ। यस किसिमको पूजामा पशुप्राणीको बलि दिँदैन तर अन्न र फलफूल आदिको भोग दिइन्छ। त्यसैले यसलाई अन्नबलि भन्ने गरिन्छ।पुरोहित, फेदाङ्बा, बिजुवा वा घरको सबैभन्दा अग्रज व्यक्तिद्वारा यो बलि दिने गरिन्छ। आफ्नो ईष्टदेव आदिलाई उनीहरूको भाग अर्पण गरेपछिमात्र परिवारले ती अन्न, फलफूल आदि खाने प्रथा यद्यावधि छँदैछ। यो पूजा बाह्रैमास गर्ने चलन छ। विशेष गरेर धान, मकै, गहुँ, कोदो, फापर, फलफूल आदि आफ्नो बारी , खेतमा पाकेपछि पहिला कुलदेवतालाई अर्पण गरेर मात्र खानुपर्छ भन्ने लोकविश्वास छ।कतिपय परिवारका मुखियाले देवतालाई अर्पण नगरीकन अरूको बारीमा फलेको अन्न वा फलफूल पनि खान मान्दैनन्। पहिले

---

[159]. अप्पर नोर, बिजनबारी, दार्जिलिङ निवासी, ९० वर्षीय तिलराज लिम्बूसित दिनाङ्क १५.१२.२०१४-मा लिएको अन्तरवार्ता अनुसार।

आफ्नो बारीमा फलेको अन्न र फलफूल देवतालाई चडाएपछि परिवारका सबैले खाने गर्दछन्।

**ङ. गोठपूजा**

कृषिको अतिरिक्त सिक्किम अनि दार्जिलिङका नेपालीहरूको अर्को व्यावसाय गाई, भैंसी, भेडा, बाखा आदि पशुहरूको पालन रहेको पाइन्छ। यी पशुहरू नै उनीहरूको आयको एउटा मूल स्रोत पनि हो। आजभोलि थोरै मानिसहरूले मात्र यो व्यावसाय अँगालेको पाइए पनि पहिलाको समयमा धेरैजसो मानिसहरूले गाई गोठ, भेडीगोठ राख्ने गर्दथे। आफ्नो गोठमा भएका गाई-वस्तुको सुरक्षाको कामना राख्दै गोठको देवतालाई बलि दिने परम्पराबाट गोठपूजाको चलन रहेको थाह लाग्छ। गाईवस्तुलाई रोग नलागोस्, नहराउन, नमरुन भन्ने उद्देश्य राखेर गोठदेवता अनि जङ्गली देवतालाई पशुपन्छी अण्डा, फलफूल र धुपबत्ती आदि चढाउने गरिन्छ। किराती मूलकाहरूले कुखुरा र अण्डाको बलि दिइन्छन् भने छेत्री बाहुनहरूमा धेरैले धुपबत्ती बालेर अनि खीर चडाएर भोग दिने गर्दछन्। यद्यपि वर्तमान सन्दर्भमा गोठ पाल्ने व्यावसाय हट्दै गएकाले गोठपूजा बलिको प्रथा पनि हराउँदै गएको पाइन्छ। यो पूजा हरेक वर्ष वैशाख र माघ महिनामा गरिन्छ।

*४.३.२ कुलमा दिने बलि*

परिवारमा दिने बलिभन्दा कुलमा दिने बलि भिन्न हुँदछ। एउटै परिवारका विभिन्न सदस्य मिलेर गर्ने पूजा पारिवारिक हुन्छन् भने एउटै थर गोत्रका विभिन्न परिवार मिलेर गर्ने पूजालाई कुलपूजा भनिन्छ। सिक्किम अनि दार्जिलिङका नेपालीहरूमाझ थुप्रै जात जातिमा कुलपूजा गर्ने चलन छ। वास्तवमा कुल पूजाका विभिन्न रूपहरू छन् अनि यस्ता पूजाहरूमा बलि दिने प्रथा रहेको पाइन्छ। बलि दिने यस्ता पूजाहरूमध्ये कुलपूजा, दुङ्दुङ्गे, देवाली, वायु वा मष्टो आदि पूजाहरू धेर प्रचलित छन्।

### क. कुलपूजा

नेपाली जातिका प्राय: सबै जातगोष्ठीमा आफ्ना सन्तान वा कुलका सबै परिवारहरू एक ठाउँमा भेला भएर कुलपूजा गर्ने परम्परा रहेको छ। छेत्री, बाहुन, मगर, राई, भूजेल, कामी, दमाई आदि जातिले कुलपूजा गर्छन्। थुप्रै जातिले यसलाई वायुपूजा पनि भन्ने गरेको पाइएको छ। वायु वा कुलपूजामा पितापुर्खाको मृतात्मालाई कुल देवताको रूपमा स्थापित गरी पूजा गर्ने गरिन्छ। कुल पितृलाई मनाउनका निम्ति वर्षेनी पशुप्राणी, अन्न फलफूल आदिको भोग दिएर यो पूजा गर्ने चलन सिक्किम अनि दार्जिलिङका माथि उल्लेखित जात-जातिमा धेरै प्रचलित रहेको पाइएको छ। यो पूजा प्रत्येक वर्षको मङ्सीर महिनाको पूर्णिमादेखि पञ्चमी तीथिसम्म धुमधामसँग गरिन्छ। यस पूजाका निम्ति एउटै कुल वा वंशका प्रत्येक घरले एकेक माना चामल, कुखुरा अनि जाँडरक्सी आदिको अंशदान गर्नु पर्दछ। धामी अथवा मूली (भुजेल जातिमा कर्म काण्ड सम्पन्न गर्ने व्यक्ति वा धामी)-द्वारा कुल स्थापना गरिएको थानमा भेंडा, बाख्रा र कुखुरा आदिको बलि दिएर यो पूजा सम्पन्न गरि न्छ।[160] नेपाली लोकविश्वासका अनुसार लगाएको बालीको अगौटे फसल कुललाई चढाइन्छ। धान, मकै तथा अन्य कुनै अन्न तथा फलफूल फलेपछि कुलदेवतालाई चढाए घरमा सह बस्छ भन्ने नेपाली समाजमा लोकविश्वास रहेको छ।[161]

सिक्किम अनि दार्जिलिङका राई जाति ले गर्ने उँधौली-उँभौली पनि वास्तवमा कुलपूजा नै हो। राईहरू मङ्सीरे कुलका लागि भनेर उँभौलीपूजा र बैशाखे कुलका लागि उँधौलीपूजा गर्ने गर्छन्। मङ्सीरे कुल पूजामा बाजेको निसानी ढुङ्गा र पञ्चको निसानी राखेर पवित्र थान बनाइ कोदोको बाला, सालिचा-सालिधान का साथै धनु, चिण्डो, जाँड र

---

[160]. पी.के भूजेल तथा अन्य (सम्पा). सन् २०१४. *भुजेल नृजातिवर्णन (भूजेल जातिको सामाजिक सांस्कृतिक जीवन पद्धति)*, गान्तोक: अखिल सिक्किम भुजेल सङ्घ, पृ. ५१-५२।

[161] नोरबस्ती, बिजनबारी, दार्जिलिङ निवासी ७६ वर्षी य सनमान लिम्बू सित २०.१२.२०१४-मा लिएको अन्तरवार्ता अनुसार।

कुखुराको बलि चढाउने गरिन्छ। यसरी नै वैशा खमा गरिने कुलपूजा वा उँ धौलीपूजामा कुलदेवताहरूबाट आशीर्वाद माग्नलाई कुखुरा, अदुवा, अक्षता र जाँड चढाइन्छ।[162]

मगर जातिमा कुलपूजा लाई अत्यन्तै महत्त्वपूर्ण मानिन्छ। विभिन्न ठाउँमा बस्ने अनि विभिन्न थरका मगरहरूमाझ कुलपूजा गर्ने विधि पनि भिन्न पाइन्छ। मगर जातिमा परापूर्वकालदेखि गर्दै आएको यस कुलपूजा तीन वर्षमा एकचोटि वैशाख अथवा मङ्सीर महिनाको पूर्णिमाको तीथि पारेर गरिन्छ। यस पूजामा खलकीय परम्पराका अनुसार सुंगुर, बाख्रा, कुखुरा आदिको बलि दिने परम्परा रहेको छ।[163]

**ख. नागीपूजा**

नागीपूजा गर्ने चलन विशेष गरेर कुलुङ राईहरूमाझ पाइन्छन्। नागवंशी वा नाग पितृ भएका राईहरूले नाग देवतालाई पूज्नका निम्ति नागीपूजा गर्ने गर्छन् भन्ने कुरा दक्षिण सिक्किम सुबुक निवासी नरकुमार राई बताउँछन्।

नागीपूजा विशेष गरेर विधि जान्ने अनि देवताबाट प्रतीकात्मक वा साङ्केतिक आज्ञा पाएका कुलका वृद्धाद्वारा निष्पादन गरिन्छ। यस पूजामा नयाँ अदुवा, एउटा चिण्डो, चामल र कुखुराको भोग चडाइन्छ। नागी पूजाबाहेक राईहरूले चुल्हापूजा, मलो, आठने, यादुमे, पोयमे, थामसिमे आदि पूजाहरू गर्ने गर्छन्। यी माथि उल्लेखित विभिन्न देवी देवता वा कुललाई सङ्कल्प गरी प्रत्येक वर्ष ६-७ वटा जति कुखुराको भोग दिने गरिन्छ।[164]

---

162 . रनबहादुर राई, सन् २०११, *राई (वान्तवा) गोष्ठीको रीति-रिवाज,* गोरुबथान : मानवी प्रकाशन, पृ. ९-१२।

163. वासुदेव पुलामी, सन् २००९, *मगर जाति र मगर भाषा,* दार्जीलिङ : मगर संघ भारत, पृ. ४३।

164 संघनाथ, सुबुक बस्ती, दक्षिण सिक्किम निवासी ६७ वर्षीय नरकुमार राईसित दिनाङ्क १९.०१.२०१५-का दिन लिएको अन्तर्वार्ता अनुसार।

## ग. दुङ्दुङ्गेपूजा

दुङ्दुङ्गेपूजा लिम्बू जातिको साम्बा थरले गर्ने कुलपूजा हो। यो पूजा लिम्बू फेदाङ्बाद्वारा निष्पादन गरिन्छ। यो पूजा पुरुष जातिले मात्र नभएर स्त्रीहरूले पनि गर्ने गर्छन्। विशेष गरेर मादेन साम्बाका छोरीचेली अन्य कुनै पनि जात वा थरका व्यक्तिसित विवाह भएर गएको खण्डमा उनीहरूले त्यस नयाँ घरमा समेत दुङ्दुङ्गे पूजा गर्नुपर्ने हुन्छ। लिम्बू जातिमा विद्यमान यस परम्पराले उक्त जातिमा कुलपूजा स्त्रीहरूले पनि गर्ने गरेको थाहा लाग्छ। यो पूजा प्रत्येक तीन वर्षमा एकपल्ट मङ्सीर वा पूस महिनामा गर्ने गरिन्छ। यस पूजामा तीन वर्षे बोको, कोदोको पिठोको २६ र धानको पिठोको २६ गरी जम्मा ५२ वटा तोरमा, फापर, चिउरा आदि कुराहरूको बलिभोग दिइन्छ। यो पूजा कुलपूजा भएकाले यसमा प्रत्येक परिवारको अंशदारी रहेको हुन्छ। यस पूजामा जिउँदो भाले र बोकाको मुटु कुललाई चढाइन्छ। यसरी जिउँदो बोको र भालेको मुटु हल्लिएको दृश्यबाट केही सूत्र लिई फेदाङ्बाले त्यस कुलको जोखाना हेर्ने ग र्छन्। यो पूजा दार्जिलिङको नयाँ नोर, मुर्मीदाङ्, लीङ्तेन अनि सिक्किमको दरामदेन, सोमबारे आदि स्थानहरूमा अझ पनि गर्ने गरिन्छ।[165]

## घ. देवालीपूजा

देवालीपूजा विशेष गरेर नेपाली जातिका खस हरूले गर्ने गर्छन्। खस वा छेत्री-बाहुनले गर्ने कुलपूजालाई नै देवालीपूजा पनि भन्ने गरिन्छ। आफ्नो कुलका सबै परिवार शाखा सन्तान सालमा एकपल्ट भेला भईकन देवालीपूजा गर्ने गर्छन्। यस पूजामा आफ्ना इष्ट वा कुल-कुलायनलाई प्रत्येक परिवारको नाममा बोकाको बलि दिने गरिन्छ।

---

[165]. चारघारे बस्ती, बिजबारी निवासी ६८ वर्षीय चुक्साम्बा लिम्बूलिसित दिनाङ्क ०७/१२/२०१४-मा लिएको अन्तरवार्ता अनुसार।

यो पूजा वर्षेनी मङ्सीर वा वैशाख पूर्णिमाको दिन गर्ने गरिन्छ। कुलका प्रत्येक घरपरिवारले अन्न, पैसा, बोका तथा अन्य सामग्री लिएर घरदेखि टाढा जङ्गलमा गई यी सबै चिजबीज तथा बोकाको बलिदिएर यो पूजा गर्ने गर्छन्। कतिले भने यो पूजा खोलाको बगरमा पनि गर्ने गरेको पाइएको छ। यो पूजा आफ्नै कुलको धामीद्वारा मात्र निष्पादन गर्नुपर्छ भन्ने लोकविश्वास रहेको छ। देवालीका निम्ति कुनै जङ्गलको रूखको फेदमा कुलका धामीद्वारा थानको स्थापना गरिन्छ। रूखको चारैतिर बारेर उक्त पूजाको थान सुरक्षित राखिएको हुनुपर्छ। यसो गर्नाको मुख्य कारण कुनै पनि अन्य पशुहरूबाट त्यस थानमा कुनै प्रकारको क्षति नपुगोस् वा कुनै प्रकारको बिघ्नबाधा आइ नपरोस् भन्ने हो। छेत्री, बाहुन जातिका लोकविश्वास का अनुसार पूजा सम्पन्न हुँदा कतै कसैबाट बाधा हुनुहुँदैन।[166] एउटा उल्लेख्य कुरा के छ भने देवालीमा केवल पुरुषहरूको मात्र सहभागिता रहनुपर्छ अनि स्त्रीहरूलाई पूर्ण रूपले निषेध गरिन्छ। थान वरिपरि तगारो लगाउनुको पछि यो पनि एउटा मुख्य कारण हुन सक्छ। बोकालाई थानमा राखेर मार हानेपछि धामीले बोकाको काटिएको घाँटीमा मुख गाढेर काँचो रगत खाने गर्छन्।[167] धामीले आफूमा देउता चढेपछि बोकाको रगत खाने प्रसङ्गले वास्तवमा धामीमा सवार कुल देवताले उक्त रगत खाएको कुरातर्फ सङ्केत गर्दछ।

वर्तमान मा सिक्किम अनि दार्जिलिङको नेपाली समाजमा देवालीपूजाको चलन हराउँदै गएको थाहा लाग्छ। पशु हत्याप्रति मान्छेको विश्वास हट्दै गएकाले अचेल यहाँका थुप्रै ठाउँहरूमा यो पूजामा बोका काट्ने गरिँदैन। सिक्किम अनि दार्जिलिङमा पशुपन्छीको बलिका साटो आजभोलि कुविन्डो तथा फर्सी आदिमा चारवटा खुट्टाको प्रतीकस्वरूप टेका लगाई प्रतीकात्मक बलि दिने परम्परा धेरै प्रचलित रहेको पाइन्छ। यसरी पशुबलिको

---

[166]. रङ्गबुल, दार्जिलिङ निवासी ७५ वर्षीय गोकुल सिन्हासित दिनाङ्क २३.१२.२०१४-का दिन लिएको अन्तरवार्ता अनुसार।

[167]. रङ्गबुल निवासी गोकुल सिन्हा अनि पश्चिम पाण्डम अनि साउने बस्ती, पूर्व सिक्किम निवासी, ५० वर्षीय पदमबहादुर गौतमसित दिनाङ्क २०.१२.२०१४-मा लिएको अन्तरवार्ता अनुसार।

ठाउँमा फलफूल अन्न आदिको बलि दिने परम्परा बढ्दो देखिन्छ। समयको परिवर्तसँगै यी जातगोष्ठीहरूको पूजाविधिमा पनि परिवर्तन आएको देखिन्छ।

**ङ. मष्टोपूजा**

मष्टोपूजा विशेष गरेर छेत्री, बाहुन जातगोष्ठीहरूले गर्ने पूजा हो। मष्टोपूजा लाई पनि खसहरू कुल वा पितृपूजा मान्छन्। उनीहरूको लोकविश्वासका अनुसार मानिसको मृत्यु भएपछि उसको आत्मा यस संसारमा घुमिरहन्छ र त्यही आत्मा नै उनीहरूको कुल पनि बन्दछ जसलाई उनीहरू आफ्ना कुलदेवता वा कुलायनका रूपमा पुज्ने गर्दछन्। मष्टोपूजा खस आर्यहरूमा मात्र रहने गरेको भनाई पाइएका भए तापनि वर्तमानमा विशेष गरेर नेपालमा विभिन्न जात-जातिले मष्टोलाई कुलायनका रूपमा पूज्ने गरेको पाइएको छ।[168] नेपालमा प्रचलित मष्टोहरूको अध्ययन गर्ने भीमकुमार राईका मतानुसार जम्मा चौरासी प्रकारका मष्टोहरूको अस्तित्व रहेका छन्। यी मष्टोहरूलाई चार भागमा विभाजन गरेको पाइन्छ जसलाई दुधे मष्टो, लडेमष्टो, विशुद्ध वा सत्वगुणी मष्टो र दाह्रे मष्टो भनिन्छ। यी मष्टोहरूमध्ये दाह्रे मष्टोले भोग खाने गर्दछ र त्यसलाई चाहिँ पशुभोग दिनै पर्छ भन्ने लोकविश्वास रहेको छ।[169]

*४.३.३ सामूहिक रूपमा दिने बलि*

नेपाली जातिमा सामूहिक रूपमा पनि बलि दिने परम्परा रहेको छ। यसअन्तर्गत संसारीपूजा, देवीपूजा, मारहान्ने प्रथा आदि पर्दछन्। यस प्रकारको बलिमा गाउँ वा समाजका सबै सदस्यहरूको सहभागिता रहेको हुन्छ। यस्ता बलिपूजामा आवश्यक पर्ने सरसामग्रीहरू गाउँसमाजका सबै मानिसहरूले जुटाएका हुन्छन्। सामूहिक बलिपूजाका केही प्रकारहरूबारे तल चर्चा गरिन्छ।

---

[168]. भीमकुमार राई (वि. सं. २०७०), *नेपाली संस्कृति र मष्टो,* काठमाडौं: राई व्रदर्श, पृ. ६०।
[169]. उही, पृ. ६५-७०।

## क. देवीपूजा

देवीपूजा सिक्किम अनि दार्जिलिङका नेपाली जातिले गर्ने एउटा मुख्य पूजा हो। गाउँघर, समाज वा सङ्घसंस्था आदि मिलेर सामूहिक रूपमा यो पूजा गर्ने परम्परा रहेको पाइन्छ। देवीपूजा देवीथानमा गर्ने गरिन्छ। यस्ता देवीथानहरू पानी पलाउने ठाउँ, वर-पीपल भएको उच्च ठाउँ वा अघिल्लो पुस्ताले मानिल्याएको कुनै पवित्र स्थान आदि ठाउँमा रहेको हुन्छ। देवीथानमा देवीको पूजा आराधना गरिने, भोग बलि दिने भएकाले उक्त ठाउँमा मैला, झाडापिसाब गर्न निषेध गरिएको हुन्छ।

देवीपूजा वर्षेनी बैशाख महिनाको पूर्णिमाको दिन गर्ने गरिन्छ। यस पूजामा गाउँ वा समाजका सबै परिवारहरूबाट अंशदारी उठाइने गरिन्छ। यस प्रकारको अंशदारीमा प्रत्येक परिवारले रूपियाँपैसा, अन्न (चामल, कोदो आदि), कुखुरा, परेवा, बाख्रा आदि प्रदान गर्दछन्। प्रत्येक घरले अण्डा अनिवार्य रूपमा दिनु पर्दछ जुन अण्डाको रानीबाट फेदाङ्बा वा झाँक्रीले प्रत्येक घरको जोखाना खुट्याइदिने गर्छन्। यसरी पूजामा आवश्यक सर -समाग्रीहरूको जोगाड गरेपछि पूर्णेको बिहान फेदाङ्बा र सहयोगी पुजारीहरू चोखो मुखमा आएर पूजाको आरम्भ गर्छ न्। त्यस दिन फेदाङ्बाले नियमित रूपमा सबै देवीदेवताहरूलाई पुकारा गर्दै आआफ्नो भाग का अनुसार पान, सुपारी, फलफूल, धूप अनि ध्वजाहरू अर्पण गर्छन् अनि चिन्हित गरेका भोगखाने देवीलाई (देवीको वाहन सिंहलाई) पाठी वा बोका, कुखुरा, परेवा, अण्डा आदिको बलि दिन्छन्। ती बलि दिएका बाख्रा, कुखुरा, परेवा, अण्डाहरूलाई पूजाका सहयोगीहरूले पकाएर पूजामा आउने सबैलाई प्रसादको रूपमा वितरण गर्द छन्। माथि उल्लेखित देवीपूजा दार्जिलिङ-सिक्किमको प्रायःजसो गाउँहरूमा हुने गरेको पाइएको छ। तथापि छेत्री, बाहुन बहुल समाजमा भने देवीपूजा गर्दा पशुपन्छीको भोग दिने चलन रहेको पाइँदैन।

गत केही दशक यता सिक्किम अनि दार्जिलिङका प्रायःजसो गाउँ समाजमा देवीपूजा गर्दा पशुप्राणीको बलिदिने प्रथा हट्दै गएको पाइएको छ। अहिंसाप्रति मान्छेको बढ्दो आस्था तथा आधुनिक शिक्षाका कारण परम्परागत विश्वासप्रति उठेका अनास्थाका लहरहरूकै परिणामस्वरूप बलि दिने प्रथा हट्दै गएको पाइएको छ। आजभोलि पशुबलिको ठाउँमा पानसुपारी, सिन्दुर ,ध्वजा, फलफूल अनि कुविन्डो, फर्सी, काक्रा, इस्कुस आदिलाई पशुहरूको प्रतीकको रूपमा खुट्टा, पुच्छर, सिङ्ग लगाइदिएर 'प्रतीक बलि' दिने गरेको पाइन्छ। [170] केही पुरातन विचारका मानिसहरू यसरी सादा रूपमा गरिने पूजाको विरोध गर्छन् भने नयाँ विचारधारा भएका मानिसहरू भने यस प्रकारको पूजालाई नै सार्थक मान्दछन्। अप्पर नोरबस्ती, बिजनबारी दार्जिलिङ निवासी श्री तिलराज लिम्बूका मतानुसार अप्पर नोरबस्ती, बिजनबारीमा पनि गत केही वर्ष यतादेखि पान, सुपारी, फलफूल, धुप, ध्वजाद्वारा नै देवीपूजा गर्न थालिएको छ। [171] यसरी नै सिक्किमको सिङताम साउने तथा पश्चिम पाण्डाम क्षेत्रमा पनि देवीपूजामा कुभिन्डो आदिकै प्रतीकात्मक बलिदिने गरेको कुरा साउनेका पदम छेत्रीद्वारा थाहा लाग्छ। [172] पूर्वसिक्किमका लिङ्गी-लिङमो, तुमिन-साम्दुङ, रालप-सिङवेल, रङ्गेली-रिनाक, डुगा-पाण्डामलगायत अन्य जिल्लाका धेरैजसो गाउँहरूमा अचेल देवीपूजामा पशुपन्छीको बलिदिने परम्परा रहेको पाइँदैन।

पाण्डाम गढीस्थित खड्ग निशानी देवीथानमा केही वर्ष अघिसम्म कालो रङ्गको पाठीको बलि दिने परम्परा रहेको गाउँका मण्डल थलराम खनालले जनाएका छन्। कालो रङ्गको पाठी बलिदिँदा नौमती बाजासितै देवीथानसम्म पाठीलाई शोभायात्रासहित लगिन्थ्यो। तर पछि पाण्डाम गाउँमा प्रणामी सम्प्रदायको वृद्धि तथा मानिसहरूमा आएको

---

[170]. पदमबहादुर गौतम, पूर्ववत्।

[171]. तिलराज लिम्बू, पूर्ववत्।

[172] साउने बस्ती, पूर्व सिक्किम, निवासी ५४ वर्षीय पदम छेत्रीसित दिनाङ्क १९.०१.२०१५-का दिन लिइएको अन्तरवार्ता अनुसार।

जागरूकताका कारण गढीको देवीथानमा कालोपाठी बलि दिनको साटो पुराण लगाउने, होमादि गर्ने, फलफूल, अन्न चढाउने चलन शुरू भएको छ। अहिले गढीको देवीपूजामा पाठा वा पाठीको बलि दिइँदैन तर फलफूल, अन्नादिको बलि भने दिने गरिन्छ।[173]

### ख. संसारीपूजा

संसारीपूजा गाउँ वा समाजले कुनै एउटा निर्धारित स्थानमा वर्षमा दुईपल्ट गर्ने गरिन्छ। यो पूजा विशेष गरेर मङ्सीर वा वैशाख पू र्णिमाका दिन गर्ने चलन रहेको छ। तथापि बर्खामा पानीको मूल नफुटेमा असार महिनातिर पनि यो पूजा गरिन्छ। यो पूजा जात र रीतिअनुसार पुरोहित, झाँक्री, फेदङ्बा आदिले गर्ने गर्दछन्। देवीपूजामा पशुपन्छीको बलि दिइन्छ भने संसारीपूजामा पशुपन्छीको बलि दिइँदैन। संसारीपूजामा फलफूल, सिन्दुर, धुप, ध्वजा आदि चढाइन्छ वा भनौ पलफूल सिन्दुर आदिलाई बलिभोग गरिन्छ।[174] सिक्किम तथा दार्जिलिङका सबैजसो ठाउँहरूमा संसारीपूजा गर्दा अन्नबलि नै दिने परम्परा रहेको छ। सिक्किम[175] तथा कालेबुङ लिंगसे [176] आदि ठाउँहरूमा जेठ-असारको समयमा खडेरी परे पानी माग्ने संस्कारको रूपमा 'संसारीपूजा' गर्ने प्रचलन छ। यस समयमा कुनै देवीथान , देउराली अथवा अग्लो स्थानमा गाउँघरका सबै मानिसहरू भेला भएर सबैका घरबाट अन्न तथा पुजाका सामग्री लिएर संसारी माई देवीको पूजा गरिन्छ अनि बोकाको बलि पनि दिइन्छ। संसारी माई खुशी भइन् भने पानी पर्दछ भन्ने

---

[173] पाण्डाम गाउँ, पूर्व सिक्किम निवासी उमेर ६५ वर्षीय पूर्व मण्डल थलराम खनालसित दिनाङ्क १७.०१.२०१५-मा लिएरको अन्तरवार्ता अनुसार।

[174] मसिने राई, पूर्ववत्।

[175] पाण्डाम गाउँ, पूर्व सिक्किम निवासी ८२ वर्षीय श्रीमती नरमाया दङ्गाल सित दिनाङ्क ०५.०२.२०१५-का दिन लिएको अन्तरवार्ता अनुसार।

[176] लिंगसे निवासी, कालेबुङ निवासी ५८ वर्षीय लोकनाथ निरौलासित १६.०१.२०१५-का दिन लिइएको अन्तरवार्ता अनुसार।

लोकविश्वास रहेको छ। संसारीपूजा गर्दा केही वर्ष अघिसम्म कुखुरा, बाख्रा, अण्डा आदिको बलिदिने गरिन्थ्यो तर वर्तमानमा यो चलन हटेर गएको छ।[177]

### ग. मारहान्ने प्रथा

सिक्किम तथा दार्जिलिङको नेपाली समाजमा मारहान्ने प्रथा रहिआएको पाइन्छ। मारहान्नुबाट कुनै पनि देवी-देवता आदिको नाममा केही कामना आदिको अपेक्षा गर्दै पशुपन्छीलाई बलि चढाउनु भन्ने बुझिन्छ। विशेष असोज नवरात्रको अष्टमी र नवमीका दिन मारहान्ने गरिन्छ। हिन्दु धर्मावलम्बीहरूले देवी भगवती, दुर्गा र कालीको रूपलाई पूजा आराधना गर्दै बोको, पाठी, राँगो, भेंडा आदिको बलि दिने गर्छन्। देवीको पूजालाई शक्तिपूजा पनि मानिन्छ। अनि शक्तिपूजा शाक्तहरूसित पनि कतैनकतै सम्बन्धित रहेको छ। सम्भवतः देवीको शक्तिपूजामा पशुबलि दिने परम्परा शाक्तपरम्पराबाट आएको हो। देवीको उपासना सिक्किम दार्जिलिङका प्रत्योक जातजातिले आ-फ्नै किसिमले गर्ने गर्छन्। बलिको प्रकार र विधि पनि आ-आफ्नै किसिमको रहेको छ। देवीको उपसनाका लागि मारहान्ने प्रथा अन्तर्गत लिम्बू जातिले बोको वा पाठी र कुखुराको बलि दिन्छन्। यसरी नै नेवार जातिले राँगोको अनि घले, गुरूङ जातिले भेंडाको बलि दिने परम्परा रहेको छ।[178] मारहान्ने परम्परा लोकविश्वासद्वारा पनि विकसित पाइन्छ। दशैंको अष्टमीको दिन देवीलाई रक्तभोग दियो भने देवीले आशीर्वाद दिन्छिन् भन्ने लोकविश्वास छेत्री -बाहुन समाजमा रहेको छ।[179]

---

177. सुन्तले बस्ती, दक्षिण सिक्किम निवासी, ७५ वर्षीय चवन छेत्रीसित दिनाङ्क २२.१२.२०१४-का दिन लिएको अन्तरवार्ता अनुसार।

178 बिजनबारी निवासी, ६५ वर्षीय, टी.बी. बराइली अनि अगमचोक, बिजनबारी निवासी, ६० वर्षीय मनप्रसाद लिम्बूसित दिनाङ्क ०६.०१.२०१५-का दिन लिएको अन्तरवार्ता अनुसार ।

179 श्रीमती नरमाया दङ्गाल, पूर्ववत्।

पूर्व सिक्किमको पाण्डामका छेत्री-बाहुन समुदायका खनालहरूले दशैंमा दुईवटा मार हान्ने गर्दथे। ११ वर्ष अघि (सन् २००३)- सम्म खनाल परिवारमा मार हानिन्थ्यो। थलराम खनाल भन्छन्-

'हाम्रो परिवारले सप्तमीको दिन बुढीबजूलाई भेंडा बलि दिन्थ्यो। अष्टमीको दिन खसीको मार हान्ने चलन थियो। तर पछि छोरा-छोरी बढे, पढे अनि काट्-मार नगरौं भन्न थालेपछि हामीले लगातार तीन वर्षसम्म पुराण लगाएर बलि दिन छोडेका हौं। तर ११ वर्ष अघिसम्म हामी मार हान्थ्यौं।'[180]

यसरी नै त्यहाँको दङ्गाल परिवारमा दशैं अनि सिद्धको पूजा गर्दा मारहान्ने परम्परा रहेको थियो। यो परिवारमा दशैंको जमरा राखेपछि मार हान्नुपर्छ नत्र अनिष्ट हुन्छ भन्ने विश्वास रहेको थियो। तथापि लगभग दुई दशक अघिदेखि मार हान्ने र सिद्ध पूजामा बलिदिन उनीहरूले छोडे र दशैंमा एक दिन चण्डी पढ्ने र हवन गरी सबै कुलका देवता, सिद्ध, बुढीबजू, देवीथान, संसारी माईलाई चरूको होम गरी अन्नबलि दिने परम्परा शुरु गरे।[181]

## ४.५. भारतको गोर्खा पल्टनमा बलिप्रथाको परम्परा

बलिप्रथा भारतको गोर्खा पल्टनमा पनि विद्यमान रहेको छ। भारतीय गोर्खा पल्टनमा परम्परागत रूपमा महाबलि अथवा मारहान्ने प्रथा चलिआएको छ। जब भारतमा गोर्खा पल्टनको गठन भ यो त्यसै समयदेखि महाबलिको परम्परा रहेको हो भन्ने मत लेफ्टिनेन्ट कनल एम. एस सुब्बाको रहेको छ।[182] उनकै जानकारी अनुसार भारतीय गोर्खा सेना भर्ती गर्ने केन्द्रहरूम ध्ये घुम रिक्रुटिङ डिपोलाई एक मुख्य केन्द्र मानिन्छ।

---

180 थलराम खनाल, पूर्ववत।

181 नरमाया दङ्गाल, पूर्ववत।

182 दार्जिलिङ निवासी ७५ वर्षीय एम. एस सुब्बासित दिनाङ्क ०८.१२.२०१४ –का दिन लिएको अन्तरवार्ता अनुसार।

यस केन्द्र औपचारिक रूपमा सन् १८९० -मा स्थापित भएको थियो। सर्वप्रथम घुम रिक्रुटिङ डिपोको कार्य दार्जिलिङ कचहरीको एउटा सानो कोठामा सञ्चालन गरिन्थ्यो। सन् १९०१ - मा यसलाई दार्जिलिङ कचहरीबाट घुमको ब्रिटिश माउन्टेन ब्याटरी (तोपखाना) -का केही ब्यारेक खाली गरी सारि एको हो।[183] सन् १९१४-१८ -को प्रथम विश्वयुद्ध अनि सन् १९३९-४५ -को दोस्रो विश्व युद्धमा अधिक मात्रामा गोर्खा सिपाहीहरूलाई भर्ती गर्नु यस डिपोको दायित्व थियो।[184]

सम्पूर्ण गोर्खा पल्टनमा झैं घुम रिक्रुटिङ डिपोमा पनि भ व्यताकासाथ दशैंमा महाबलि (मार) हानिन्छ। घुम रिक्रुटिङ डिपोमा बडोधुमधामसँग दुर्गा पूजा गरी नवरात्र र दशैं मनाइन्छ। यस सिपाही भर्ती केन्द्रमा मारहान्ने प्रथाको एउटा बेग्लै विशेषता रहेको पाइन्छ। जब सोह्र श्राद्ध लाग्छ तबदेखि नै परम्प रागत रूपमा रागमालश्री गाउन थालिन्छ। चिन्हित गरिएका मारहान्ने सिपाही मार हान्ने दिनसम्म नित्य रूपमा चोखो मुखमा ब्रत बस्ने गर्दछन्। नौरथाको दिन जमरा राखिन्छ। नवरात्रको प्रथम दिन घटस्थापना गरी मौलो गाडिन्छ। मौलो लगभग चार फुट जतिको चारपाटे वा चारकुने आयातन भएको काठको बनाइएको हुन्छ। यसमा हात-हतियारहरूको नक्सा पनि बनाइएको हुन्छ। मार हान्दा त्यही मौलोमा राखेर राँगो, बाख्रा आदि छिनाइन्छ।[185]

सेनाबाट अवकाशप्राप्त गरेका गैरीगाउँ, बिजनबारी, दार्जिलिङ निवासी प्रताप लिम्बू सन् १९८७-८८ साल, ५ /११ जीआर (गोर्खा पल्टन)-मा पल्टन सुबेदारको आदेशमा स्वयंले मार हानेको अनुभव यसरी बताउँछन् —

---

[183] डी.पी.एन.एस राजकुमार, गोर्खा रिक्रुटिङ डिपो अनि अभिलेखालय, ला.कर्णल एम.एस. सुब्बा (अनु), सुनचरी समाचार, कुमार प्रधान (सम्पा), २९ मई, १९९९ सिलगढी, पृ. ३-५

[184] डी.पी.एन.एस राजकुमार, उही।

[185] टीबी बराइली. पूर्ववत्।

'आफुले जब मार हान्नलाई खुकुरी हातमा लिँदा एक प्रकारले शरीर कम्पन भयो अनि आफुमा खै कहाँबाट शक्ति आयो अनि एकै पटकमा राँगोलाई छिनाएँ।'

(दिनाङ्क - ०७/१२/२०१४- मा उनको निजी बासस्थानमा लिइएको अन्तरवार्ता)।

बलिप्रथाबारे गोर्खा पल्टनका सेवानिवृत्त सिपाहीहरू सित लिइएको अन्तरवार्ताबाट सिपाहीहरू यसको पक्षमा रहेको थाहा लाग्छ। उनीहरू भन्छन-

"सिपाही देशको रक्षक हुन्, दुश्मनबाट देशलाई सुरक्षा गर्दा लडाईंमा हातहतियारसँग दुश्मनमाथि जाइलाग्नु पर्छ। सिपाही जीवनमा यस्तो वीर परम्पराको महत् भूमिका रहेको हुन्छ। सिपाहीमा सँधैभरि वीरत्वपूर्ण भाव ना जगाइराख्नमा बलिप्रथालाई निरन्तरता दिनु उचित रहन्छ।[186]"

गोर्खा पल्टनमा मात्र मारहान्ने परम्परा नभएर कतिपय पुलिस स्टेसनहरूमा पनि बलि दिने परम्परा रहेको छ। दृष्टान्त स्वरूप दार्जिलिङ जिल्लाको डाली पुलिस स्टेसनमा पनि नवमीका दिन देवी दुर्गाको आराधना गरी राँगोको बलि दिने परम्परा वर्तमानसम्म रहेको छ।[187]

## ४.६. सिक्किम अनि दार्जिलिङ क्षेत्रमा प्रचलित बलि

सिक्किम अनि दार्जिलिङ क्षेत्रमा विशेष तीन प्रकारका बलि प्रचलित रहेको पाइन्छ। यस क्षेत्रमा प्रचलित बलिहरूमा पशु-पंक्षीबलि, अन्नबलि र अन्य प्रकारका बलिहरू हुन्। तथापि प्रतीकात्मकरूपमा नरबलिको प्रथा पनि कहीँ कतै बाँचेको छ भन्ने पनि पाइएको छ। यस क्षेत्रमा प्रचलित बलिका प्रकारहरूबारे संक्षिप्तमा चर्चा गरिन्छ।

---

186 एमएस सुब्बा र प्रताप लिम्बुसितको अन्तर्वर्ता पूर्ववत्।

187 निम्की डाडा, डाली, दार्जिलिङ निवासी ६१ वर्षीय शंकरहाङ्ग लिम्बूबाट दिनाङ १८.१०.२०१४-का दिन लिएको अन्तरवार्ता अनुसार।

## क. नरबलि

नरबलिको प्रसङ्ग वैदिक ग्रन्थ, बाइबल आदिमा पाइन्छ। नेपाली समाज आर्य ब्राह्मण आस्थासित पनि सम्बन्धित रहेकाले प्रचीन समयमा यस समाजमा पनि नरबलिको परम्परा रहेको हुनसक्छ। तथापि यसबारे कुनै प्रमाण वा साहित्य भने उपलब्ध पाइँदैन। क्षेत्रीय सर्वेक्षणमा नेपाली समाजमा नरबलिको प्रसङ्गबारे कुनै किसिमको तथ्यपरक सामाग्री फेला नपरे पनि ठुला-ठुला पूल आदि निर्माण गर्दा कुनै ठूलो दुर्घटना नहोस् भनी नरबलि दिने परम्परा रहेको थियो भन्ने कुरा मोतिलाल पराजुली ले आफ्नो लेख नेपाली लोककथामा बलिप्रथा: संक्षिप्तावलोकन –मा उल्लेख गरेका छन्।[188] विशेषगरी कुनै कुनै ठाउँहरूमा शाक्त सम्प्रदाय अनि नेवार जातिमा देवी पूजा वा कुनै शक्तिको आराधना गर्दा औला काटेर खुन चढाउने चलन अध्यावधि रहेकै छ भन्ने मत पनि पाइएका छन्।[189] मानव रगत नै शक्ति उपासनाका लागि बलिका रूपमा अर्पण गरिएकोले यसलाई नरबलिको प्रतीकात्मक रूप मान्न सकिन्छ भन्ने मत प्रतापचन्द्र प्रधानको रहेको छ। तथापि सिक्किम अनि दार्जिलिङ क्षेत्रमा भने यस किसिमको बलि दिएको प्रमाण कतै फेला परेन।

## ख. पशुपन्छीबलि

सिक्किम अनि दार्जिलिङ क्षेत्रमा पशु-पं क्षीहरूको बलि दिइने परम्परा धेरै लामो रहेको छ। विशेष गरी यी क्षेत्रहरूमा राँगा, बाखा, सुंगुर, भेडा, कुखुरा, परेवा, हाँस आदि जस्ता पशु-पंक्षीहरूको बलि दिने परम्परा रहेको पाइन्छ।

---

[188] मोतिलाल पराजुली, 'नेपाली लोककथामा बलिप्रथा : संक्षिप्तावलोकन', नवराज कार्की(सम्पा.) ***गरिमा,*** काठमाडौं : साझा प्रकाशन, वर्ष २३ ,अङ्क ५ ,पूर्णाङ्क २६९ ,पृ.-११५।

[189] सौरेनी, मिरिक, दार्जिलिङ निवासी ६० वर्षीय प्रतापचन्द्र प्रधानसित दिनाङ्क १४.१२.२०१४-का दिन लिएको अन्तरवार्ता अनुसार।

यी पशु-पंक्षीहरूको बलि दिएर आफ्ना आराध्य देवीदेवता वा कुल-पितृ आदिलाई पूजा आराधना गर्दा आफ्ना सारा मनोकामना पूरा हुन्छ भन्ने लोकविश्वास रहेको छ। सिक्किम अनि दार्जिलिङ क्षेत्रमा बसोबासो गर्ने नेपाली जातिमा यस प्रकारका बलिप्रथाको परम्परा अति प्राचीन रहेर आएको छ। यस क्षेत्रका नेपाली जातिमा प्रचलित चाड, पूजा, संस्कार, कुल-पितृ पूजा आदिमा पशु -पंक्षीको बलि दिइने प्रथा रहेको पाइन्छ। देवीपूजा, कुलपूजा, पितृपूजा, चुल्हा-ढुङ्गा पूजा, संसारी पूजा, आइतबारे पूजा, दुङ्गदुङ्गे पूजा, मङ्गेना पूजा, नयाँको पूजा, उँभौली-उँधौली पूजा, आठाने पूजा, गोठपूजा, शिकारी पूजा, वनको पूजा, मारहान्ने, देवाली, नुवाङ्गी आदि जस्ता पूजाहरूमा भेंडा, बाखा, सुंगुर, कुखुरा, हाँस, परेवा आदिको भोग अथवा बलि दिने गरिन्छ।

छेत्री, बाहुन, राई, लिम्बू, गुरूङ, मगर, तामाङ, नेवार, भूजेल, घले, कामी , दमाई, सार्की, शेर्पा आदि जस्ता नेपाली जातिका उपजात-जातिमा यस प्रकारको बलिप्रथा विद्यमान रहेको पाइन्छ । यी जातिहरूमा पनि थर, गोत्र, वंशावली वा सन्तानका आधारमा विभिन्न प्रकारका देवी देवता, कुल, पितृ, वायु आदिलाई रिझाउन आ-आफ्नै किसिमले पशुपंक्षीको बलि दिने गरेको पाइएको छ।

सामूहिक रूपमा दिइने बलिहरूमा देवीपूजा, संसारी पूजा, मारहान्नु, उँभौली-उँधौली पूजा जस्ता बलिप्रथा वर्तमान समयसम्म प्रचलित रहेर आएको देखिएको छ। वंश अथवा सन्तान एक भई दिइने बलिहरूमा देवाली पूजा, गोठ पूजा (यस पूजा कुनै एक परिवारले मात्र पनि गर्छ), धान, कोदो, अलैंची आदिका नुवाङ्गी अथवा नयाँको पूजा गर्दा पनि पशुपंक्षीको बलि दिइन्छ। कुनै एक परिवार साथै एक व्यक्ति विशेषले पनि यस प्रकारको बलि दिन्छन्। जस्तै आठाने पूजा, गोठपूजा, कुलपूजा, पितृपूजा, चुल्हा-ढुङ्गापूजा, बनको पूजा, नयाँको पूजा, वायुपूजा विविध प्रकारका बलिपूजा वर्तमान समयसम्म

विद्यमान रहेका छन्  अनि यस्ता पूजाहरूमा पशु-पंक्षीको बलि दिइने गरिन्छ तथापि यो प्रचलन हराउँदै गएको देखिन्छ।

### ग. अन्नबलि

सिक्किम अनि दार्जिलिङ पहाडी अञ्चल भए तापनि यी भू-भागहरूमा प्रशस्त मात्रामा खेतीपाती गरिन्छ। विशेष गरी यहाँ धान, मकै, गहुँ, कोदो आदिको खेती प्रशस्त मात्रामा गरिन्छ। आफुले अन्नबाली धेरै मेहनत गरेर उब्जनी गरे तापनि आफ्ना आराध्य ईश्वर, देवीदेवता, कुल-पितृ आदिको आशीर्वाद वा कृपाले गर्दा मात्र फसल फल्न र पाक्न सकेको हो भन्ने लोकविश्वास रहेका कारण ईश्वरप्रति आभार व्यक्त गर्दै सर्वप्रथम उनीहरूको भाग अर्पण गर्ने परम्पराबाटै अन्नबलिको थालनी भएको मान्न सकिन्छ।

यस भू -भागमा प्रचलित नुवाङ्गी पूजा, देवीपूजा, सन्तोषीमाई पूजा, उँभौली- उँधौली पूजा, ईष्ट अनि कुलदेव आदि जस्ता पूजाहरूमा धान, मकै, कोदो, गहुँ आदि जस्ता अन्न र अगौटे बाली नियमित रूपमा देवीदेवताप्रति अर्पण गर्ने परम्परा यहाँको नेपाली समाजमा अध्यावधि प्रचलनमा रहेको देखिन्छ।

### घ. प्रतीकबलि

सिक्किम अनि दार्जिलिङको नेपाली समाजमा प्रतीक बलिको परम्परा रहेको पाइन्छ। अघि अघि पशु-प्राणीको हत्या गरेर आफ्ना आरध्य देवी-देवतालाई खुशी पारी कामना र इच्छा प्राप्ति गर्नका निम्ति बलि दिने परम्परा यहाँको समाजमा पनि धेरै विस्तारित रहेको थियो। तथापि सामाजिक परिवर्तन, मान्छेका आस्था र विश्वासका नयाँ मान्यताहरू, हिंसाप्रति विरोध र अहिंसा शिक्षाको अङ्गिकरण, पशु-प्राणी हत्या तथा वन्य प्राणी संरक्षणबारे बनिएका कानुन र अधिनियमहरू, आधुनिक शिक्षासँगै आएको तर्कज्ञान वैज्ञानिक्ता आदि जस्ता कुराहरूले नेपाली लोकविश्वास र संस्कृतिको क्षेत्रमा पनि ठूलै

परिवर्तन र प्रभाव ल्याएको कुरा स्पष्ट छ। यी माथि उल्लेखित सबै कारणको परिणाम स्वरूप पशुबलिको ठाउँमा अन्य फलफूल जस्तै कुभिण्डो फर्सी घिरौंला मुला आदि जस्ता चीजहरूलाई पशु आकारमा राखेर पशुबलीकै प्रतीकका रूपमा बलि दिने परम्परा अचेल निकै प्रचलित हुँदै गएको पाइएको छ। उदाहरणको रूपमा अष्ठमी र नवमीमा दिइने बलिको प्रतीकको रूपमा आठप्रकारका पशुहरूको प्रतीक स्वरूप घिरौला, कुवि ण्डो, काँक्रा, फर्सी, केरा, ईस्कुस, फलफूल आदिमा खुट्टा, सिङ्ग, पुच्छर आदि लगाएर पशु को प्रतीक बनाइ बलि दिने परम्परा पाइन्छ। कामी जाति मा गरिने लुहासुर (घनपूजा)-मा जम्मा ९ प्रकारका पशुहरूको बलि दिने परम्परा रहेको भए तापनि वर्तमान समयमा बोको बाहेक अरू प्रकारका पशुहरूमा कुविन्डो, फर्सी, काक्रा, इस्कुस, केरा आदिलाई पशुका रूपमा बलि दिने गरिन्छ। [190] यसरी दिन प्रतिदिन बलिका पुरना नियम विधि र प्रकार बदलँदै गएको पाइन्छ।

### ङ. अन्य प्रकारका बलि

सिक्किम अनि दार्जिलिङ क्षेत्रमा पशुपंक्षी बलि र अन्न बलि बाहेक अन्य प्रकारका बलिहरू पनि दिइने परम्परा रहेको पाइन्छ। यस प्रकारका बलिमा फलफूल वा तुलफुल, ध्वजा, सिँदूर, पान सुपारीजस्ता वस्तुहरू आफ्ना आराध्य ईश्वरप्रति अर्पण गरी पूजा गर्ने परम्परा रहेको पाइन्छ। यस प्रकारको बलिमा विशेष कुभिन्डो, फर्सी, घिरौला, लौका, चिण्डो, सुपारी, नरिवल, ध्वजा (रातो, कालो, पहेंलो आदि रङ्गको), सिँ दूर, फूल आदि चढाइने वा हवन गरिने गरिन्छ। पितृ वा कुल पूजा, आइतबारे पूजा, देवीपूजा, गोठपूजा, चुल्हापूजा आदि जस्ता अनेक प्रकारका पूजाहरूमा यस प्रकारको बलि दिने चलन अचेल बढ्दै गएको छ।

[190] गैरी गाउँ, बिजनबारी, दार्जिलिङ निवासी ७९ वर्षीय दिलबहादुर बराइलीसित दिनाङ्क ०६.०९.२०१४-का दिन लिएको अन्तरवार्ता अनुसार।

अघिल्लो उपशीर्षकमा उल्लेक भए झै आधुनिक्तासंगै आएका नवीन शिक्षा एवं चलनका कारण यस किसिमको बलि प्रचलित हुँदै गएको थाह लाग्छ। आर्य समाज, कवीर पन्थ, जोसमनि सम्प्रदाय, प्रणामी सम्प्रदाय, श्रीवैष्णव सम्प्रदाय, साई सम्प्रदाय, ओमनन्द, निरङ्कारी, मानव धर्म लगायत विभिन्न धार्मिक तथा सन्त परम्पराको विस्तारका कारण पनि पशुबलिका ठाउँमा तुलफूल बलि प्रचलित भएको स्पष्ट छ। यी सम्प्रदायहरूले पशु हिंसाको विरोध गर्ने गरेका छन् अनि शुद्ध साकाहारी भोजनको पैरवी गर्दछन्। सिक्किम तथा दार्जीलिङका धेरैजसो गाउँमा मां सहारीहरू भन्दा शाकाहारीहरूको सङ्ख्या बढ्दै गएको पाइन्छ। पूर्व सिक्किमको पाण्डाम गाउँमा बितेको दुइ दशकमा मांसाहारीहरूको सङ्ख्या कम भएको पाइएको छ। प्रणामी तथा अन्य सम्प्रदायको प्रभावले गाउँमा धेरैले मासु खानु छोडेको कुरा नरमाया दङ्गाल उल्लेख गर्छिन्।

पशु अधिकारवादीहरूको पशुवध विरोधी अभियानका कारण पनि पशु पंक्षीको बलि दिइने परम्परा हट्दै गएको मान्न सकिन्छ। गत वर्ष नेपालको गढीमाई मा हजारौं पशुहरूको बलि दिइएको घटनाको विश्वव्यापी निन्दा र भर्त्सना भएको थियो। भारतको सर्वोच्च न्यायालयले नेपालमा भारतीय पशु लैजान रोक लगाएको ले पशुअधिकारवादीको प्रभाव अनि वन्यप्राणी संरक्षणको आवश्यक्ता बढदै गएको पाइन्छ। फलस्वरूप सिक्किम अनि दार्जिलिङको नेपाली समाजमा एकातिर पशु पंक्षीको बलि दिने परम्परामा न्यूनता आएको देखिन्छ भने अर्कोतिर फलफूल तथा अन्नबलिको चलन बढ्दै गएको पाइन्छ।

अर्कोतिर वर्तमान समयमा शिक्षित र सभ्य मानिएका मानिसहरू आफ्नो स्वास्थ्यप्रति सचेत रहेको पाइन्छ। विभिन्न मासुजन्य खाद्यद्वारा हुने रोगहरू जस्तै गाउ ट्, उच्चरक्तचाप, कलेस्ट्रोल आदिबाट जोगिनका लागि मानिसहरूले यी कुराहरू खान छोड्दै गएका छन्। जसले मासुको सेवन गर्दैन उसले पशुबलि नगरेर त्यसको विकल्प खोज्द छ भन्ने तथ्य थलराम खनालको मतले स्पष्ट गर्दछ। उनी भन्छन्-

"हामीले दशैंमा बलि दिन छोडेको पनि ११ वर्ष भयो। पहिला घरका सबैले मासु खान्थे। दशैंमा गतिलो भेडाको मार अष्टमीको दिन र नवमीको दिन खसीको मार हान्थ्यौं। दशैंभरि घरमा मासु खाइन्थ्यो। तर समयसँगै छोरा-छोरी पढे, दुईभाइ पण्डित पनि भए। अब घरमा पण्डित भए, साधुको सङ्ख्या बढ्दै गयो। मार हानेर पशुहत्या गर्नु हुँदैन भनेर छोराहरू भन्नथाले। तब हामीले लगातार तीन वर्ष पुराण लगाएर पशुबलि नगर्ने संकल्प गरौं। ११ वर्षदेखि हामी पशुबलि नगरेर दशैंमा होम गर्दछौं। सबै राम्रै भइरहेको छ ।"[191]

## ४.७. सिक्किम अनि दार्जिलिङ क्षेत्रमा बलिको वर्तमान स्थिति

सिक्किम अनि दार्जिलिङ क्षेत्रको नेपाली समाजमा वर्तमानसम्म बलिप्रथा टड्कारो रूपमा विद्यमान रहेको छ। बलि दिने परम्परा धर्म अनि लोकविश्वाससित जोडिएका हुनाले यो सहजै त्याज्य देखिन्न। सिक्किम अनि दार्जिलिङका विभिन्न क्षेत्रहको सर्वेक्षणद्वारा थाह लागेअनुसार मानिसहरू पुस्तौंदेखि मान्दै आएको यस प्रथालाई त्याग्न चाहँदैनन् तथापि यसमा सुधार भने चाहन्छन्। स्थानीय बहुसङ्ख्यक मानिसहरू विशेष गरेर पशुबलिको विरोधमा रहेका देखिन्छन्। पशु पंक्षीको प्राण हत्या गरी आफ्नो कामना पूर्ती गर्नु अमानवीय र असान्दर्भिक संस्कार हो भन्ने कुरा नयाँ पुस्ताका युवापिढीमाझ पाइन्छ।अघिल्ला पुस्ताका वृद्ध-वृद्धाहरूमा अझ पनि धर्म तथा लोक आस्था त्यतिनै प्रबल पाइएकाले सबै प्रकारका परम्परागत बलिको पक्षमा उनीहरू रहेका छन् भने नयाँ शिक्षा र समाज व्यवस्थाका कारण नयाँ पिढीमा भने त्यस किसिमको प्रचलनको विरोध मुखरित पाइन्छ।त्यसैले सिक्किम तथा दार्जिलिङको नेपाली सांस्कृतिक आकाशमा बलि एउटा दोसाँधको विषय बनेको थाह पाइन्छ। नयाँ युगको संक्रमणसँगै यस प्रथामा पनि नयाँपन आएको स्पष्ट छ। तथापि एउटा उल्लेख्य कुरा के रहेको छ भने वर्तमानमा बलिप्रथा

[191] थलराम खनाल, पूर्ववत्।

असान्दर्भिक रहे तापनि राजनीतिक लाभ अनि अधिकारका निम्ति यसको पून प्रचलन सिक्किम अनि दार्जिलिङमा शुरू भएको छ। आफू अनुसूचित जातिको दर्जामा अन्तर्भुक्त हुनका लागी भारतीय संविधानले तय गरेको केही विशेषता अनुरूप जातिमा जङ्गली स्वभाव अझ पनि बाँचेकोले पछौटे परेको प्रमाण दिन नाट्यखेलका रूपमा पशु पंक्षीको बलि दिने प्रथा पून प्रचलनमा ल्याइएको पाइन्छ। तथापि यस्तो बलि लाभ प्राप्तिका निम्ति दिइएकाले यसको विश्वास र आस्थागत मूल्य चाहिँ रहेको पाइँदैन। चाहे जेहोस केही दशक अघि शुरू भएको यस किसिमको कार्यले धेरै जात-गोष्ठीहरूले त्याज्य ठानेका बलिप्रथालाई पुनः प्रचलनमा ल्याएको मान्न सकिन्छ।

## ४.८. बलिप्रथाको सान्दर्भिक्ता अनि यसमा देखिएका परिवर्तनका कारणहरू

बलि लोकविश्वास, लोकपरम्परामा रहेको एउटा प्रथा हो। पुस्तादरपुस्ता हस्तान्तरित हुँदै आएका ले यस प्रथाप्रति नेपाली जातिको गहिरो विश्वास रहे को पाइन्छ।यद्यपि यसको चलन तथा विधिमा केही परिवर्तन आएको पाइन्छ। सिक्किम तथा दार्जिलिङको नेपाली समाजमा बलिप्रथाबारे देखिएका परिवर्तनका पछि थुप्रै कारणहरू रहेका छन्। यिनै कारणहरूले नै वास्तवमा बलिको प्रचीन परम्परालाई असान्दर्भिक बनाउँदै लगेको पाइन्छ। आधुनिक शिक्षाको प्रभाव, पश्चिमीकरण, शहरीकरण, जनसङख्याको अन्तर्मिश्रण, धार्मिक-आध्यात्मिक चेतनाको प्रभाव , व्यवसायमा परिवर्तन आदि जस्ता कुराहरूले बलिप्रथाको परम्परामा हेरफेर ल्याएको छ।

### क. आधुनिक शिक्षाको प्रभाव

वर्तमान समयमा आधुनिक शिक्षाको प्रचार-प्रसारले संसारका सम्पूर्ण मानिसहरूमा कुनै पनि विषयबारे सोंच्ने वा विचार गर्ने तरिकामा धेरै परिवर्तन ल्याएको छ। समयको परिवर्तनसँगसँगै पश्चिमी शिक्षाको प्रभावले गर्दा मानिसमा कार्य -कारण सम्बन्ध बारे युक्तियुक्तताको भाव को विकास भएको देखिन्छ, फलस्वरूप समाजमा कुनै पनि

कुराहरूलाई हेर्ने र सोंच्ने तरिकामा आमूल परिवर्तन आ        एको देखिन्छ । हरेक कुराहरूलाई विज्ञानको चश्माले हेर्न थालियो। आफ्नो जातिको लोकविश्वास अनुसार पशु-पंक्षीहरूलाई काटेर, मारेर पूजा गर्दा वा बलि दिँदा आफ्नो स्वार्थ र मनोकामना पूर्ण हुन्छ भन्ने विश्वासलाई आधुनिक शिक्षा र त्योसँगै आएको नयाँ सौंच र तार्किक ज्ञान आदिले तहसनहस गरिदियो। दार्जिलिङमा सन् १८४१ र सिक्किममा सन् १८८०को दशकमा शुरू भएको अङ्ग्रेजी शिक्षाले स्थानीय लोकविश्वासमाथि ठूलो प्रभाव पार्‍यो। फलस्वरूप बलिप्रथामा पनि परिवर्तन आयो। आधुनिक शिक्षा पाएकाहरूले पशु हत्याको विरोध गर्ने गरेका छन्। उनीहरू पशुबलि होइन अन्न र फलफूल बलि दिन धेर रुचाउँछन्।

**ख. पश्चिमीकरण**

पश्चिमीकरणका कारण पनि नेपाली जातिका आस्था, विश्वासमा परिवर्तन आएको छ। वर्तमानमा चलेको सूचना उद्योग तथा वैचारिक प्रचार प्रसारका कारण सांस्कृतिक अतिक्रमण चलेको छ। सांस्कृतिक साम्राज्यवादको यही स्थितिका कारण पश्चिमका सबै कुराहरूले हाम्रो सांस्कृतिक चेतनालाई प्रभाव पार्दै गइरहेछ। यही प्रभावका कारण लोकमा प्रचलि त पुराना आस्था र विश्वासहरू हराउँदै गइरहेका छन्। फलस्वरूप बलिप्रथा पनि दिनदिनै असान्दर्भिक हुँदै गईरहेछ।

**ग. शहरीकरण**

नेपाली जाति अधिक मात्रामा गाउँ, बस्तीहरूमा बसोबासो गर्ने गर्छन्। तसर्थ नेपाली जातिमा खेतीपाती गर्ने प्रवृत्ति रहेको पाइन्छ। प्रकृतिको अति नजिकमा जीवन यापन गर्ने नेपाली जातिमा समयको अन्तरालसँगसँगै धेरै परिवर्तन आएको छ। सिक्किम अनि दार्जिलिङका नेपाली जातिलाई पनि शहरीकरणले छोएको छ । नेपाली जाति गाउँमा बस्दाताकका समयमा प्रत्येक घरमा गोठ हुन्थे, गाई-गोरू, भैंसी, बाख्रा, भेंडा आदि हुन्थे अनि लोकविश्वासअनुसार गोठ पूजा गर्थे। त्यस समय कुखुराको भाले र अन्य प्रकारका

चीजहरूको बलि दिएर गोठपूजा गर्ने परम्परा र हेको थियो। तर वर्तमान कालमा प्रत्येक गाउँ घरमा पनि व्यापार-वाणिज्य बढ्नका कारण गाउँ ले व्यवसायमा परिवर्तन आएको छ। यस कारणले पनि मानिस पुरानो मूल्य-मान्यतादेखि टाढिँदै जान लागेको देखिन्छ। नेपाली जातिमा पर्न गएको शहरीकरणको यही प्रभावको फलस्वरूप पुरा ना मूल्य-मान्यताहरूलाई लत्याउने प्रवृत्ति बढेर गएको देखिन्छ।

आधुनिक समय वा औ द्योगिक युगका कारण मानवको सोंचदेखि लिएर जीवन बँचाइसम्ममा परिवर्तन आएको छ । आवश्यक सामग्रीहरू क्षणिक समयमा प्राप्त हुन थाल्यो। यसरी मानवले धेरै फड्को मार्न सके। यस कारणले गर्दा पनि लोकविश्वासमा परिवर्तन आएको मान्न सकिन्छ जसका कारण शहरमा बस्ने अनि गाउँमा बस्ने शहरीया प्रवृत्ति भएका मानिसहरूका निम्ति बलिप्रथा असान्दर्भिक हुँदै गयो।

### घ. जनसङ्ख्याको अन्तर्मिश्रण

सिक्किम अनि दार्जिलिङको नेपाली समाजमा प्रतिफलित जनसङ्ख्याको अन्तर्मिश्रणका कारणले पनि कतिपय पुरा ना मूल्य-मान्यता, संस्कार, संस्कृतिमा परि वर्तन आएको छ। पितापूर्खाबाट गरिल्याएको रीतिथिति, संस्कार, संस्कृतिहरूलाई नयाँ पिँढीले मान्न छाडे। नेपाली जातिमा अघि अन्तर्जातीय वि हे गर्ने चलन थि एन। यद्यपि आधुनिकशिक्षा, धर्म परिवर्तन, अन्य जातिहरूको अनुप्रवेश, आप्रवासन आदि जस्ता कुराहरूका कारण अन्तर-जातीय विवाह शुरू भयो। वर्तमानको समाज बहुभाषिक, बहुजातीय, बहुसांस्कृतिक रहेको छ। समाजको यस किसिमको संरचना पनि अन्तरजातीय विवाहको निम्ति उत्तरदायी छ। जातीय अन्तर्मिश्रणले जातिमा अघिदेखि रहेका कतिपय आस्था, विश्वास, संस्कार, संस्कृति आदिमा पनि भिन्नता ल्याउँदछ। जनसङ्ख्याको अन्तर्मिश्रणका कारण नेपाली जातिमा निहित आस्था, विश्वास, संस्कृति, रीतिथिति मा पनि परिवर्तन आएको छ जसले गर्दा नेपाली समाज एकातिर रूढि, अन्धविश्वास आदिबाट मुक्त

हुँदै गइरहेको छ भने अर्कोतिर यसले पुराना मूल्य मान्यताहरू पनि गुमाउदै गइरहेछ। यिनै कारणहरूले गर्दा पनि नेपाली जातिबाट बलिप्रथा हराउँदै गएको मान्न सकिन्छ।

### ङ. धार्मिक - आध्यात्मिक चेतनाको प्रभाव

नेपाली जातिमा ईसाइ, बौद्ध तथा नयाँ धार्मिक सम्प्रदायहरूको उदयले पनि धार्मिक विश्वासमा परिवर्तन आएको छ। ईसाइ धर्म लाई अप्नाउनेहरूले लोकविश्वास र परम्परागत धार्मिक आस्थालाई छोड्दै गएकाले सिक्किम अनि दार्जिलिङको नेपाली समाजमा बलिप्रथा असान्दर्भिक हुँदै गइरहेछ। यसरी नै बौद्ध धर्मले हिंसाको विरोध गर्ने हुनाले यस धर्मतिर नेपाली जातिको धार्मिक आस्था, विश्वास बढेर जान लागेको देखिन्छ। यस प्रकारका अन्य धार्मिक सम्प्रदायहरूमा साई पन्थी, प्रणामी पन्थ, मानव धर्म, ब्रह्मकुमारी, कबिर पन्थ जस्ता सन्त परम्परा आदिले यस जीवन -जगत, सांसारि क मायामोह जस्ता विषयहरूमा मान्छेको सोचाइलाई परिवर्तन गरिदिए। यी पन्थीहरूले जीव हत्याको विरोध गर्ने भएकाले पनि बलिको प्रसङ्ग हराउँदै गएको पाइन्छ। यस अतिरिक्त राई-लिम्बू समाजमा पनि विभिन्न सन्त र पन्तको उदय भएको पाइएको छ। उदाहरण स्वरूप सिक्किम तथा दार्जिलिङ क्षेत्रमा बसोबासो गर्ने ओमनन्द पन्थी राईहरूले अचेल जाँड-रक्सी खान, काटमार गर्न छोडेका छन्। यसरी यहाँको नेपाली जातिमा माथि उल्लिखित धार्मिक सम्प्रदायहरूको प्रभावका कारणले गर्दा बलिप्रथामा परिवर्तन आएको देखिन्छ। धार्मिक पु नर्जागरण सम्बन्धी यस प्र कारका विचारधाराले नै हाम्रो नेपाली जनमानसमा बलिप्रथाबारे संशोधनमूलक धारणाको विकास भएर गएको देखिन्छ।

### च. आर्थिक पक्ष

आर्थिक पक्षले पनि बलिप्रथालाई प्रभाव पारेको देखिन्छ। वर्तमान समयको बढ्दो महङ्गाइमा पशु-पंक्षी र अन्य सामग्रीहरूको भोग वा बलि दिएर पूजा गर्न वा रीतिथीति आदि गर्न गाह्रो पर्दै गइरहेको छ। प्रत्येक सरसामानको दामले आकाश छोएको छ।

नेपाली जातिमा बलि परम्परालाई निरन्तरता दिएर धन सम्पत्ति बर्बाद गर्न भन्दा आफ्ना छोरा छोरीहरूलाई देश विदेशमा असल शिक्षा आर्जन गर्न पठाउने सोंचको विकास भएको कारणले गर्दा पनि ती पुराना मूल्य-मान्यतामाथि प्रभाव परेको छ।

### छ. पुराना मूल्य मान्यताप्रति नयाँ पिँढीको उदासीनता

नयाँ पिँढी विज्ञानमा आस्था राख्छन्। हरेक कुराको पछाडि वैज्ञानिकता वा ठोस् प्रमाण खोज्छन्। नयाँ नयाँ वैज्ञानिक आविष्कार, प्रवृत्तिहरूले नयाँ युवापिँढीहरूको सोंचमा परिवर्तन ल्याएको छ। विद्यालय, महाविद्यालय अनि विश्वविद्यालयहरूमा नवी न पाठ्यपुस्तकहरूको अध्ययनका कारणले पनि नयाँ विचारहरूको विकास भ इरहेको छ। जति पनि पुराना मान्यता, संस्कृति, विश्वास हरू छन् त्यसबारे साहित्यबाहेक अरू ज्ञानानुशासनहरूमा पढ्न पाइँदैन । नयाँ पिँढीमा विकास भएका यस थरिका नयाँ धारणाका कारणले पनि ती पुराना मूल्य -मान्यताप्रति उनीहरू उदासिन बन्दै गइरहेका छन्। फलस्वरूप स्थानीय युवा समाजले बलिप्रथालाई असान्दर्भिक मान्दै गइरहेछ।

### ज. वैज्ञानिक चिकित्सा प्रणालीको विकास

बलिप्रथा नेपाली जातिमा लोकचिकित्साको रूपमा पनि विद्यमान रहेको देखिन्छ। लोकले आफ्ना स्वास्थ, मनोकामना, इच्छापूर्तिका निम्ति बलि दिन्छन्। बलि दिएर आफ्ना आराध्य इष्टदेव, इष्टदेवी, कुल -कुलायन आदिलाई पूजा नगर्दा आफुलाई खति हुन्छ भन्ने धारणा मानिसमा रहेको पाइन्छ। लोकले दु ;ख, बिमार, रोग, कष्ट आदिदेखि बाँच्न भनी पनि बलिदि ने प्रथाको सूत्रपात गरेको मानिन्छ । तसर्थ बलिप्रथा ले मानव समाजमा लोकचिकित्साको रूपमा निरन्तरता पाएको हो। आधुनिक ज्ञान, विज्ञान, औषधि-चिकित्सा आदिको विकासले पनि लोकचिकित्साका रूपमा रहेको बलिप्रथालाई असान्दर्भिक पारिदिएको छ। बलि दिँदा स्वास्थ लाभ हुन्छ , दु ;ख हरण हुन्छ भन्ने धारणा लाई

मानिसले दिन्दिनै भूल्दै गए तापनि  यसको आफ्नै महत्त्व रहेको देखिन्छ  । तथापि नयाँ पिढीमा भने यस किसिमको लोकआस्थाप्रति विश्वास रहेको पाइन्न।

**झ. आप्रवासन**

सिक्किम अनि दार्जिलिङ क्षेत्रबाट नेपाली जातिको आप्रवासन दिनोदिन बढ्दै गइरहेको छ। यी भूभागहरूमा ठुला-ठुला उद्योग, कलकारखानाहरूको कमीले गर्दा रोजगारको खोजीमा नेपालीहरूको आप्रवासन भएको मानिन्छ। यसरी देश-विदेश वा अन्य ठाउँहरूमा गएर काम गर्दा अनि त्यहीं रहँदा-बस्दा आफ्ना संस्कृति, परम्परा आदिदेखि पनि विच्छेद् भएर बस्नु पर्ने अवस्था आइलाग्दछ, फलस्वरूप आफ्नो पुरानो लोकपरम्परा, लोकसंस्कृतिप्रतिको निष्ठा टुट्दै जाने गर्दछ। आफ्नो रोजगारीका कारण विदेश वा देशका महानगरहरूमा पलायन भएका समूह आफ्नो इच्छा अनुसार चाड-पर्व, पूजा-आजातिर घरमा आउन असमर्थ रहन्छन् अनि विस्तारै संस्कारगत कुराहरूबाट टाडा हुँदै जान्छन्। यसैले बलिप्रथाको चलनमा आएको न्यूनताका पछि आप्रवासन पनि एउटा कारण हो भनी मान्न सकिन्छ।

**ञ. व्यावसायमा परिवर्तन**

नेपाली जातिको लोकविश्वासमा विद्यमान बलिप्रथा अघि जस्तो टड्कारो रूपमा देखिइँदैन। दार्जिलिङ अनि सिक्किमका यी भूभागहरूमा पहिले जस्तो खेतीपाती, पशुप्राणीको पालन नगरेर अन्य प्रकारका व्यवसायहरू सुरू हुँदै गइरहेका छन्। गोर्खा सेनामा भर्ती भएर अन्यत्र जानु, रोजगारका निम्ति विदेश जानु आदि जस्ता कारणले पनि नेपाली जातिमा पुराना मूल्य मान्यताहरू हराउदै गइरहेको देखिन्छ। नयाँ व्यवसायका कारणले नेपाली जातिमा परम्परादेखि चल्दै आइरहेको बलिप्रथाको प्रचलनमा पनि प्रभाव पर्न गएको छ। अघिको समाज कृषिप्रधान थियो भने आजको समाज उद्योगप्रधान छ। आज प्रकृतिसित मान्छेको सम्बन्ध टुटेको छ। प्रकृतिका विभिन्न छटा एवम् तत्त्वहरूलाई श्रद्धा

गर्ने, पूजा गर्ने चलन अब रहेको पाइन्न। व्यवसायमा आएको परिवर्तनका कारण यस्तो भएको मानिन्छ। हाम्रो लोकविश्वासमा बाँचेको बलिप्रथाको सान्दर्भिकता हराउँदै जानुकापछि व्यवसायको परिवर्तन पनि एउटा मुख्य कारण हो।

**निष्कर्ष**

सिक्किम अनि दार्जिलिङ को नेपाली समाजमा लोकविश्वासका रूपमा बलिप्रथाको चलन अध्यावधि रहेकै छ। यस क्षेत्रका विभिन्न जात-गोष्ठीमा बलिका आ-आफ्नै प्रकार र परम्परा रहिआएको पाइन्छ। समाजका पुराना पुस्तामाझ यो विश्वास जति टड्कारो देखिन्छ नयाँ पिढीमा यो त्यति नै असान्दर्भिक हुँदै जाँदै छ। क्षेत्रीय सर्वेक्षणद्वारा थाह लागे अनुसार यस क्षेत्रका मानिसहरू यस प्रथालाई त्यागी हाल्न राजी छैनन्। तथापि, समयअनुरूप यसको कार्यविधिमा परिवर्तन चाहन्छन्। आधुनिकीकरण, औद्योगिकरण, शहरीकरण, धार्मिक परिवर्तन, सांस्कृतिक अन्तरमिश्रण आदि जस्ता कुराहरूले निश्चय नै यस परम्परालाई प्रभाव पारेको पाइन्छ। अघि गरिने पारिवारिक, कुल र सामूहिक पूजाहरू आज पनि गरिँदैछन् तर पशु प्राणीको बलि दिने प्रथा भने हट्दै गएको छ। वर्तमानमा यस्ता पशु हत्याको साटो फल फूल तथा अन्नको बलि दिने चलन बढदै गएको पाइएको छ।

# पाँचौं अध्याय

## निष्कर्ष

लोकविश्वास तथा संस्कृति अनि धार्मिक आस्था अनुरूप लोकमङ्गल, कुल स्तुति तथा पारिवारिक सम्वृद्धिको उद्देश्य राखेर मानिन्दै आएको बलिप्रथा विश्वमा विभिन्न ठाउँ अनि जातिहरू माझ विद्यामान रहेको पाइन्छ। वेद, पुराण, महाभारत, बौद्ध तथा जैन ग्रन्थ अनि साहित्य आदिमा बलिको प्रसङ्ग तथा बलिको उल्लेख पाइएकोले भारतमा प्रचीन समयदेखि विभिन्न रूपमा यस प्रथा कायम रहेको थाह लाग्छ। बाइबलको पुरानो नियम उत्पत्तिको किताब तथा कुरानको बाइस अल्हजमा पनि बलि दिने प्रसङ्गको उल्लेख पाइएकोले यो प्रथा विभिन्न देश तथा जातिहरूमा विद्यामान रहेको थाह लाग्छ।

नेपाली लोकविश्वासमा पनि बलि दिने परम्परा परा-पूर्वकालदेखि नै रहिआएको थाह लाग्छ। यस्तो विश्वास एकातिर लोकविश्वास तथा लोकचिकित्सा आदिका रूपमा विकसित पाइन्छ भने अर्कातिर प्रचीन भारतीय आर्य परम्परामाथिको आस्थाका कारण यो प्रथा विकसित पाइन्छ। नेपाली समाजमा विशेष गरेर शाक्त अनुयायीहरूमाझ यसको बलियो परम्परा पाइएको छ भने नेपाली खस किँरात जात-जतिमा पनि प्राय सबै जातिमाझ यो प्रथा विद्यमान रहेको छ। नरबलिको परम्परा भने नेपाली समाजमा वा लोक परम्परामा पाइन्न। दार्जिलिङ अनि सिक्किम क्षेत्रमा पनि सामूहिक पूजा-आजा गर्दा, भाकल बुझाउँदा अनि कुल वा परिवारको ईष्टदेवलाई रिझाउँदा बलिदिने प्रथा अझै पनि विद्यमान रहेको पाइन्छ। जनावर, पशुपन्छी आदि काटेर पशु बलि दिने गरिन्छ भने फसल उठाएका नयाँ अगौटे बाली आदिलाई पनि अन्न बलिको रूपमा भोग दिने चलन रहेको छ। त्यसरी नै फूल-पाती, धुप तथा सिन्दुर आदि थोकहरूलाई पनि बलिका रूपमा सङ्कल्प गरी चढाइने परम्परा रहेको छ। यहाँको समाजमा बलिको सुदृढ परम्परा रहिआएको पाइए तपनि यसमा केही परिवर्तन आएको पनि पाइएको छ। पशु हत्याको

विरोधमा खडा भएका सङ्गठनहरूको चर्को विरोध, प्रकृति तथा प्राणी संरक्षणबारे उठेका नयाँ मुद्दा तथा कानूनी पहलहरू, आधुनिक शिक्षाको कारण विकसित चेतनाको लहरहरू, लोकमा रहेको अवैज्ञानिक प्रचलनलाई अन्धविश्वास मान्ने नयाँ पिढीमा रहेको लोकआस्थाप्रति उदासीनताका कारण बलिप्रथा असान्दर्भिक हुँदै गइरहेको थाह लाग्छ। आधुनिक तथा वैज्ञानिक सङ्कथनहरू, विभिन्न धर्म तथा धार्मिक सम्प्रदायको अभ्योदय अनि धार्मिक अनुष्ठानमा देखिएको परिवर्तन, भू-राजनैतिक परिवेश अनि सामाजिक तथा अर्थ नैतिक परिस्थितिका कारण जन्मेको नयाँ व्यवस्था तथा जनसङ्ख्या अन्तरमिश्रणले ल्याएको नयाँ संस्कृति आदिका कारण पनि बलिप्रथाको परम्परामा निकै हेरफेर आएको मान्न सकिन्छ। यद्यपि, यो प्रथा अझै पनि अघिल्ले पुस्तामा त्यतिकै सान्दर्भिक र पत्यारिलो संस्कारका रूपमा रहेकै छ। नेपालको गढीमाई मन्दिरमा गत केही महिना अघि पाँचदेखि दश हजारसम्म राँगा, भेडा, बाख्रा, सुँगुर, आदि जस्ता जनावरहरूको हत्या गरी बलि दिएको कुरो फोटो सहित सञ्चार माध्यममा छापिएको घटनाले उक्त कुराको प्रमाण दिएको छ।

सिक्किम अनि दार्जिलिङको नेपाली समाजमा बलिप्रथाप्रति विश्वास अझै पनि रहेकै छ। तथापि पशु बलि दिने चलन भने हट्दै गएको पाइन्छ। उल्लेख्य, एकातिर पशु बलि दिने परम्परलाई नयाँ पिढीले त्याग्दै लगेका छन् भने अर्कातिर राजनैतिक सङ्गठनको प्रभावमा परी राजनैतिक हक अधिकारबारे उपलब्ध प्रावधानको उपभोगका निम्ति वा भनौं जन जातिको मान्यता पाउनका निम्ति यो प्रथा कुनै कुनै ठाउँमा अनि कुनै कुनै जातिमा पुन प्रचलनमा आउन लागेको थाह लाग्छ। जातीय तथा भाषाको राजनीति अनि भौगोलिग इतिहास तथा भारतको संवैधानिक व्यवस्था अन्तर्गत अनुसूची जाति तथा पछौटेवर्ग आदिमा अन्तर्भूक्त हुन राजनैतिक हक अधिकार तथा विभिन्न क्षेत्रमा आरक्षण प्राप्त गर्ने उद्देश्यका कारण आफूलाई पुराना मान्यता, परम्परासित जोडेर पुरानो सांस्कृतिक चरित्रको पुन: प्रचलन गर्ने एउटा नयाँ अध्याय शुरू भएकोले बलिप्रथा र विशेष गरेर पशुबलि दिने

परम्परा पुनः प्रचलनमा आएको पाइन्छ। यस्तो हक अधिकारका निम्ति पशुबलिको पुन : प्रचलन सुरू गरिए तापनि बहुसङ्ख्यकले यसलाई अमानवीय र असान्दर्भिक मान्ने गरेका छन्। सिक्किम अनि दार्जिलिङको नेपाली संस्कृति अन्तर्गत लोकविश्वासका रूपमा विद्यमान रहेको बलिप्रथा विलुप्तिको संघारमा छ भन्न सकिँदैन। तथापि, यसको कार्यविधिमा भने व्यापक परिवर्तन आएको मान्न सकिन्छ।

# सन्दर्भग्रन्थ सूची

## क. नेपाली पुस्तक


१. खत्री. प्रेमकुमार. वि. सं. २०६१. *नेपाली समाज र संस्कृति*, काठमाडौं : साझा प्रकाशन।

२. ताडातिल. जर्ज र अन्य .(सम्पा.) सन् २००५. *आलेख नेपाली भाषा साहित्यमा सांस्कृतिक चिन्हारी,* सोनादा : सलेशियन कलेज।

३. दिवस, तुलसी. वि. स.२०३९. *धिमाल लोकधर्म र संस्कृति*, काठमाडौं : ने. रा. प्र. प्र.।

४. दीवस. तुलसी (सयोजक). वि. सं. २०३५. *नेपाली लोक-संस्कृति - संगोष्ठी* : पृष्टभूमि र परिचय, काठमाडौं : ने. रा. प्र. प्र. ।

१०.प्रधान, कुमार. २०10.*पहिलो पहर,* काठमाडौं : साझा प्रकाशन।

११.प्रधान, कुमार,(सम्पा.). सन् २०५६. सिलुगडी, *सुनचरी* ,(२५जेठ)।

१२.प्रधान, गुप्त. सन् २००८.*धूमिल पृष्ठहरू,* दार्जीलिङ : गामा प्रकाशन।

१३.पाण्डेय, रामनिवास (वि. सं. २०३५). *पश्चिमी नेपालको शैव-शाक्त परम्परा* , नेपाली लोक-संस्कृति-संगोष्ठी, काठमाडौं : ने. रा. प्र. प्र.।

१४.पुलामी, वासुदेव. सन् २००९. *मगर जाति र मगर भाषा,* दार्जीलिङ : मगर संघ भारत।

१५. बन्धू. चूडामणि. वि. सं. २०६६. *नेपाली लोकसाहित्य*, काठमाडौ : एकता बुक्स।

१६. भूजेल. पी. के. र अन्य (सम्पादन टोली). सन् २०१४. *भुजेल नृजातिवर्णन (भूजेल जातिको सामाजिक सांस्कृतिक जीवन पद्धति),* गान्तोक, अखिल सिक्किम भुजेल सङ्घ।

१७. राई, भीमकुमार. (वि. सं.२०७० ). *नेपाली संस्कृति र मष्टो,* काठमाडौं, राई व्रदर्श।

१८. रागमालकश्री, वाराणसी : श्री दुर्ग साहित्य प्रकाशन।

१९. राई, रनबहादुर. (सन् २०११). *राई (वान्तवा) गोष्ठीको रीति-रीवाज* , गोरुबथान : मानवी प्रकाशन।

२०. रोड्रिग, आन्जल मान्युल . सन् २००८ . *प्रायश्चितको विधिद्वारा परमेश्व रसँग मेलमिलाम र येशुको क्रुस*, भजुराम श्रेष्ठ (अनुवादक), काठमाण्डौं, नेपाल फिल्ड अभ्सेभेन्थ-डे एडभेन्टिस्ट।

२१. लुइटेल, तिलकप्रसाद (अनु). वि.सं. २०६३ . *ऋग्वेद* नेपालीमा, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार।

२२. विष्ट. डोबबहादुर. सन् २०१० . *सबै जातको फूलबारी*, काठमाडौं : हिमाल किताब प्रा. लि.।*

२३. शर्मा, गङ्गाप्रसाद. सन् २००९ . *रगतले लेखिएको इतिहास*, खरसाङ : रजनी शर्मा।

२४. शर्मा, डिल्लीराज. वि. सं. २०५२ . *नेपालबाहिर नेपाली साहित्य र संस्कृति* , काठमाडौं : साझा प्रकाशन।

२५. शर्मा, पुष्प. सन् २०१२ . *सिक्किमका नेपाली कविता, विश्लेषण र मूल्याङ्कन* , गान्तोक : साहित्य सिर्जना सहकारी समिति लि. ।

२६. शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल. वि. सं. २०६३. *लोकवार्ताविज्ञान र लोकसाहित्य,* काठमाडौं: विद्यार्थी पुस्तक भण्डार।

२७. सुवेदी, हंसपुरे. वि. स. २०५५. *नेपाली लोकजीवन : लोकविश्वास,* काठमाडौं : साझा प्रकाशन।

**ख. नेपाली पत्र-पत्रिका**

१. कार्की. नवराज(सम्पा). *गरिमा* (वर्ष २३,अङ्क ५, पूर्णाङ्क २६९, वैशाख २०६२), काठमाडौं: साझा प्रकाशन।

२. कुमार प्रधान (सम्पा.). *सुनचरी.* सिलुगढी, २९ मई, १९९९।

३. चामलिङ. पवन(सम्पा.). १९९९. *निर्माण : संस्कृति विशेषाङ्क*, गान्तोक : निर्माण प्रकाशन, वर्ष १९, अङ्क: ३४।

४. पराजुली. पुष्कर(सम्पा.) . सन् २०१३ . *नेपाली लोकवार्ता : अध्ययनलरू,* सिलुगढी : नेपाली विभाग उत्तरबङ्ग विश्वविद्यालय।

५. दाहाल. मोहन पी. (मप्पा.). *नेपाली अकादी जर्नल : नेपाली लोकवार्ता* , नेपाली विभाग : उत्तर बङ्ग विश्वविद्यालय, वर्ष ९, अङ्क ९, मार्च २०१३।

६. ---(सम्पा.). *दैनिक क्रान्तिपुर समाचार पत्र* . काठमाडौं : नेपाल, १३ मंसीर, २०७१, शनिबार(२९ नोवेम्बर, २०१४)।

७. श्रेष्ठ रोदन, श्रीओम.(सम्पा.), *मधुपर्क,* असार, २०६७।

**ग. शब्दकोश**

१. अधिकारी. हेमाङ्गराज. (सम्पा.). २०६६. *प्रयोगात्मक नेपाली शब्दकोश,* काठमाडौं: साझा प्रकाशन।

२.त्रिपाठी, वासुदेव र वल्लभमणि दाहाल (सम्पा.). वि. सं. २०४०. *नेपाली बृहत् शब्दकोश,* काठमाडौं : ने. रा. प्र. प्र. ।

**घ. हिन्दी पुस्तक**

१. उपाध्याय. कृष्णदेव. सन् १९८८. *लोकसंस्कृति की रूपरेखा* , इलाहावाद : लोकभारती प्रकाशन।

२. उपाध्याय. कृष्णदेव. सन् २०१०, *लोक साहित्य की भूमिका* , इलाहाबाद : साहित्य भवन प्रा. लि.।

३. उप्रेती. कुन्दन लाल. २०००. *लोकसाहित्य के प्रतिमान,* अलीगढ़: भारत प्रकाशन मन्दिर।

४. सांकृत्यायन. राहुल. सन् १९५०. *दोर्जेलिङ्-परिचय,* कलकत्ता : आधुनिक पुस्तक भवन।

५. सत्येन्द्र. सन् २००६. *लोक साहित्य विज्ञान,* जोधपुर : राजस्थानी ग्रन्थगार।

६. शर्मा. हरद्वारी लाल. सन् १९९०. *लोकवार्ता विज्ञान* (खण्ड-एक-दुई), लखनाऊ : दया प्रकाश सिन्हा।

**ग. अङ्ग्रेजी पुस्तक**

१. Gulia. K.S. 2007. *Folk Medice of Himalaya* , Delhi : Isha Books.

२. Janases chapter 22 vers. 1996. Life application study baible- New Living translation, Illinois- Tyndeall House, publication. Inc.

३. Miller. Casper, J. 1997. *Faith- Helers in The Himalaya*, Delhi: Book Faith India.

४. Pinn. Fred. 1986. The Road of Destiny: Darjeeling Letters 1839. Calcutta: Oxford University Press.

५. Winterity. Maurice. 1991. History of Indian Liretarure, Delhi: Munshiram Manoharlal Publishers pvt Ltd.(VOL-I&II).

६. Risley, HH, Reprinted BRPC 2010, *The Gazetteer of Sikkim*, Delhi : BR Publishing Corporation.

७. Thapa, kalian. 1999. History of india, Darjeeling : Sajha Pustak prakasha.

८. Yusuf ali, Abdullah. 2002. *THE HOLY QUR'AN* : Complete translation with selected notes, U.K.: The Islamic foundation.

९. Baber, Zaheer. 1998. *The Science of Empire Scincetific knowlage: Civilization and Colonieal Rule in India,* Delhi : Oxford Uneversity Press.

१०. Thapper, Romela and Other. 2009. *India : Historical begening and concept of the Aryan,* New Delhi: National Book Trust.

## घ. विद्युतीय सन्दर्भ

१.एन. जिन्पा. गुरु रिम्पोचे एन्ड हिज भिजिट टु सिक्किम-

(http://www.thlib.org/static/reprints/bot/bot१९९५.०१.१३.pdf)(२९जनवरी,२०१५

२.तिवारी, राम केश्वर, 'भारतीय संस्कृति के मूल तत्व ', सुमन कुमार घई (सम्पा.), *साहित्यकुञ्ज*,वर्षः१०,अङ्कः९७,१२जनवरी,२०१५। स्रोत.http://www.sahityakunj.net/LEKHAK/R/RamkeshwarTiwari/bhartiya_sanskriti-ke mool Tatty shodn ibandh. htm.

३.स्रोत:http://hindi.webdunia.com/cheitra-navarspecial/24/12/2014,03:45 (दिनाङ्कः२४.१२.२०१४)

४.स्रोत-http://rajasthanpatrika.patrika.com/story/india/6-persogetsDeath-sentence-for-human-sacrifice1221276-413040. Html.(12/12/14)

५.स्रोत-http://hindi.webdunia.com/indian-religion-tantra-mantra/अमावस्या-का-भोज-और-नरबलि-1100519000181htm.(25/12/14)

६.स्रोतhttp://khabar.ndtv.com/topic/%E0%A4%A8%E0%A4%BE%E0%A4%B8%E0%A4%BF%E0%A4%95%E0%A4%AE%E0%A5%87%E0%A4%82%E0%A4%A8%E0%A4%B0%E0%A4%AC%E0%A4%B2%E0%A4%BF(05/01/15)

७.स्रोत-http://www.amarujala.com/news/spirituality/inner-journey/every-person-is-the-child-of-god/ विपिन बिहारी पाराशर , (2007), त्रिपुरा में यूं समाप्त हुई थी नरबलि परम्परा, http://panchjanya. com/arch/2007/6/3/File39. htm.(५, जनवरी,२०१५)

८.स्रोतhttp://www.bbc.co.uk/hindi/india/2014/03/140326_hanging_death_sentence_narbali_rd(५ जनवरी, २०१५)

९.स्रोत-http://www.bhaskar.com/news/UT-CHD-satlok-ashram-human-sacrifice-case-hearing-posponed-4895644-NOR. Html(२६ नवम्बर २०१४)

१०.स्रोत-http://www. bbc. co. uk/nepali/news/2014/11/141128_gadimai_festival.(१२ नवम्बर २०१४)

११. Namgyal. Hope. The Sikkimese Theory of Land-Holding and The Darjeeling Grant.Bulletion of Tibetology. VOL-III.NO.2.July,1966.pg.4648.(११ नवम्बर,२०१४)

स्रोत-(http://www.darjeelingunlimited.com/doc/Namgyal_Cooke_Darjeeling_Grant.pdf)(२९जनवरी,२०१५)।

१२.स्रोतhttp://www.ncbc.nic.in/User_Panel/GazetteResolution.aspx?Value=mPICjsL1aLsuCuiz9sxodXx6rFC7RUTUvlHaQtBWSyBHVa76XuZb4R%2b%2f%2fKeEJEg5(२१,जनवरी,२०१५)।

१३.स्रोतhttp://www.ncbc.nic.in/User_Panel/GazetteResolution.aspx?Value=mPICjsL1aLtyrH%2f%2bDSbAgNoR0h2h4KvbpY4xvmgWLOV%2fudHiDxydHNXHzDhDEM7w(१८,जनवरी, २०१५)।

१४.स्रोतhttp://www.ncbc.nic.in/User_Panel/GazetteResolution.aspx?Value=mPICjsL1aLvrfca7yFSI%2f925Go7SY993ZChl0kz2oS9BDho5yW6YzWp9nqk04IPG (१०,जनवरी, २०१५)।

१५.स्रोतhttp://www.ncbc.nic.in/User_Panel/GazetteResolution.aspx?Value=mPICjsL1aLvc9RSFjECBJsySVMNL%2fj3S6wAAehfUWV70zN1yNiluL2YX0qDoeqdW(१५ दिस्मबर २०१४)

१६.स्रोतhttp://www.ncbc.nic.in/User_Panel/GazetteResolution.aspx?Value=mPICjsL1aLsuCb9GxzA3FUXPNZAkS8Kjeopblrb6yRBnt189EacjOqOEwzCPBXkv(१२ जनवरी, २०१५)

# परिशिष्ट - १

## अन्तरवार्ता

### अन्तरवार्ता - १

नाम - नरकुमार राई        दिनाङ- १७.०१.२०१५।

उमेर- ६७

ठेकाना - सुवुक,  दक्षिण सिक्किम।

नागी पूजा  - नागी देवतालाई गरिने पूजा हो। नागी देवताबाट राई जातिको उत्तप्ति भएको कारण आफ्ना कूलदेवता हो भन्ने राई जातिमा विश्वास रहेको छ। यस पूजा राई जातिका उमेरले पाको व्यक्तिले गर्ने गर्छन् जसलाई सपनामा कूल देवताबाट अनि जान्ने व्यक्तिहरूबाट गर्ने आज्ञा दिएपछि मात्र त्यस व्यक्तिले पूजा गर्न पाउँछन्।

यस पूजामा नयाँ अदुवा, एउटा चिण्डो, चामल र कुखुराको भोग चढाउँछन्। यो पूजा पिता पूर्खाबाट नै गरिल्याएको  हुनाले हामी राई जातिले गर्छौं। घरका कूल अथवा देवीदेवतालाई पशुपन्छीको भोग पिता पूर्खाबाटनै दिइन्दै ल्याएको हुनाले वर्तमानसम्म हामीले पनि भोग दिन्छौ

राई जातिमा नागी देवता, चुल्हा पूजा, मलो, आठने, यादुमे, पोयमे, थामसिमे आदि कूल, देवीदेवताहरूलाई वर्षमा ६-७ वटा जति कुखुराहरूको भोग दिइन्छ।

संसारी पूजा, देवीपूजा, चण्डी पूजा जस्ता पूजाहरू गाउँका भीर पाखामा रहेका देबी-देवताहरूलाई पूजा गरिन्छ। यी पूजाहरूमा फलफूल, पान सुपारी, अन्नबाली, ध्वाजा, सिन्दुर आदिहरू चढाउँछन्। यी देवीदेवताहरूको पूजा नगर्दा रूगा मार्गी, हैजा, पैह्रो, सुकाउँरो, अनिकाल लाग्च भन्ने विश्वास रहेको छ। गाउँ घर प्राकृतिक प्रकोपबाट बाँच्नलाई पनि यी देवीदेवताहरूलाई नियमित रूपमा पूजा आर्चना गर्ने परम्परा रहेको छ।

चूल्हा पूजामा अदुवा, कोदोको जाड चढाउँचन् भने कतिले कुखुराको पनि बलि दिँदछ। कतिले घर पैचौ गर्दा पनि कुखुरालाई भोग दिइ बुडापाखालेमात्र खाने चलन रहेको छ।

- राई जातिमा प्रचलित बलिप्रथालाई निरन्तरता दिनु उचित छ ?

- यस बारे म केही निश्चित त भन्न सक्दिँन तर आफू बाँचिन्जल चाहिँ गर्ने अटोट गरेको छु।आफ्ना कूल गर्दा पिता पूर्खाबाट गरिन्दै ल्याएको नीति नियमलाई बद्लाउँन भन्दा त्यही निती नीयमलाई नै निरन्तरता दिनु उचित लाग्छ र उचित पनि हो।

**अन्तरवर्ता - २**

ता. २४.१२.२०१४

नाम - चुकसाम्बा लिम्बू

उमेर - ७० वर्ष

ठेकाना - चारघारे बस्ती, बिजनबारी, दार्जीलिङ।

पेशा - खेती अनि फेद्ङबा।

प्र. लिम्बू जातिमा बलि पूजा कति प्रकारका रहेका छन् हजुरको जानकारीमा ?

उत्तर - मेरो जानकारीमा लिम्बू जातिमा दुङ्दुङ्गे पूजा, मङ्गेना, तङ्सीन, नाहेन, आठने, आइतबारे, नुवाङ्गी, देवीपूजा, हिम्माङ्ग, गोठपूजा आदि जस्ता पूजाहरू छन्।

प्र. हजुरले भन्नु भएको दुङ्दुङ्गे पूजा के हो ? यस पूजा कहिले, कुन समय र के-को बलि दिइन्छ ?

उत्तर - यो पूजा विशेष लिम्बू जालिको मादेन साम्बा थरले मात्र गर्दछन्। यस थरका चेलीबेटी कुटुम्बा गएपछि आफ्ना लोग्नेको घरमा पनि गर्नु पर्दछ। यो पूजा एउटा कूलपूजा हो र यो विशेष तीन वर्षको अन्तरालमा गरिन्छ। मङ्गसीर वा पूस महिनामा विधिपूर्वक गरिनु पर्दछ। यस पूजामा तीन वर्षको बोको र भालेको बलि दिँदछ। साथै कोदो र धानको पिठोको तोरमा (जम्मा ५२ वटा) पनि चाहिन्छ। बोको र

भालेको मुटु निकालेर दाहिने पट्टिको तोरमामा बोकोको मुटु र देब्रे पट्टिको तोरमामा भालेको मुटु चढाउँनु पर्दछ।

प्र. यस पूजामा पशुपन्छी बाहेक अरू थोक पनि चढाउँनु पर्दछ ?

उत्तर - यो पूजामा आवश्यक थोकहरूमा तोरमा धान र कोदोको पिठोको जम्मा ५२ वटा चाहिन्छ। धान र कोदो वाहेक फापर, चिउँरा, टोटोलाको फूल, देवता थान भरीको सेतो र रातो कपडा, च्यापरूङ्ग(एक मीटर सेतो कपडा), थुम्चे(दुइ मिटर सेतो कपडा), काठको बन्दुक (दाहिने र देब्रेपट्टि राखिन्छ)।

प्र.- दुङ्दुङ्गे विशेष कुन देवता मानिन्छ ?

उत्तर - यो देवता विशेष नेपालको मेवा खोलाको फङ्फङ् भन्ने ठुँमा उत्पत्ति भएको देवता हो र यस देवतालाई पगला देवता पनि भनिन्छ। यस देवताको उत्पत्तिको कथा धेरै लामो छ तर तपाईले यतिमात्र बुझि राख्नु राम्रो हुन्छ।

प्र.- यो पूजामा बलि दिन नै पर्छ ? बलि नदिइ गर्न सकिन्दैन हजुरको विचारमा ?

उत्तर - मान्छेले जबदेखि यो पूजा गर्दै ल्याए त्यस समयदेखिको बलि दिँदै ल्याएको हुनाले नदिन अप्ठ्यारो हुँदछ। अझ यस देवता अघि भनि हाले नि पगला देवता हो। पूजा गर्दा केही बिथोल भयो भने घरको परिवारमा अनिष्ट हुन्छ। अनिष्ट भएको मैले अनुभाव गरेको छु।

प्र - यो पूजा कुन कुन ठाउँमा गरिन्छ हजुरको जानकारी अनुसार ?

उत्तर - म आफै पनि फेदङ्बा भएको नाताले वा मैले गरि ल्याएको ठाउँहरूमा नयाँ नोर भेली, मुरमीदाङ्, नेजी, लिङ्तेन अनि सिक्किमको दरामदिन, सोमबारे भन्ने ठाउँहरूमा पनि यो पूजा अझसम्म गरिन्छ। साथै मादेन साम्बा र कुटुम्बा भएको ठाउँहरूमा पनि अझ सम्म गरिन्छ भन्ने सुन्छु।

प्र. तङ्गसीङ्ग पूजा भनेको के हो र यसमा के-को बलि दिइन्छ ?

उत्तर -

प्र. हजुरले भन्नु भएको नाहेन पूजा के हो ? र यसमा के-को बलि दिँदछ ?

उत्तर - यो पूजा लिम्बू जातिको प्राय : सबै थरहरूले गर्ने पूजा हो। लिम्बू जातिमा आँखी(रूपियाँ पैसा, धन-सम्पत्ति), गाली-गलौच, भनाभैरी नलागोस् भनी नाहेन देवतालाई भालेको बलि दिँदछ।

प्र. - आठाने पूजा के हो , किन गरिन्छ अनि के-को बलि दिँदछ ?

उत्तर - आठने देवता पशु-प्राणीको देवता हो। लिम्बू जातिले पशु-प्राणी पाल्दछन् यसर्थ यसको पूजा गर्न अनिवार्य हुँदछ। यस पूजामा रातो भाले र ५० पैसा चाहिन्छ। यो पूजा घले, गुरूङ, मगर जातिले पनि गर्दछ।

प्र. - नुवाङ्गी पूजा भन्नाले के बुझिन्छ ? यो पूजा कुन देवीदेवतालाई अनि कुन समयमा गरिन्छ ?

उत्तर - जब बारी वा खेतमा अन्नबाली पाकिसकेपछि घरको भित्री युमासाम, थेबासाम, थाकथुक्पा, मुदेङ्बा, शिकारी आदिलाई आफूले खानभन्दा अघि यी घरको र बनको देवताहरूलाई सर्वप्रथम चढाउँन पर्छ अनिमात्र खान हुन्छ भन्ने हाम्रोमा लोकविश्वास छ यसर्थ यो पूजा गरिन्छ। यसमा कुखुरा र अण्डा(लगाउनेले), नयाँ धानर कोदो पकाएर चढाउँदछ।

प्र. - यस क्षेत्रमा सामुहिक बलि दिने परम्परा रहेको छ ? यदि छ भने कुन-कुन पूजाहरू दिइन्छन् ?

उत्तर - तङ्सीङ्ग, देवीपूजाहरूलाई सामुहिक रूपमा दिइने बलि भन्न सकिन्छ। यी पूजाहरूमा सामुहिक रूपमा भेला भएर बाख्रा, कुखुरा, परेवा, अण्डा, पान-सुपारी, तुलफूल, मिठाई, धुप, ध्वाजाहरू आफ्ना आराध्य देवीदेवताहरूलाई अर्पण गर्छन्।

प्र. - हजुरको बिचारमा लिम्बू जाति अथवा कुनै पनि जातिमा बलिप्रथालाई निरन्तरता दिनु उचित मान्नु हुन्छ कि अनुचित ?

उत्तर - मेरो निजी बिचारमा समय अनुसार हरेक कार्य-कलापमा परिवर्तन आएको राम्रो हो। यो बलिप्रथा पुस्ता-पुस्तादेखि चलि आएको हुनाले वर्तमानमा आएर अनुचित हो भन्न सकिन्दैन। हाम्रा पिती-पूर्खाले गरिल्याएको हुनाले निरन्ताता दिनुनै राम्रो हो तर समय सान्दर्भिक संसोधन गरी जस्तै पशुपन्छीको भोग दिनै पर्नेमा मात्र दिएर

अरू पूजाहरूमा हुन सक्छ भने अरू फलफूल, धुप-धुवार, पान-फूल आदिले पूजा गर्न उचित होला मेरो विचारमा।

**अन्तरवर्ता -३**

नाम - चवन छेत्री दिनाङ - २२.१२.२०१४ ।

उमेर - ७५ वर्ष

ठेकाना - सुन्तले, लवर पायुङ्ग, दक्षिण सिक्किम ।

प्र.- यस भेगमा बलिप्रथा प्रचलित रहेको छ ?

उत्तर - यस भेगमा पहिले भन्दा धेरै कम्ती मात्रामा बलिप्रथा रहेकै छ ।

प्र. - पहिले भन्दा बलिप्रथा धेरै कम हुनको कारण के हुनसक्छ तपाईको विचारमा ?

उत्तर - पहिले पहिले पिता पूर्खाहरूले कुखिरा, बाख्राहरूको नियमित रूपमा बलि दिने गर्थ्यो । त्यस समयमा मान्छे कम्ती भएकाले चीज-बीचको भाव (दाम) कम्ती थियोतर वर्तमानमा भने बस्तुपातको भावले आकास छुएको छ त्यसले गर्दा पनि नियमितरूपमा गर्न नस्कने भएर यस्ता प्रथाहरू छाड्दै ल्याएको हो जस्तो लाग्छ ।

प्र. - तपाई गाउ-घरमा बिजुवा काम पनि गर्नु हुन्छ रे ? यस भेगमा विशेष कुन कुन पूजाहरूमा बलि दिइन्छन् ?

उत्तर - कूल पितृ, संसारी पूजा, देवीपूजा आदि पूजाहरूमा भोग दिने गरिन्छ । कूल पूजा (छेत्री, बाहुन)-मा खीर पकाएर गरिन्छ । संसारी पूजामा गाउँका बुढा-पाकाबाट तय गरी पान - सुपारी, फलफूल, मिठाई आदि लगाउँछ भने कतिले बाख्रा, परेवा, अण्डा पनि लगाउँछन्। देवी पूजामा दुध, कालो पाठीलाई सिंह देवीको नाममा बलि दिइन्छन्।

प्र. - तपाईको विचारमा यी पूजाहरूमा पशुपन्छीको बलि दिनु उचित लाग्छ ?

उत्तर - हाम्रा पिता पूर्खाको लोकविश्वासबाट गरिल्याएको प्रथाहरू हो । हाम्रा पूर्खाले प्रकृतिक भयंकर प्रकोप देखे र भोगे होलान् । अनि त वर्षमा प्रकृति र देवीदेवतालाई पुज्नलाई संसारी पूजा गरे होलान् । त्यसरी नै देवीपूजा, कूल पितृ, आआफ्ना निजी देवीदेवताहरूलाई पुज्ने गरे होलान् । यसरी प्रकृति, कूल, पितृ, देवीदेवताहरूलाई नियमित रूपमा पूजा, आराधना गर्दा मनमा सन्तोष र ढुक्क अनुभाव गर्थे होलान् र नै यस्ता पूजाहरू प्रचलनमा आएको हो भन्ने लाग्छ । कतिपय नीति नियम समयानुसार बद्लाएर जति सक्दो परम्परालाई निरन्तरता दिएको नै राम्रो लाग्छ ।

**अन्तरवर्ता -४**

नाम - तिलराज लिम्बू        दिनाङ        - ०४.१२.२०१४।

उमेर - ९० वर्ष

छेकाना - अप्पर नोर बस्ती, बिजनबारी, दार्जीलिङ।

प्र. - लिम्बू जातिमा बलिप्रथा रहेको छ ? छ भने कति प्रकारका छन् ?

उत्तर - लिम्बू जातिमा बलिप्रथा वा बलिपूजा रहेको छ। कुखुरा, बाख्रा, परेवा जस्ता पशुपन्छीहरूको बलि दिन्छन् भने धान, कोदो, मकै, फापर, फलफलारमा काक्रा, फर्सी, कुविण्डो, लौकाहरूको एकप्रकारले भनौ बलिनै दिन्छन्।लिम्बू जातिमा फलफलार, अन्नबाली घरको देवता(कूल पितृ)-लाई सर्वप्रथम चढाएर मात्र खाने गरिन्छ।कतिपय पूजाहरूमा जस्तै मारहान्दा, खड्को काट्दा फर्सी, लौका, काक्रा, कुविन्डो, घिरौलाहरूलाई पशुको रूप दिएर बलि दिने गरिन्छ। एक प्रकारले यी सबै नै त बलिपूजाहरू मान्न सकिन्छ। युमासाम, थेबासाम, नेवाङ्गी, देवीपूजा, संसारी पूजा यी सबै बलिपूजाहरू हुन्।

प्र. -  युमासाम र थेबासाम पूजा भन्नाले कस्तो पूजा हो ?

उत्तर - अब लिम्बूहरूको बुडी बोज्यु र बुडोबाजे पूजा भनेको हो। यी देवताहरू घरको सबै भन्दा जेठो देवताहरू हुन्। नेम्बाङ् थरले थेबासाम( बुडोबाजे) र चेम्जोङ थरले युमासाम(बुडी बोज्यु)- लाई पुज्ने गर्छन्।

प्र. - थेबासाम र युमासामका पूजामा के के चढाउँछ वा बलि दिन्छ ?

उत्तर - सुगुर चाहिँ यी पूजाहरूमा लगाउँनु नै पर्छ। अरू पशुपन्छीहरू चाहिँ लगाउँदा पनि हुन्छ नलगाउँदा पनि हुन्छ। लिन्बू जातिले गर्ने हिम्नारसेमा पूजा नै युमा पूजा हो। यस पूजा फलफार, धुपध्वार, मेवामिष्ठानले पनि गरिन्छ।

प्र. - लिम्बू जातिका सबै थरहरूले गर्ने पूजाहरू के के हुन् ?

उत्तर - लिम्बू जातिका प्राय : सबैले गर्ने पूजाहरूमा नेवाङ्गी, हिम्नारसेमा, हिम्माङ, माङ्गेना, गोठपूजा, मार पनि हानिन्छ।

प्र. - नेवाङ्गी पूजा भन्नाले कस्तो पूजा हो ?

उत्तर - अन्नबाली, फलफलार पाकेपछि सबैभन्दा पहिला घरको देवीदेवतालाई चढाएरमात्र आफूले खाने परम्परा छ। यसर्थ आफ्ना बारी, खेतमा पाकेको अन्न, फलफलारहरू घरकोदेवीदेवतालाई चढाउँन गरिने पूजा नै नेवाङ्गी पूजा हो।

प्र. - हजुरले भन्नु भएको आछाने पूजा कस्तो पूजा हो ?

उत्तर - मैले सुनी र बुझी ल्याएकोकोमा आठने देवता राईहरूको देवता हो। यस देवतालाई लिम्बू, गुरूङ, घले, मगरहरूले पनि मान्ने गर्छन्। यो पूजा विशेष बायु पूजा हो। यस पूजामा रातो भाले र आठआना(५० पैसा) चाहिन्छ। भनै रातो भालेको बलिदिएर गरिने पूजा हो।

प्र. - हजुरले उल्लेख गर्नु भएको हिम्नारसेमा पूजा के हो अनि यस पूजामा के-केले पूजा गरिन्छ ?

उत्तर - लिम्बू जातिका कुनै पनि परिवारको सदस्य घरदेखि बाहिर जाँदा गरिने पूजा हो। भूत-प्रेत, देवीदेवता आदिले परदेश जाने व्यक्तिलाई दु :ख-कष्ट नदियोस् भनी सबैलाई मन्साएर गरिने पूजा हो। यस पूजामा जाँड(कोदोको), कुखुरा चढाउँनु पर्छ।

प्र. - हजुरको विचारमा लिम्बू जातिमा प्रचलित बलिप्रथा /बलिपूजाहरूलाई निरन्तरता दिनु उचित होला ?

उत्तर - अब हाम्रा पिता पूर्खाबाटै गरिल्याएको प्रथालाई नमान्नु त कदापि उचित होइन

। तर कतिपय कठोर र असान्दर्भिक नीति-नियमलाई भने समय अनुसार बद्लाउँनु आवश्यक रहेको छ। हाम्रा पिता पूर्खाहरूले धुमधामसंगले बाख्रा, भैसी, राँगाहरूको बलि दिन्थ्यो भने अहिलेको समयमा ती सबै थोकहरू जुटाउँनु गाह्रो छ। यसर्थ बोका, पाडा, भैसी, सुगुरको बद्लीमा फर्सी, कुविन्डो, काक्राहरूको बलि दिएर ती पूजाहरूलाई निरन्तरता दिनु चाहिँ उचित हो जस्तो मलाई लाग्छ।

# परिशिष्ट २

# तस्वीरहरू



चित्र-१ **मार हान्नलाई राखिएको पशुहरूको प्रतीक स्वरूप।**



चित्र - २ दार्जीलिङ, बिजनबारी, अप्पर नोर बस्तीमा मार हानेको दृश्य ।



चित्र - ३ राई जातिको चुल्हा ढुंगा, माङ्पा संग्रामसिह राई, (थुलुङ) ।



**चित्र न. ४** कोदो र धानको नुवाङ्गी गर्दा बलिबेदीमा चढाएको कोदोको जाड र नयाँ धानको चामल (भात) अनि अण्डा।




चित्र ५- नरकुमार राई, ६७ वर्षीय, सुबुक बस्ती, सिक्किम निवासी।



चित्र ६- तिलराज लिम्बू, ९० वर्षीय, अप्पर नोर, बिजनबारी, दार्जिलिङ।



चित्र ७- दिलबहादुर बराइली, ७९ वर्षीय, गैरी गाउँ, बिजनबारी, दार्जिलिङ।



चित्र- ८ नरबहादुर राई (रीमदीन, वान्तवा), ७५ वर्ष, लोवर पायुङ्ग, दक्षिण सिक्किम।



चित्र ९- विष्णु थापा (लामिछाने), ७६ वर्ष, तोग्दे, कोलथाङ्, दिक्षिण सिक्किम।



चित्र- १० भीम बहादुर गुरूङ, ५६ वर्ष, लिंगसे तागाथाङ, कालेबुङ, दार्जिलिङ।




चित्र ११-  डाली पुलिस स्टेसनमा मारहान्दै गरेको दृश्य।



चित्र १२- पहलमान पौड्याल, ८० वर्ष, लोवर कोलथाङ्, सिक्किम ।



चित्र न. १३ बलिबेदीमा चढाउँनलाई फेदाङ्मा र सयोगीले कुखुराको भालेको टाउँको छिनाउँदै गरेको दृश्य।



चित्र-१६ मन्दिरमा बोकोको बलि दिएर झाँक्रीहरूले रगत चुस्दै गरेको दृश्य।